सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ असोज २०८२, बिहीबार (25 Sep 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १६५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ शक्ति केन्द्रीकरण गर्न ओलीले प्रधानमन्त्री कार्यालयमातहत लगेका तीन निकाय


साढे सात वर्षपछि फर्काइए सम्बन्धित मन्त्रालयमै



■ मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ-

सुरक्षा संवेदनशीलता, कार्यसम्पादन प्रभावकारिता, सुरक्षा निकायबिच समन्वय, विगतको अभ्यास र इन्टेलिजेन्स एक्सिलेन्सका लागि राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयमातहत राख्ने व्यवस्था मिलाउने। राजस्व चुहावटको प्रभावकारी नियन्त्रण तथा मुलुकलाई सम्पत्ति शुद्धीकरणको बद्दैे गएको निगरानी सूचीबाट बाहिर निकाल्न अन्तर्राष्ट्रिय अभ्यास, कार्यप्रकृति, कार्यसम्पादन प्रभावकारिताका दृष्टिकोणले राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालयमातहत ल्याई पुनर्संरचना गर्ने व्यवस्था मिलाउने।

■ पूर्वसचिव शारदाप्रसाद त्रिताल भन्छन्-



मुलुकको अन्तिम जिम्मेवारी कार्यकारी प्रमुखमा हुन्छ। उसलाई सूचनाहरू आवश्यक हुन्छ। यी संयन्त्र पवित्र उद्देश्यले राम्रोसँग सञ्चालन गर्ने हो भने कार्यकारी प्रमुखलाई भ्रष्टाचारविरुद्ध कदम चाल्न निकै सहजीकरण हुन्छ। तर, यहाँ त यसको दुरुपयोग भएकाले समस्या आएको हो। राजस्व र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग त उल्टै प्रधानमन्त्री र उनका परिवारका सदस्य र आसेपासेलाई कमाउन सघाउने निकायको रूपमा परिणत गराइएको छ। यी निकाय पैसा उठाउने अड्डा बने। सत्ताले दुरुपयोग गर्दा बिग्रिएको हो।

नयाँ पत्रिका

शक्ति केन्द्रीकरणका लागि तत्कालीन प्रधानमन्त्री केपी ओलीले ०७४ मा गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय अनुसन्धान विभाग तथा अर्थ मन्त्रालयअन्तर्गतका राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमातहत लगेका थिए। जेन-जी आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले यी शक्तिशाली 'इन्टेलिजेन्ट युनिट' साढे सात वर्षपछि सम्बन्धित मन्त्रालयमै फिर्ता गर्ने निर्णय गरेको छ। सरकारले आइतबारको मन्त्रिपरिषद्बाट गरेको निर्णय बुधबार सार्वजनिक गरेको हो।

अघिल्लो कार्यकालमा प्रधानमन्त्री नियुक्त भएलगत्तै कार्यविभाजन नियमावली संशोधन गरेर १६ फागुन ०७४ मा ओलीले गुप्तचर संयन्त्रलाई थप प्रभावकारी बनाउने भन्दै राष्ट्रिय अनुसन्धान, राजस्व अनुसन्धान र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग आफ्नो कार्यालयमातहत खिचेका थिए। प्रधानमन्त्रीको कदमको त्यतिबेलै सर्वत्र आलोचना भएको थियो। नभन्दै प्रधानमन्त्रीले मातहत ल्याएका ती विभागले आफ्नो प्रभावकारिता देखाउन

» पृष्ठ २ मा क्रमशः

■ प्रधानमन्त्री कार्यालयअन्तर्गतका ११ विभाग तथा निकाय छैनन् प्रभावकारी

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ ले प्रधानमन्त्री कार्यालयअन्तर्गत ११ विभाग तथा निकाय तोकेको छ। त्यसमा राष्ट्रिय सतर्कता केन्द्रले भ्रष्टाचार नियन्त्रणका लागि प्रवर्द्धनात्मक तथा निरोधात्मक प्रकृतिका कार्य गर्दै आएको छ। भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपले नियन्त्रण गर्न तथा त्यसविरुद्ध जनचेतना जगाउन निरोधात्मक र प्रवर्द्धनात्मक गतिविधि गर्ने अधिकार कानुनले केन्द्रलाई दिएको छ। तर, कानुनी क्षेत्राधिकार र जिम्मेवारीबमोजिम केन्द्रले काम गर्न सकेको छैन। कमजोर र न्यून जनशक्ति, फितलो छानबिन तथा अनुसन्धानबिच छिटपुट अनुगमन र गोष्ठीमा केन्द्रित केन्द्रले आफ्नो बलियो उपस्थिति साबित गर्न सकेको छैन। केन्द्रमा परेका अधिकांश उजुरी पनि तामेलीमा राख्ने गरिएका छन्।

प्रधानमन्त्री कार्यालयमातहतकै नेपाल ट्रस्टले मातहतको सम्पत्ति दुरुपयोग हुँदा पनि त्यसको नियन्त्रणमा प्रभावकारी काम गर्न सकेको छैन। पूर्वराजपरिवारका सदस्यका नाममा रहेको सम्पत्ति राज्यका नाममा ल्याएर सदुपयोग गर्न स्थापना गरिएको ट्रस्टले उद्देश्यबमोजिम काम गर्न सकेको छैन।

त्यस्तै, राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, नीति अनुसन्धान प्रतिष्ठान, लगानी बोर्ड नेपाल र राष्ट्रिय तथ्यांक कार्यालय पनि प्रधानमन्त्री कार्यालयमातहत नै छन्। यी निकायको काम पनि सन्तोषजनक छैन।

कार्यकर्ता भर्ती गरेर भइरहेको ढुकुटीको दोहन रोक्न सरकारको 'बोल्ड' निर्णय

देशका प्रधानमन्त्रीदेखि स्थानीय तहका वडाध्यक्षसम्मले स्वकीय, सल्लाहकार र विभिन्न नियुक्ति गरेर वार्षिक अर्बौं सकाउँदै आएकामा नागरिक सरकारले भिभिआइपी र मन्त्रीबाहेकको स्वकीय र सल्लाहकार सुविधा गरिदियो खारेज

■ यसरी हुँदै आएको थियो राज्यकोष दोहन, अब यसरी रोकिँदै छ

- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, संघ तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज।
- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेक संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति नगर्ने।
- संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐनअनुसार हाल संघीय सांसदले शाखा अधिकृतसरहको स्वकीय सचिव राख्दै आएका छन्। जसको मासिक तलब मात्रै ४३ हजार ६८९ रुपैयाँ हुन्छ। प्रतिनिधिसभामा २७५ र राष्ट्रिय सभामा ५९ सदस्यीय रहेकामा हाल प्रतिनिधिसभा भने विघटन छ। जीवितै रहेको राष्ट्रिय सभाका सांसदले पनि अब स्वकीय पाउँदैनन्।
- प्रदेश सभामा पनि सांसदहरूले स्वकीय सुविधाको उपभोग गरिरहेका छन्। अहिले सातै प्रदेश सभामा ५५० सांसद छन्। ६ वटा प्रदेशमा सांसदलाई नायब सुब्बा (नासु) सरहको स्वकीय राख्ने व्यवस्था छ भने मधेशका सांसदले शाखा अधिकृतसरहको स्वकीय सुविधा पाउँछन्। हाल नासुको तलब स्केल मासिक ३४ हजार ७३० रुपैयाँ छ। अब यो सुविधा पनि खोसिएको छ।
- सरकारले स्वकीय राख्न पाउने पदाधिकारीलाई उक्त सुविधाको सीमा पनि तोकिदिएको छ। मन्त्रिपरिषद्को निर्णयमा नेपाल सरकार र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीनजना मात्र नियुक्ति गर्न सक्ने उल्लेख छ। २९ भदौ ०६८ मा मन्त्रिपरिषद् बैठकले स्वकीय सचिवालयमा मन्त्री तथा राज्यमन्त्रीलाई सात-सात कर्मचारी राख्ने सुविधा स्वीकृत गरेको थियो। कतिपय मन्त्रीले ९-१० जनासम्म पनि स्वकीय भर्ना गरेका थिए।
- स्वकीय सचिवालयलाई मन्त्रालयमै कार्यकक्ष राख्ने परिपाटी पनि सरकारले खारेज गरेको छ। यस्ता कार्यकक्ष राख्न नदिने मात्रै होइन, कर्मचारीलाई सवारीसाधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने निर्णय गरेको छ।
- संघदेखि स्थानीय तहसम्म स्वकीयसँगै सल्लाहकारको पनि बेथिति रहेकामा त्यसलाई रोक्ने गरी मन्त्रिपरिषद्ले निर्णय गरेको छ। निर्णयअनुसार अब भिभिआइपीबाहेकले सल्लाहकार नियुक्ति गर्न पाउँदैनन्। महालेखापरीक्षक कार्यालयको ६२औँ वार्षिक प्रतिवेदनअनुसार ०८०/८१ मा १५२ स्थानीय तहले कानुनविपरीत स्वकीय सचिव र सल्लाहकार नियुक्त गरी तलबमा आठ करोड १२ लाख खर्चिएका थिए।
- विभिन्न मुलुकका लागि खटिने सरकारका प्रतिनिधिलाई राजदूतको नियमअनुसारबाहेक माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा पनि खारेज भएको छ। सार्वजनिक संस्थानमा रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने व्यवस्था गरिएको छ।



सुवास भट्ट/नयाँ पत्रिका

जेन-जी आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले राजनीतिक नियुक्तिका नाममा कार्यकर्ता भर्ती गरेर हुँदै आएको राज्यकोषको दोहन रोक्न 'बोल्ड' निर्णय गरेको छ। संघ मात्रै होइन, प्रदेशदेखि स्थानीय तहसम्मै प्रधानमन्त्रीदेखि वडाध्यक्षसम्मले स्वकीय, सल्लाहकार र विभिन्न नियुक्ति गरेर वार्षिक अर्बौं सकाउँदै आएकामा सरकारले एकैपटक दर्जनौं निर्णय गरेर फजुल

» पृष्ठ २ मा क्रमशः

■ भूमि आयोगमा ३१६ जनाको राजनीतिक नियुक्ति पनि खारेज

सरकारले भूमि समस्या समाधान आयोगमा भएको राजनीतिक नियुक्तिलाई पनि खारेज गरिदिएको छ। मन्त्रिपरिषद्को निर्णयमा 'भूमि समस्या समाधान आयोग खारेजी गर्ने व्यवस्था मिलाउने' उल्लेख छ। पछिल्लो समय यो आयोग राजनीतिक कार्यकर्ता व्यवस्थापनको थलो बनेको छ। आयोगअन्तर्गत ३१६ जनाको नियुक्ति गरिएको छ। देशभरका ७७ वटै जिल्लामा आयोगको संरचना छ। जिल्लास्तरमा जिल्ला समितिको गठन गर्ने व्यवस्था गठन आदेशमा छ। प्रत्येक जिल्ला समितिमा अध्यक्ष र एक विज्ञसहित तीन सदस्य गरेर चारजनाको राजनीतिक नियुक्ति हुन्छ। यो नियुक्ति भूमि मन्त्रालयले गर्छ। सत्तासीन प्रमुख दलको भागबन्डामा गरिएको नियुक्ति विवादित छ। त्यस्तै, आयोगको केन्द्रमा अध्यक्षसहित आठ पदाधिकारी छन्। जिल्लामा आयोगको अवधिभरका लागि भनेर एक हजारजनालाई करारमा भर्ना गरिएको छ।

सरकारले गरेको सुरुवात सकारात्मक मात्रै होइन, साहसिक पनि छ

- **डा. डिल्लीराज खनाल**, अध्यक्ष
सार्वजनिक खर्च पुनरावलोकन आयोग



१३-१४ खर्बको बजेट हुँदा म अध्यक्ष रहेको सार्वजनिक खर्च पुनरावलोकन आयोगले तीन खर्बआसपास खर्च कटौती गर्न सकिन्छ भनेर प्रतिवेदनमा लेखेको हो। हामीले खारेज गर्नुपर्ने सिफारिस गरेका विभिन्न समिति, कोष, परिषद् इत्यादिमा अहिले पनि एक खर्बभन्दा बढी बजेट छुट्याइएको छ। अनुत्पादक खर्च कटौती गर्नुपर्ने र पुनर्निर्माणका लागि ठुलो स्रोत जुटाउनुपर्ने आवश्यकताबिच सरकारले गरेको सुरुवात सकारात्मक मात्रै होइन, साहसिक पनि छ। व्यापक रूपमा खर्च कटौती गरेर पुनर्निर्माणदेखि बजेटको खर्चको प्रभावकारिता बढाउनुपर्छ।

सरकारको निर्णय अक्षरशः कार्यान्वयन हुन्छ

- **टंकप्रसाद पाण्डेय**, प्रवक्ता, अर्थ मन्त्रालय



मन्त्रिपरिषद्ले गरेको निर्णय तुरुन्त कार्यान्वयनमा जान्छ। यसका लागि अर्थ मन्त्रालयले परिपत्र पनि गरिसकेको छ। निर्णय कार्यान्वयनका लागि कुनै कानुन वा नियमावली बाधक हुन्छ भने पनि त्यसलाई फुकाउँदै जाने हो। निर्णय कार्यान्वयनका लागि के-के चाहिन्छ, आवश्यक निर्णय हुन्छ। भोलि कार्यान्वयनमा समस्या परे सरकारले मिलाउँछ। जहाँसम्म स्वकीयहरूको विषय छ, सरकारले निर्णय गरेबमोजिम हट्नुपर्छ। निर्णय अक्षरशः कार्यान्वयन हुन्छ।

भारतबाट फर्कने नेपालीलाई नाकामा सास्ती



पैसा असुल्दै भारतीय सुरक्षाकर्मी, चेकजाँचका नाममा घण्टौं राखिन्छ लाइनमा

(विस्तृत पृष्ठ ३)

जेन-जी आन्दोलनमा क्षतिग्रस्त सरकारी संरचना पुनर्निर्माणमा जुट्यो सरकार



भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा योगदान गरेको रकमबराबर करयोग्य आयमा खर्च कट्टी गर्ने सुविधा

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ जेन-जीलाई मतदानमा सहभागी गराउन आयो अध्यादेश

आजबाटै मतदाता नामावली संकलन थाल्ने आयोगको तयारी



- कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी

अब आयोगले निर्णय गरेबमोजिम मतदाता नामावली संकलन हुन्छ। भोलि (बिहीबार) निर्णय हुन्छ। आयोगमा छलफल गरेर निर्णय गर्छौं र संकलन प्रारम्भ गर्छौं।

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले २१ फागुनको निर्वाचनमा जेन-जीलाई सहभागी गराउन मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्ने अध्यादेश ल्याएको छ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले बुधबार अध्यादेश जारी गरेका हुन्। मतदाता नामावली ऐन, २०७३ को उपदफा २ मा 'निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गरिनेछैन' भनिएको छ।

यो व्यवस्थाका कारण कात्तिकसम्म १८ वर्ष पूरा हुने झन्डै २४ लाख जेन-जी युवा मताधिकारबाट वञ्चित हुने अवस्था थियो। अध्यादेशमार्फत उपदफा २(क) थपेर

» पृष्ठ २ मा क्रमशः



मतदाता नामावली कसरी दर्ता गराउने ?

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार मतदाता नामावलीमा नाम दर्ता गराउन सुरुमा नागरिकता चाहिन्छ। नागरिकता भएपछि अरू केही डकुमेन्ट नचाहिने उनको भनाइ छ। नागरिकता बोकेर निर्वाचन कार्यालयमा जाने र बायोमेट्रिक दिनुपर्ने उनले बताए।

त्यसअगाडि मतदाता हुन योग्य व्यक्तिले अनलाइनमार्फत विवरण भर्नुपर्छ। आयोगको वेबसाइटमा गएर आफ्नो र परिवारको विवरण, जन्ममिति, ठेगाना, मतदान गर्ने ठाउँलगायत उल्लेख गर्नुपर्छ। भरिएको विवरण जुन मतदानस्थल उल्लेख गरिएको छ, त्यहाँ पुग्छ। त्यहाँको निर्वाचन कार्यालयले बायोमेट्रिकका लागि बोलाउँछ। बायोमेट्रिकका क्रममा फोटो खिच्ने र औँठा छाप लिने काम हुन्छ। जिल्ला निर्वाचन कार्यालयमा पाँच मिनेटमा बायोमेट्रिक सकिने सूचना अधिकारी घिमिरे बताउँछन्।

मुग्लिन-नारायणगढ सडक तीन दिनदेखि ठप्प, भोलिसम्म पहिरो पन्छाइसक्ने लक्ष्य

१६० मिटर पहिरोमध्ये ७० मिटर मात्र पन्छाइयो, पहिरोमा कम्तीमा १५ हजार घनमिटर माटो, गेग्रान, ढुंगा रहेको अनुमान


यम बम/नयाँ पत्रिका

मंगलबारदेखि ठप्प मुग्लिन-नारायणगढ सडकको पहिरो शुक्रबारसम्म पन्छाइसक्ने लक्ष्य सडक डिभिजन कार्यालय भरतपुरले राखेको छ। चितवनको इच्छाकामना गाउँपालिका- ६ स्थित तुइनखोला पुलछेउमा मंगलबार साँझ पहाडै बगेर सडक ढाकेपछि आवागमन ठप्प छ।

एक्स्काभेटर, लोडर, ब्याक हु लोडर प्रयोग गरेर बुधबार दिनभर पहिरो पन्छाइए पनि १६० मिटरमध्ये ७० मिटर मात्र पन्छाउन सकिएको सडक डिभिजन कार्यालय भरतपुरका इन्जिनियर कृष्णप्रसाद आचार्यले बताए। 'पहाड नै बगेर आएको छ, १६० मिटर लम्बाइ, १६ देखि २० मिटर उचाइ रहेको पहिरोमा कम्तीमा १५ हजार घनमिटर माटो, गेग्रान, ढुंगा रहेको अनुमान छ,' आचार्यले भने, 'पानीले समस्या गरेन र थप पहिरो खसेन भने शुक्रबारसम्म सडक सञ्चालन गराउन सकिन्छ कि भन्ने आशा छ।' बुधबार दिउँसोको वर्षाले पहिरो पन्छाउन केही समय रोकिएको थियो। तर, ठुलो पानी परेमा थप पहिरो बगेर सडकमा थपिने जोखिम छ।

■ मामाघर जाँदै गरेका दिदीबहिनी सिन्धुपाल्चोकको पहिरोमा पुरिएर बेपत्ता

» पृष्ठ २ मा क्रमशः



मंगलबार खसेको तुइनखोलाको पहिरो पन्छाइँदै

■ पहिरोले मुग्लिन-काठमाडौं सडकखण्ड पनि अवरुद्ध

पहिरो खसेपछि पृथ्वी राजमार्गको मुग्लिन-काठमाडौं सडकखण्ड पनि बुधबार साँझबाट पूर्ण रूपले अवरुद्ध भएको छ। धादिङको बेनीघाट रोराङ गाउँपालिका- १०, बाँदरमोड (जवाडखोला)मा बुधबार साँझ पहिरो खसेको हो। 'चितवनको इच्छाकामना गाउँपालिका- ४, घोप्टेभिरमा पहिरो खसेपछि काठमाडौंबाट छुटेका गाडी रोकिदिन भनेर खबर आएको थियो, लगत्तै जवाडखोलामा पनि पहिरो गयो,' जिल्ला प्रहरी कार्यालय धादिङका एसपी भेषराज रिजालले बताए। यद्यपि, घोप्टेभिरको पहिरो बुधबार राति पन्छाइएको छ।

जवाडखोलामा यसअघि गत सोमबार पनि सुक्खा पहिरो खसेको थियो। एसपी रिजालले पानी परेपछि सुक्खा पहिरो खसेकै ठाउँमा पहिरो खसेको बताए। 'कमजोर भूबनोट रहेछ, अघिल्लोपटक पहिरो खसिसकेको थियो, पानी परेपछि थप ढिस्को खसेर सडक अवरुद्ध बनेको छ,' उनले भने, 'बिहीबार बिहान मात्र पहिरो पन्छाउने काम हुन्छ।' पहिरो खसेपछि पोखराबाट काठमाडौंका लागि छुटेका र काठमाडौं उपत्यकाबाट बाहिरका लागि छुटेका सवारीसाधन अलपत्र परेका छन्। बुधबार नै धार्के-सीतापाइला सडकखण्डमा पनि ढुंगा खसेर सडक अवरुद्ध बनेको छ।

■ आन्दोलनको क्षति जाँचबुझ आयोगले आजदेखि थाल्दै छ काम

राजनीतिक नेतृत्वलाई ल्याउला छानबिनको दायरामा ?

■ आयोग अध्यक्ष **गौरीबहादुर कार्की** भन्छन्-



हामीले क-कसलाई छानबिनको दायरामा ल्याउने भन्ने कुरा जाँचबुझबाट खुलेको तथ्यका आधारमा हुने हो। घटनामा क-कसको प्रत्यक्ष संलग्नता छ, क-कसको आदेश छ, सोही आधारमा अनुसन्धान निर्देशित हुन्छ।

नयाँ पत्रिका

२३ र २४ भदौको जेन-जी प्रदर्शनमा भएको मानवीय तथा भौतिक क्षतिको विषयमा छानबिन गर्न गठित जाँचबुझ आयोगले बिहीबारदेखि कार्यादेशअनुसार काम थाल्ने भएको छ। बुधबार शपथ लिएका आयोग अध्यक्ष पूर्वन्यायाधीश गौरीबहादुर कार्की तथा सदस्यद्वय पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी रहेको आयोगलाई बुधबारै सरकारले राजपत्रमा सूचना प्रकाशित गरी पाँच कार्यादेश तोकेको छ।

गोली हान्न आदेश दिनेमाथि कारबाही गर्न बालेनको माग



'भोलि (बिहीबार)देखि हामीले काम सुरु गर्छौं,' अध्यक्ष कार्कीले भने, 'कार्यादेशअनुसार नै जाँचबुझको कामलाई अघि बढाउँछौं।'

» पृष्ठ २ मा क्रमशः

■ यस्ता छन् आयोगका कार्यादेश

१ २३ र २४ भदौमा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा प्रदर्शनका क्रममा भएका भौतिक एवं मानवीय क्षतिको छानबिन गर्ने

२ घटनाका सम्बन्धमा जाँचबुझ गरी यकिन रायसुझावसहितको प्रतिवेदन पेस गर्ने

३ भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीको सम्बन्धमा आवश्यक राय दिने

४ भविष्यमा यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपाय तथा सुझाव पेस गर्ने

५ प्रतिवेदनमा उल्लेख भएका सुझाव कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना प्रस्तुत गर्ने

आजबाटै मतदाता...

पृष्ठ १ बाट क्रमशः

'प्रतिनिधिसभाको पूरा अवधि समाप्त नहुँदै बिचमै विघटन भई निर्वाचन गर्नुपरेको अवस्थामा मिति घोषणा भइसकेपछि निर्वाचन आयोगले तोकेको समयसम्म मतदाताको नाम दर्ता गर्न बाध्य परेको मानिँदैन' भनिएको छ।

अध्यादेश जारी भएसँगै निर्वाचन आयोगले मतदाता नामावली संकलन गर्न कानुनी आधार प्राप्त गरेको छ। कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले बिहीबारबाटै मतदाता नामावली संकलन प्रारम्भ गरिने बताए। 'अब आयोगले निर्णय गरेबमोजिम मतदाता नामावली संकलन हुन्छ। भोलि (बिहीबार) निर्णय हुन्छ। आयोगमा छलफल गरेर निर्णय गर्छौं र संकलन प्रारम्भ गर्छौं,' उनले भने। भण्डारीले मतदाता नामावली संकलनका लागि जनशक्ति र आवश्यक संरचनाहरू तयारी अवस्था रहेकाले कुनै समस्या नरहेको बताए। आयोगले कात्तिक मसान्तसम्म मतदाता नामावली संकलन गर्ने योजना बनाएको छ।

आयोगले पछिल्लो समय १६ असारदेखि मतदाता नामावली संकलन बन्द गरेको छ। यो अवधिसम्म मतदाता संख्या एक करोड ८१ लाख ६७ हजार ५७० पुगेको छ। त्यसयता थप २३ लाख ९२ हजार १८८ जेन-जी युवा मतदाता बन्न योग्य भइसकेका छन्। ०७८ को जनगणनाअनुसार नेपालको कुल जनसंख्या दुई करोड ९९ लाख ११ हजार ८४१ छ।

गृहमन्त्री ओमप्रकाश अर्यालले जेन-जीलाई मतदानमा सहभागी गराउन सरकारले अध्यादेश ल्याएर सहजीकरण गरेको बताए। 'जेन-जीले विद्रोह गर्नुभयो, आन्दोलन सफल बनाउनुभयो। अब राजनीतिको मूलधारमा आउनुपर्छ। उमेर पुगेकाले मतदाता नामावलीमा नाम दर्ता गरेर मत हाल्नुपर्छ। उम्मेदवारी दिएर पनि आउनुपर्छ। राजनीतिक परिवर्तनका लागि योगदान दिनुपर्छ। उमेर नपुगेकाले राजनीतिलाई परिचालन गर्न सक्छ,' अर्यालले भने, 'जेन-जीले ल्याएको परिवर्तनपछि जन्मेको सरकार भएको हुनाले जेन-जीको हक-अधिकार संरक्षणसँग सम्बन्धित विषयलाई हामीले प्राथमिकतामा राखेका छौं। अध्यादेश ल्याएर राजनीतिको मूल प्रवाहका लागि सहजीकरण गरेका छौं।'

गृहमन्त्री अर्यालले सबै पार्टी र युवामा जेन-जी रहेको भन्दै उनीहरूले पाउनुपर्ने अवसरमा सहजीकरण गर्ने बताए। 'निर्वाचनमा बढीभन्दा बढी जेन-जी सहभागी हुनुपर्छ भन्ने हाम्रो मोटिभ हो। यसका लागि मतदाता प्रशिक्षण लिएर राजनीतिमा प्रवाहीकरण गर्छौं,' उनले भने।

जेन-जीले प्रत्यक्ष निर्वाचित कार्यकारी मागेको भन्दै गृहमन्त्री अर्यालले चुनावमा सहभागी भएर परम्परागत शक्तिलाई ब्यालेटबाट परास्त गर्ने अवसर उनीहरूसामु रहेको बताए। 'विद्रोह गरेर मात्र हुँदैन। मतबाट पनि परास्त गर्नुपर्ने होला,' उनले भने, 'त्यसैले, सिंगो सरकार जेन-जीमा जागरण ल्याउने, जेन-जीलाई सघाएर सबै राजनीतिक पक्षलाई प्रोत्साहन गर्ने पक्षमा छ।'

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले अध्यादेश जारी भएसँगै आयोगले कार्ययोजना बनाएर मतदाता नामावली संकलन थाल्ने बताए।

साढे सात...

पृष्ठ १ बाट क्रमशः

सकेनन्। उल्टै प्रधानमन्त्रीको हस्तक्षेपका कारण उद्देश्यअनुसार काम गर्न सकेनन्। 'सुरक्षा संवेदनशिलता, कार्यसम्पादन प्रभावकारिता, सुरक्षा निकायबिच समन्वय, विगतको अभ्यास र इन्टेलिजेन्स एक्सिलेन्सका लागि राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयमातहत राख्ने व्यवस्था मिलाउने,' मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ, 'राजस्व चुहावटको प्रभावकारी नियन्त्रण तथा मुलुकलाई सम्पत्ति शुद्धीकरणको बढ्दै गएको निगरानी सूचीबाट बाहिर निकाल्न अन्तर्राष्ट्रिय अभ्यास, कार्यप्रकृति, कार्यसम्पादन प्रभावकारिताका दृष्टिकोणले राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालयमातहत ल्याई पुनर्संरचना गर्ने व्यवस्था मिलाउने।'

राष्ट्रिय अनुसन्धान विभाग राष्ट्रिय सुरक्षालगायतका विषयमा संवेदनशील सूचना संकलन गर्ने गुप्तचर संयन्त्र हो। त्यस्तै, राजस्व अनुसन्धान विभाग राजस्व चुहावट र विदेशी विनिमय अपचलन रोक्ने तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीको निगरानी तथा नियन्त्रणका लागि अनुसन्धानदेखि अभियोजनसम्म गर्ने कानुनी क्षेत्राधिकार भएका महत्त्वपूर्ण संयन्त्र हुन्।

सुशासनका पक्षमा आवाज उठाउँदै आएका पूर्वसचिव शारदाप्रसाद त्रिताल यी निकाय प्रधानमन्त्री कार्यालयमातहत रहनु गलत नभए पनि प्रधानमन्त्री कार्यालयबाट दुरुपयोग भएकाले समस्या निम्तिएको बताउँछन्। 'मुलुकको अन्तिम जिम्मेवारी कार्यकारी प्रमुखमा हुन्छ। उसलाई सूचनाहरू आवश्यक हुन्छ। यी संयन्त्र पवित्र उद्देश्यले राम्रोसँग सञ्चालन गर्ने हो भने कार्यकारी प्रमुखलाई भ्रष्टाचारविरुद्ध कदम चाल्न निकै सहजीकरण हुन्छ। तर, यहाँ त यसको दुरुपयोग भएकाले समस्या आएको हो,' उनले भने, 'राजस्व र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग त उल्टै प्रधानमन्त्री र उनका परिवारका सदस्य र आसेपासेलाई कमाउन सघाउने निकायको रूपमा परिणत गराइएको छ। यी निकाय पैसा उठाउने अड्डा बने। सत्ताले दुरुपयोग गर्दा बिग्रिएको हो।' अन्य देशमा पनि गुप्तचर संयन्त्र कार्यकारी प्रमुखकै मातहत रहेको देखिएको उनी बताउँछन्।

गुप्तचर निकायमाथि उठेका छन् बग्रेल्ती प्रश्न

गुप्तचर संयन्त्रले प्रभावकारी काम गर्न नसकेको भन्दै विगतदेखि नै आलोचना हुँदै आएको छ। तत्कालीन प्रधानमन्त्री ओली आफैँले गत वर्ष राष्ट्रिय अनुसन्धान विभागको कार्यक्षमतामाथि प्रश्न उठाएका थिए। तारन्तार ठुलो परिमाणमा विमानस्थलबाट सुन, लागुऔषधलगायतको तस्करी हुँदा विभागको पूर्वसूचना प्रणाली सशक्त देखिएको तथा प्रभावकारी रूपमा सूचना संकलन नगर्दा तस्करी, आपराधिक गतिविधि बढेको भन्दै ओलीले प्रश्न उठाएका थिए। अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन तस्करी हुँदा कसैले थाहा नपाउने गुप्तचर संयन्त्र कस्तो हो भन्दै ओलीले प्रश्न गरेका थिए। विभागका तत्कालीन प्रमुख हुतराज थापामाथि खनिँदै उनले तस्करी र अपराधका पूर्वसूचना नहुने हो भने त्यहाँ बस्नुको औचित्य नभएको चेतावनी दिएका थिए। जेन-जी आन्दोलन र त्यससँगै भएको व्यापक आगजनी र तोडफोडको घटनामा पूर्वसूचना नराखेकोमा पनि अहिले विभागको आलोचना भइरहेको छ।

मुख्यतः राजस्व चुहावट नियन्त्रण गर्ने जिम्मेवारी पाएको राजस्व अनुसन्धान विभागको भूमिका पनि सशक्त देखिन सकेको छैन। चुहावट नियन्त्रण नहुँदा त्यसको असर राजस्व संकलनसम्मै देखिएको छ। पछिल्ला वर्षहरूमा विभाग विभिन्न विवादमा पर्दै आएको छ। राजस्व चुहावट गरेको भन्दै अनुसन्धानका नाममा विभागले तर्साउने गरेको आरोप व्यापारी, व्यवसायीहरूले लगाउँदै आएका छन्। व्यापारी/व्यवसायीसँग आर्थिक रूपमा 'बार्गेनिङ' गरेको, राजस्व चुहावटको क्षेत्र पहिचान गर्न र राजस्व छली गर्नेमाथि छानबिन/कारबाही गर्न चुकेको आरोप विभागमाथि लाग्दै आएको छ। राजस्व प्रशासन नै नबुझेका महानिर्देशक र कर्मचारी लगिँदा पनि विभागको कारबाही कमजोर बन्न पुगेको छ। विभागमा प्रशासनिक अस्थिरता उस्तै छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पनि प्रश्नबाहिर छैन। कानुनले सम्पत्ति शुद्धीकरणलाई अपराध मानेको अवस्थामा त्यसलाई रोक्न विभाग विफल देखिएको छ। यसअघि महानिर्देशक नै जोडिएको ठुलो अनुचित लाभको काण्डमा विभाग विवादित भएको थियो। कानुन र क्षेत्राधिकार नाघेर व्यापारी, व्यवसायी र कर्मचारीलाई अनुसन्धानका नाममा बयानमा बोलाउने, दुःख दिनेजस्ता गतिविधि विभागबाट भएका थिए। भलै, अहिले विभागको अधिकार कटौती गरिएको छ।

मुग्लिन–नारायणगढ...

पृष्ठ १ बाट क्रमशः

पछिल्लोपटक तीन दिन अवरुद्ध र त्यसपछि एक दिन एकतर्फी बनेको सडक पहिरो पन्छाएर दुईतर्फी सञ्चालन गरेको भोलिपल्टै मंगलबार दुईपटक भीषण पहिरो खसेपछि यो सडक अवरुद्ध छ। मंगलबार दिउँसो १ बजे पहिरो खस्दा सडक अवरुद्ध बनेकामा साँझ ४:५५ मा फेरि भीषण पहिरो खसेको थियो।

यसपटक भने पहाड नै खसेकाले भिरबाट थप पहिरो खस्ने सम्भावना कम रहेको सडक डिभिजन कार्यालय भरतपुरका प्रमुख नारायणप्रसाद लामिछानेले बताए। तर, साना तथा मझौला स्तरका ढुंगा झरिरहेका छन्।

सानो पहिरो खसेपछि भित्र रहेको खुकुलो माटो, गेग्रान हरेक दिन खसेको उनको भनाइ छ। 'पहिरो खसेको ठाउँमा पानीको मूल पनि फुटेको छ, छुट्टिएर बसेको गेग्रान, गिटीमा माथिबाट पनि वर्षाको पानी पसेपछि पहाडै बगेको छ,' उनले भने, 'अहिले बाटो खोल्ने ध्येय छ। पछि अध्ययन गरेर रोकथामका उपाय अपनाउनुपर्ने देखिन्छ।' पहिरो पन्छाएर त्रिशूलीमा हालिँदै छ।

यसअघि सडक डिभिजनले मुग्लिन-नारायणगढ सडकखण्डमा २५ ठाउँ पहिरोको जोखिममा रहेको औँल्याएर रोकथामका उपाय थालेको थियो। तर, फेरि नयाँ-नयाँ ठाउँमा पहिरो खस्न थालेको लामिछानेको भनाइ छ।

यात्रुवाहक र मालवाहक गरेर दैनिक ११ हजार सवारीसाधन गुड्ने ३६ किलोमिटर नारायणगढ-मुग्लिन सडकखण्डको २४ किलोमिटर क्षेत्रमा पहिरोले सधैँ सास्ती हुन्छ। ०७२ को भूकम्पको प्रभाव र खोलाले माटोलाई कमजोर बनाउँदै जाँदा अत्यधिक चापका कारण सडक दबेर पहिरो जाने गरेको आकलन गरिन्छ। नारायणगढ-मुग्लिन सडकखण्डमध्ये ३४ किलोमिटर सात वर्षअघि मात्र तीन अर्ब ४० करोड खर्च गरेर दुई लेनमा स्तरोन्नति गरिएको हो।

मामाघर जाँदै गरेका दिदीबहिनी सिन्धुपाल्चोकको पहिरोमा पुरिएर बेपत्ता

वर्षासँगै खसेको पहिरोले पुरिएर सिन्धुपाल्चोकमा दुई बालिका दिदीबहिनी बेपत्ता भएका छन्। जुगल गाउँपालिका- २, गोल्चेमा रहेको मामाघर हिँडेर जाने क्रममा पहिरोमा परी चौतारा साँगाचोकगढी नगरपालिका- २, भोटेफुल्पिङका १७ वर्षीया फूलमाया लामा र उनकी बहिनी पाँच वर्षीया मनमाया बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले जनाएको छ। उनीहरू बलेफी गाउँपालिका- १, जलबिरेस्थित बलेफी ढाडे भित्री सडकखण्डमा गएको पहिरोमा बुधबार साँझ पाँच बजे परेका हुन्।

मुग्लिन-नारायणगढ सडक अवरुद्ध भएपछि मकवानपुर हुँदै काठमाडौं जोड्ने सडकमा सवारीको चाप

पहिरोले मुग्लिन-नारायणगढ सडक अवरुद्ध हुँदा संघीय राजधानी काठमाडौं जोड्ने मकवानपुरका वैकल्पिक मार्गमा सवारीसाधनको चाप बढेको छ। त्रिभुवन राजपथ, कान्ति लोकपथ, हेटौँडा-कुलेखानी-फाखेल सडक र सिस्नेरी सडकमा सवारीको चाप अत्यधिक बढेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक श्यामु अर्यालका अनुसार यी मार्गमा नियमित सञ्चालन हुनेभन्दा दोब्बर-तेब्बर संख्याले सवारीसाधनको चाप बढेको छ। उनले मुग्लिन-नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा तराईका जिल्लासहित पूर्व र पश्चिमबाट काठमाडौं ओहोरदोहोर गर्ने सार्वजनिक तथा मालवाहक सवारीसाधन अहिले मकवानपुर हुँदै काठमाडौं जोड्ने मार्गमा चल्न थालेको बताए।

कान्ति लोकपथमा सवारी आवागमनका लागि दुईवटा प्रस्थान विन्दु, समयावधि पनि लम्ब्याइयो

कान्ति लोकपथ हुँदै चल्ने सवारीसाधनका लागि दुईवटा प्रस्थान विन्दु तोकिएको छ। यस्तै, यस मार्ग भएर चल्ने सवारीसाधनका लागि प्रवेश समयावधि पनि लम्ब्याइएको छ। जिल्ला प्रशासन कार्यालय ललितपुरले मंगलबार सूचना जारी गर्दै ७ असोजदेखि २१ असोज मंगलबारसम्म सवारी आवागमनमा नयाँ व्यवस्था लागू गरेको छ। निर्धारित मापदण्डअनुसार अधिकतम ३० टन भारवहन क्षमता र १० चक्कासम्मका सवारीसाधनले मात्रै कान्ति लोकपथ प्रयोग गर्न पाउने भएका छन्। यी सवारीसाधनले तोकिएको प्रवेश वा प्रस्थान विन्दु बेलुका ९ बजेसम्म अनिवार्य पुगिसक्नुपर्ने प्रशासनले स्पष्ट पारेको छ।

GANDAKI PROVINCE
MADI RURAL MUNICIPALITY
Office of Rural Municipal Executive
Thumakodada Kaski

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०६/०९

यस कार्यालयको मिति २०८२/०५/०२ गतेको "आर्थिक राष्ट्रिय दैनिक" पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार विभिन्न कार्यको लागि E-Bidding मार्फत आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये बाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नामर ठेगाना	कबोल रकम रु. Including (VAT and P.S)	कैफियत
MRM/NCB/ W02/082-083	Karpudanda Tourism Infrastructure Construction at Madi RM-2	श्री Sanu Bhai Nirman Sewa Chorepatan, Pokhara-17 Kaski Nepal	NRs. 77,48,124.00/-	
MRM/NCB/ W03/082-083	Construction Of saimarang Health Post at Madi RM-11	श्री Utshab Nirman Sewa Bardiya, Gulariya Bardia Nepal	NRs. 84,50,660.33/-	
MRM/NCB/ W04/082-083	Construction and Upgrading Of Yankjakot -Togi-Warchowk- Bhachowk-Nagidar Poshi Perkyu Sadak at Madi R.M-3	श्री Utshab Nirman Sewa Bardiya, Gulariya Bardia Nepal	NRs. 1,08,57,461.46/-	

प्रमुख प्रशासकीय अधिकृत

कार्यकर्ता भर्ती...

पृष्ठ १ बाट क्रमशः

खर्च अन्त्य गर्ने कदम चालेको हो। मन्त्रिपरिषद्ले आइतबार गरेको निर्णयमा अति विशिष्ट पदाधिकारी (भिभिआइपी) र मन्त्रीबाहेकको स्वकीय सुविधा खारेज गर्ने उल्लेख छ। जसअनुसार सांसद, स्थानीय तह र अन्य राजनीतिक पदाधिकारीले लिँदै आएको स्वकीय सचिवको सुविधा खारेज हुनेछ। 'राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रीबाहेक सांसदलगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने' निर्णयमा उल्लेख छ।

त्यस्तै, भिभिआइपीबाहेकले सल्लाहकार नियुक्ति गर्न नपाउने निर्णय पनि गरेको छ। यससम्बन्धी मन्त्रिपरिषद्को निर्णयमा 'राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेक नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारीका लागि सल्लाहकार नियुक्ति नगर्ने' उल्लेख छ।

कार्यकारी यी निर्णयले स्वकीय सचिव र सल्लाहकारका नाममा संघदेखि स्थानीय तहसम्म झाँगिएको बेथितिलाई रोक्नेछ। सरकारको यो निर्णय कडाइका साथ कार्यान्वयनमा गए ठुलो रकम बचत हुनेछ।

मन्त्रिपरिषद्का यी निर्णय कार्यान्वयन गर्न अर्थ मन्त्रालयले संघीय मन्त्रालय तथा निकाय, प्रदेश सरकार र सबै स्थानीय तहलाई पत्राचारसमेत गरिसकेको छ। मन्त्रिपरिषद्का निर्णय अर्थ मन्त्रालयमार्फत परिपत्र गरेर कार्यान्वयन प्रक्रियामा लगिएको अर्थ प्रवक्ता टंकप्रसाद पाण्डेयले बताए।

'मन्त्रिपरिषद्ले गरेको निर्णय तुरुन्त कार्यान्वयनमा जान्छ। यसका लागि अर्थ मन्त्रालयले परिपत्र पनि गरिसकेको छ। निर्णय कार्यान्वयनका लागि कुनै कानुन वा नियमावली बाधक हुन्छ भने पनि त्यसलाई फुकाउँदै जाने हो। निर्णय कार्यान्वयनका लागि के-के चाहिन्छ, आवश्यक निर्णय हुन्छ। भोलि कार्यान्वयनमा समस्या परे सरकारले मिलाउँछ,' उनले भने, 'जहाँसम्म स्वकीयहरूको विषय छ, सरकारले निर्णय गरेबमोजिम हट्नुपर्छ। निर्णय अक्षरशः कार्यान्वयन हुन्छ।'

सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सञ्चालन, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहतसमेतका लागि विकास आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा आइतबारको मन्त्रिपरिषद्ले विभिन्न निर्णय गरेको थियो।

सार्वजनिक खर्च पुनरावलोकनका लागि ०७५ मा गठित 'सार्वजनिक खर्च पुनरावलोकन आयोग'का अध्यक्ष अर्थशास्त्री डा. डिल्लीराज खनालले सरकारको सुरुवातलाई सकारात्मक मात्रै होइन, साहसिक पनि रहेको बताए। '१३-१४ खर्बको बजेट हुँदा म अध्यक्ष रहेको सार्वजनिक खर्च पुनरावलोकन आयोगले तीन खर्बआसपास खर्च कटौती गर्न सकिन्छ भनेर प्रतिवेदनमा लेखेको हो। हामीले खारेज गर्नुपर्ने सिफारिस गरेका विभिन्न समिति, कोष, परिषद् इत्यादिमा अहिले पनि एक खर्बभन्दा बढी बजेट छुट्याइएको छ,' उनले भने, 'अनुत्पादक खर्च कटौती गर्नुपर्ने र पुनर्निर्माणका लागि ठुलो स्रोत जुटाउनुपर्ने आवश्यकताबिच सरकारले गरेको सुरुवात सकारात्मक मात्रै होइन, साहसिक पनि छ।'

संघदेखि स्थानीय तहसम्म छन् सयौँ स्वकीय र सल्लाहकार

जनप्रतिनिधि र राजनीतिक पदाधिकारीले संघदेखि स्थानीय तहसम्म सयौँ कार्यकर्ता र आफन्तलाई स्वकीय सचिव तथा सल्लाहकारका नाममा भर्ना गरेका छन्। तिनीहरूका लागि वार्षिक करोडौँ रुपैयाँको व्ययभार राज्यकोषलाई परेको छ।

अहिले संघीय सांसदले अधिकृतसरहको स्वकीय सचिव राख्न पाउँछन्। प्रतिनिधिसभाका २७५ र राष्ट्रिय सभाका ५९ सांसदले स्वकीय सचिव राख्दै आएका छन्। यस्ता स्वकीयले नेपाल सरकारको शाखा अधिकृतसरहको सेवा-सुविधा पाउने व्यवस्था संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐनमा छ। अहिले प्रतिनिधिसभा विघटन भइसकेको छ। तर, राष्ट्रिय सभा जीवितै छ। सरकारको निर्णयसँगै अब राष्ट्रिय सभाका सांसदका स्वकीयको सुविधा खोसिनेछ। शाखा अधिकृतसरहको सुविधा पाउँदा संघीय सांसदका एक स्वकीयले मासिक तलब मात्र ४३ हजार ६८९ रुपैयाँ पाउँछन्।

त्यस्तै, प्रदेश सभामा पनि सांसदहरूले स्वकीय सुविधाको उपभोग गरिरहेका छन्। अहिले सातै प्रदेश सभामा ५५० सांसद छन्। अहिले ६ प्रदेशमा सांसदलाई नायब सुब्बा (नासु)सरहको स्वकीय राख्ने व्यवस्था छ। मधेश प्रदेशका सांसदले भने शाखा अधिकृतसरहको स्वकीय सुविधा पाउँछन्। हाल नासुको तलब स्केल मासिक ३४ हजार ७३० रुपैयाँ छ। अब सरकारको निर्णयअनुसार प्रदेश सांसदका स्वकीयको सुविधा पनि खोसिनेछ।

सरकारले स्वकीय राख्न पाउने पदाधिकारीलाई उक्त सुविधाको सीमा पनि तोकिदिएको छ। मन्त्रिपरिषद्को निर्णयमा संघीय सरकार र प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको स्वकीय सचिवालयमा बढीमा तीनजना मात्र नियुक्ति गर्न सक्ने उल्लेख छ। २९ भदौ ०६८ मा मन्त्रिपरिषद् बैठकले स्वकीय सचिवालयमा मन्त्री तथा राज्यमन्त्रीलाई सात-सात कर्मचारी राख्ने सुविधा स्वीकृत गरेको थियो। यही व्यवस्था हालसम्म कार्यान्वयनमा छ। तर, साबिकमा मन्त्रीहरूले आफूखुसी स्वकीय भर्ना गरेका थिए। अघिल्लो सरकारमा तत्कालीन ऊर्जामन्त्री दीपक खड्काले स्वकीय सचिवालयमा ११ जनासम्मलाई जागिर खुवाएका थिए। अरू मन्त्रीले पनि ९/१० जनासम्म स्वकीय भर्ना गरेका थिए।

अहिले संघदेखि स्थानीय तहसम्म स्वकीयसँगै सल्लाहकारको पनि बेथिति रहेकामा त्यसलाई रोक्ने गरी मन्त्रिपरिषद्ले निर्णय गरेको छ। विज्ञ सल्लाहकार, प्रेस सल्लाहकार, कानुनी सल्लाहकार आदिका नाममा ठुलो बेथिति छ। कानुनविपरीत सल्लाहकार राखेर तिनका नाममा राज्यकोषबाट करोडौँ भुक्तानी हुने गरेको छ। मन्त्रिपरिषद्को निर्णयअनुसार अब भिभिआइपीबाहेकले सल्लाहकार नियुक्ति गर्न नपाउने व्यवस्था गरेको छ। महालेखापरीक्षक कार्यालयको ६२औँ वार्षिक प्रतिवेदनअनुसार ०८०/८१ मा १५२ स्थानीय तहले कानुनविपरीत स्वकीय सचिव र सल्लाहकार नियुक्त गरी तलबमा आठ करोड १२ लाख खर्चिएका थिए। मन्त्रिपरिषद्को निर्णयले सांसद, प्रदेश, स्थानीय तहका र अन्य पदाधिकारीले नियुक्त गरेका सयौँ स्वकीय र सल्लाहकार हट्नेछन् भने नयाँ नियुक्ति पनि गर्न पाइनेछैन।

अन्तरिम सरकारले मन्त्रीलगायत पदाधिकारीका स्वकीय सचिवालयलाई मन्त्रालयमै कार्यकक्ष राख्ने परिपाटी पनि खारेज गरेको छ। यस्ता कार्यकक्ष राख्न नदिने मात्रै होइन, कर्मचारीलाई सवारीसाधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने निर्णय गरेको छ। स्वकीय सचिवले मन्त्रालयमै डेरा जमाएर बस्ने, असीमित गैरकानुनी सुविधा उपभोग गर्ने, प्रशासनिक निर्णयमा दबाब दिनेलगायतका बेथितिलाई सरकारको यो निर्णयले अन्त्य गर्ने अपेक्षा राखिएको छ।

सरकारले खर्च कटौतीका अन्य निर्णय पनि गरेको छ। विभिन्न मुलुकका लागि खटिने सरकारका प्रतिनिधिलाई राजदूतको नियमअनुसारबाहेक माथिल्लो तह तोकी दिइने गरिएका थप सुविधा खारेज गर्ने निर्णय गरेको छ। सार्वजनिक संस्थानमा रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने व्यवस्था पनि सरकारले गरेको छ।

सरकारले महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्री खरिद नगर्ने निर्णय पनि गरेको छ। त्यस्तै, अन्तिम लेखापरीक्षणबाट असुलउपर गर्ने भनी तोकिएका बेरुजु तुरुन्त असुलउपर गर्ने निर्णय पनि मन्त्रिपरिषद्बाट भएको छ। महालेखापरीक्षक कार्यालयको ६२औँ वार्षिक प्रतिवेदनअनुसार ०८०/८१ मा असुलउपर गर्नुपर्ने बेरुजु अंक ३० अर्ब १२ करोड ५१ लाख छ। यो कुल बेरुजुको करिब तिहाइ हिस्सा हो। असुलउपर गर्नुपर्ने प्रकृतिको बेरुजुलाई भ्रष्टाचार नै गरेसमान गम्भीर प्रकृतिको बेरुजु मानिन्छ।

भूमि आयोगमा ३१६ जनाको राजनीतिक नियुक्ति पनि खारेज

सरकारले भूमि समस्या समाधान आयोगमा भएको राजनीतिक नियुक्तिलाई पनि खारेज गरिदिएको छ। मन्त्रिपरिषद्को निर्णयमा 'भूमि समस्या समाधान आयोग खारेजी गर्ने व्यवस्था मिलाउने' उल्लेख छ। पछिल्लो समय यो आयोग राजनीतिक कार्यकर्ता व्यवस्थापनको थलो बनेको छ।

आयोगअन्तर्गत ३१६ जनाको नियुक्ति गरिएको छ। देशभरका ७७ वटै जिल्लामा आयोगको संरचना छ। जिल्लास्तरमा जिल्ला समितिको गठन गर्ने व्यवस्था गठन आदेशमा छ। प्रत्येक जिल्ला समितिमा अध्यक्ष र एक विज्ञसहित तीन सदस्य गरेर चारजनाको राजनीतिक नियुक्ति हुन्छ। यो नियुक्ति भूमि मन्त्रालयले गर्छ। सत्तासीन प्रमुख दलको भागबन्डामा गरिएको नियुक्ति विवादित छ। त्यस्तै, आयोगको केन्द्रमा अध्यक्षसहित आठ पदाधिकारी छन्। जिल्लामा आयोगको अवधिभरका लागि भनेर एक हजारजनालाई करारमा भर्ना गरिएको छ।

भूमि आयोगका नाममा ठुलो खर्च हुँदै आएको छ। गठन आदेशले आयोगको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य र जिल्ला समितिका अध्यक्ष र सदस्यको सेवा-सुविधा पनि तोकेको छ। जसअनुसार अध्यक्षले ६७ हजार ५३० रुपैयाँ मासिक पारिश्रमिक, चालकसहित चारपांग्रे सवारी, प्रतिदिन २५ सय भ्रमण भत्ता, १५० लिटर मासिक इन्धन र त्रैमासिक ६ लिटर मोबिल पाउँछन्। त्यस्तै, उपाध्यक्षलाई यस्तो सुविधा क्रमशः ६० हजार ४९० पारिश्रमिक, चालकसहित चारपांग्रे सवारी, दुई हजार भ्रमणभत्ता, सय लिटर इन्धन र ६ लिटर मोबिल छ। सदस्यलाई भने मासिक ५६ हजार ७८७ पारिश्रमिक, २५ हजार मासिक सवारी सुविधा र दुई हजार भ्रमण भत्ता छ। त्यस्तै, जिल्ला समितिको अध्यक्षलाई मासिक ५२ हजार ४१७ पारिश्रमिक र प्रतिदिन एक हजार ६ सय भ्रमणभत्ता छ। जिल्ला सदस्यलाई ४५ हजार ८८१ मासिक पारिश्रमिक र दैनिक एक हजार ६ सय भ्रमण भत्ता छ। जिल्लामा नापनक्सा गर्न भर्ना गरिएका करारका कर्मचारीले नासु र खरिदारसरह सेवा-सुविधा पाउँछन्।

करारमा कर्मचारी भर्ना नगर्ने, दरबन्दी कटौती गर्ने

सरकारले तीनै तहमा स्वीकृत दरबन्दीबाहेकका अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने निर्णय पनि गरेको छ। हाल तीनै तहमा हजारौँ कर्मचारी करारमा भर्ना गरिएका छन्। शक्ति, पहुँच र दलीय आधारमा करारमा हजारौँको संख्यामा कर्मचारी भर्ना गरिएका छन्। त्यसलाई पनि रोक्ने गरी सरकारले निर्णय गरेको हो।

अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्तिबाहेक थप दरबन्दी सिर्जना नगर्ने र विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिने निर्णय सरकारको छ। 'कन्ट्र्याक्टिङ आउट' र 'आउटसोर्सिङ'बाट हुने कामलाई स्थायी संरचना सिर्जना नगर्ने पनि निर्णयमा उल्लेख छ।

अर्थ, गृह, परराष्ट्र मन्त्रालयलगायत पछिल्लो समय संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एन्ड एम) स्वीकृत भई थप संरचना तथा दरबन्दी सिर्जना भएका मन्त्रालयहरूले संक्षिप्त ओ एन्ड एम गरी चुस्त, छरितो र मितव्ययी बनाउन अनावश्यक संरचना र दरबन्दी शीघ्र घटाउने निर्णय गरिएको छ। संघ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारीमा दोहोरोपन/तेहोरोपन हुने गरी नयाँ संरचना सिर्जना नगर्ने र हाल दोहोरो परेको संरचना खारेज गर्ने सरकारको निर्णयमा छ।

सवारी सुविधासम्बन्धी सम्बन्धित कानुनमा संख्या किटान भएकामा बाहेक सवारी सुविधा पाउने राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एकभन्दा बढी सवारीसाधन उपलब्ध नगराउने र प्रयोग नगर्ने निर्णय पनि सरकारले गरेको छ। नयाँ सवारीसाधन किन्न पनि निरुत्साहित गरेको छ।

सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने तथा सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधाबापतको रकम लिन नपाउने निर्णय सरकारले गरेको छ। विद्यमान जनशक्तिबाट सम्पादन हुने कामका लागि विनियोजित बजेटको उपयोग गरी बाह्य परामर्शबाट काम गर्न तथा गराउन नपाउने, विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउनेजस्ता कामका लागि परामर्श सेवा नलिने निर्णय पनि सरकारले गरेको छ। पानी, बिजुली र सञ्चार महसुललगायतका सेवा खर्चमा मितव्ययिता गर्न भनिएको छ।

वैदेशिक भ्रमणको बेथितिमा पनि कडाइ गरिएको छ। सरकारको प्रतिनिधित्व सम्बन्धित नियोगबाट हुन सक्ने अवस्था भएमा सम्बन्धित नियोगलाई नै अख्तियारी दिने र सरकारको प्रतिनिधित्व अनिवार्य भएको अन्तर्राष्ट्रिय सभा-सम्मेलनमा राष्ट्रप्रमुख वा सरकार प्रमुखको नेतृत्वमा हुने प्रतिनिधिमण्डलमा बढीमा १० र नेपाल सरकारको स्रोतमा हुने अन्य प्रतिनिधिमण्डलमा बढीमा तीनजना मात्र सदस्य रहने सरकारको निर्णयमा उल्लेख छ।

आयोजनाको बजेट बेथिति पनि रोक्ने

सरकारले आयोजनाका नाममा बजेट बेथिति रोक्ने निर्णय पनि गरेको छ। उद्देश्यभन्दा बाहिरका र कम महत्त्वका क्षेत्रमा रहेको बजेट विनियोजन रोक्का राख्ने तथा भैपरी वा अन्य शीर्षकमा एकमुस्ट बजेट राखी आयोजनाको पहिचान नभएको हुँदा उपयोगिता नदेखिएका बजेट रोक्का राख्ने निर्णय गरेको छ। प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने प्रकृतिका स-साना खुद्रे/टुक्रे आयोजनासमेतमा विभिन्न मन्त्रालयमा भएको विनियोजन रोक्का राख्ने निर्णय भएको छ। सरकारबाट सञ्चालन हुने, सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने १० लाखभन्दा बढीका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने पनि सरकारले भनेको छ। आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गर्न पनि रोक लगाएको छ।

चालू आवमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएका चालूतर्फका नयाँ क्रियाकलाप/कार्यक्रमको सञ्चालन मोडालिटी स्पष्ट नभएको, कार्यक्रमको प्रतिफल सुनिश्चित नभएको वा अनुत्पादक क्रियाकलाप/कार्यक्रममा विनियोजित रकम रोक्का राख्ने पनि मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ।

राजनीतिक नेतृत्वलाई...

पृष्ठ १ बाट क्रमशः

सरकारले बुधबार राजपत्रमा सूचना प्रकाशित गरी आयोगलाई तोकेको कार्यादेशमा २३ र २४ भदौको आन्दोलनमा काठमाडौंलगायत मुलुकका विभिन्न भागमा प्रदर्शनका क्रममा भएका भौतिक तथा मानवीय क्षतिको छानबिन गर्ने उल्लेख छ। त्यस्तै, घटना हुनुको कारणबारे जाँचबुझ गरी सोको यकिन राय सुझावसहितको प्रतिवेदन पेस गर्ने कार्यादेश छ। बानेश्वरमा भएको बर्बर बल प्रयोग घटनामा राजनीतिक नेतृत्वलाई छानबिनको दायरामा ल्याउने/नल्याउने भन्ने विषय भने प्रस्ट छैन। कार्यादेशको तेस्रो बुँदामा भनिएको छ, 'भौतिक तथा मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीका लागि राय दिने।' आयोगले क्षतिबारे पीडित पक्षसँग निवेदनसमेत लिनेछ।

त्यस्तै, भविष्यमा यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपाय तथा सुझाव पेस गर्ने र सुझाव कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना प्रस्तुत गर्ने कार्यादेश छ। भ्रष्टाचार र सामाजिक सञ्जाल नियन्त्रणको विरोधमा २३ भदौमा बानेश्वर क्षेत्रमा सुरक्षाकर्मीले दमन गर्दा १९ युवाको मृत्यु भएको थियो। सरकारी दमनका कारण भोलिपल्ट झन् धेरै मान्छे आन्दोलनमा उत्रिएपछि निवर्तमान केपी ओली नेतृत्वको सत्ता पल्टिएको थियो।

कलिला युवकमाथि टाउको र छातीमा गोली हानिएको घटनामा ओली र उनको सरकारका गृहमन्त्री रमेश लेखकमाथि छानबिनको माग उठिरहेको छ। राजपत्रको सूचनामा भने राजनीतिक नेतृत्वमाथि छानबिन गर्ने/नगर्ने प्रस्ट छैन। यद्यपि, आयोगले कसैको दबाब र प्रभावमा नपरी स्वतन्त्र र निष्पक्ष भएर काम गर्ने उल्लेख छ। आयोग अध्यक्ष गौरीबहादुर कार्की छानबिन निष्पक्ष हुने बताउँछन्। 'हामीले क-कसलाई छानबिनको दायरामा ल्याउने भन्ने कुरा जाँचबुझबाट खुलेको तथ्यका आधारमा हुने हो। घटनामा क-कसको प्रत्यक्ष संलग्नता छ, क-कसको आदेश छ, सोही आधारमा अनुसन्धान निर्देशित हुन्छ,' उनले भने।

५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले आयोग गठन गरेको थियो। अध्यक्ष कार्कीले प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसँग तथा सदस्यद्वय शर्मा र भण्डारीले अध्यक्ष कार्कीसँग शपथ लिएका छन्। अध्यक्षलाई मन्त्रीसरह र सदस्यलाई राज्यमन्त्रीसरहको सुविधा हुने सूचनामा उल्लेख छ। आयोगमा सहसचिवसहितका सात कर्मचारी गृह मन्त्रालयले खटाउनेछ। आयोगलाई कार्य प्रारम्भ गरेको मितिले तीन महिनाभित्र प्रतिवेदन बुझाउने समय दिइएको छ। आयोगमा खटिने कर्मचारीले पनि २५ प्रतिशत भत्ता पाउनेछन्। आयोगको कार्यालय बबरमहलस्थित जल तथा मौसम विज्ञान विभागको कार्यालयमा राखिएको छ।

गोली हान्न आदेश दिनेमाथि कारबाही गर्न बालेनको माग

जेन-जीको आन्दोलनमा युवा तथा विद्यार्थीमाथि गोली हान्न आदेश दिनेलाई कारबाहीको दायरामा ल्याउन काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले माग गरेका छन्। बुधबार प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा उनले यो विषय उठाएका हुन्। बालेन सचिवालय स्रोतका अनुसार आन्दोलनमा गोली हान्नेमाथि अविलम्ब कारबाहीको माग उनले उठाएका थिए। जवाफमा प्रधानमन्त्रीले जाँचबुझ आयोग गठन भइसकेको र आयोगमार्फत त्यो विषय अघि बढ्ने बताएकी थिइन्।

भेटमा अन्य विषयमा पनि छलफल भएका छन्। मेयर शाहका स्वकीय सचिव भूपदेव साहका अनुसार जेन-जी आन्दोलन, सहिदको परिवारको पुनर्स्थापना, घाइतेको उपचार, आन्दोलनमा भएको दमनको जाँचबुझ र कारबाहीलगायत विषयमा छलफल भएको थियो। 'आन्दोलनको विषय र त्यसभन्दा पछाडिका घटनाक्रमहरूको विषयमा कुराकानी भयो,' उनले भने।

यसबाहेक संघ सरकार र काठमाडौं महानगरबिचको समन्वयका विषयमा पनि छलफल भएको स्वकीय सचिव साहले बताए। अघिल्लो सरकारसँगको तिक्ततापूर्ण सम्बन्धले काम गर्न नपाएको गुनासो गरेका मेयर शाहले नयाँ सरकारसँग सकारात्मक सहयोग र समन्वयको अपेक्षा गरेका छन्।

'मेयर साबले हामी संघ सरकारसँग समन्वय र सहयोग गर्न तयार छौँ, हामी तपाईंलाई सहयोग गर्छौं भन्नुभयो। महानगरको स्थितिबारे जानकारी गराउनुभयो,' स्वकीय सचिव साहले भने, 'संघ सरकारबाट पनि सहयोगको अपेक्षा राख्नुभयो। प्रधानमन्त्रीलाई महानगरले सहयोग गर्ने र प्रधानमन्त्रीले महानगरलाई गर्ने सहयोगबारे कुरा भयो।'

समाजवादी मोर्चालाई पार्टीमा रूपान्तरण गर्ने तयारी

दसैँमा एकीकृत समाजवादी, नेकपा र नेसपासँग एकता घोषणा र आगामी मंसिरमा एकता महाधिवेशन गर्ने प्रचण्डको प्रस्ताव

● **अग्नि सापकोटा**, उपाध्यक्ष एवं प्रवक्ता, माओवादी



समाजवादी मोर्चालाई एकतामा रूपान्तरण गर्न विशेष पहल गर्ने, विचार मिल्ने अन्य दलसँग पनि एकताका लागि पहल गर्ने भन्ने हो। देशभक्त र परिवर्तनका पक्षधरसँग बृहत् मोर्चा बनाउन पनि पहल गर्ने विषय छ।

● **प्रकाश ज्वाला**, उपाध्यक्ष, एकीकृत समाजवादी



हाम्रो पार्टीले अँगालेको नीति, विचार, सिद्धान्त, कार्यक्रम र कार्यदिशासँग सहमत हुने वामपन्थी, कम्युनिस्ट तथा समाजवादी पार्टी-समूहसँग एकता र सहकार्य गर्न पहलकदमी अघि बढाउने निर्णय भएको छ।

● **अनिल शर्मा**, प्रमुख, नेकपा प्रचार विभाग



परिस्थिति फेरिएको छ। विचार, सिद्धान्त मिल्ने दलहरू एक भएर जानुपर्ने आवश्यकता छ। त्यसका लागि हामी एजेन्डा बनाएर छलफल गर्छौं।



प्रेम गौतम/नयाँ पत्रिका

माओवादीसहितका दलहरू समाजवादी मोर्चालाई पार्टीमा रूपान्तरण गर्ने तयारीमा छन्। दसैंका बिचमा एकताको घोषणा गर्ने अन्तिम तयारीमा माओवादी, एकीकृत समाजवादी, नेकपा र नेसपा जुटेका छन्। तर, यसबारे मोर्चाका नेताहरू औपचारिक रूपमा बोल्न खोज्दैनन्।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टी बैठकमै समाजवादी मोर्चाका घटकसँग पार्टी एकतासँगै देशभक्त र परिवर्तनका पक्षधरसँग बृहत् मोर्चा बनाउने प्रस्ताव गरेका छन्। बिहीबार बस्ने केन्द्रीय समिति बैठकमा प्रस्तुत गर्न तयार राजनीतिक प्रतिवेदनमा उनले पार्टी एकता र बृहत् मोर्चाको प्रस्ताव गरेका हुन्।

एकताको विषयमा समाजवादी मोर्चाका घटकहरूबिच पटक-पटक छलफलसमेत भइसकेको छ। मोर्चाका घटक एकीकृत समाजवादी, नेकपा र नेसपाले पनि विचार मिल्ने दलहरूसँग एकताका लागि पहल गर्ने निर्णय गरिसकेका छन्। स्रोतहरूका अनुसार यही दसैंमा एकता घोषणा गर्ने र आगामी मंसिरमा एकता महाधिवेशन गर्ने गृहकार्य छ।

'समाजवादी मोर्चालाई एकतामा रूपान्तरण गर्न विशेष पहल गर्ने, विचार मिल्ने अन्य दलसँग पनि एकताका लागि पहल गर्ने भन्ने हो,' माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने, 'देशभक्त र परिवर्तनका पक्षधरसँग बृहत् मोर्चा बनाउन पनि पहल गर्ने विषय छ।'

एकीकृत समाजवादीको गत शुक्रबार बसेको सचिवालय बैठकले चुनौतीपूर्ण अवस्थामा कम्युनिस्ट आन्दोलन तथा राष्ट्रिय स्वाधीनता र जनक्रान्तिको उपलब्धिको रक्षाका लागि सम्पूर्ण कम्युनिस्ट, वामपन्थी, समाजवादी शक्ति र पार्टीहरूलाई एकताबद्ध भएर अगाडि बढ्न अपिल गरेको थियो। 'हाम्रो पार्टीले अँगालेको नीति, विचार, सिद्धान्त, कार्यक्रम र कार्यदिशासँग सहमत हुने वामपन्थी, कम्युनिस्ट तथा समाजवादी पार्टी र समूहसँग पार्टी एकता गर्न र अन्य पार्टी र समूहसँग वर्तमान सन्दर्भमा सहकार्य गर्न पहलकदमी अघि बढाउने निर्णय भएको छ,' एकीकृत समाजवादीका उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले भने।

विप्लव नेतृत्वको नेकपाले पार्टी एकताको पहल गर्न प्रवक्ता खड्गबहादुर विश्वकर्माको संयोजकत्वमा तीन सदस्यीय वार्ता समिति गठन गरेको छ। नेकपाको केन्द्रीय समिति बैठकले बनाएको समितिमा नेताहरू अनिल शर्मा र कर्णजित बुढाथोकी सदस्य छन्। 'परिस्थिति फेरिएको छ। विचार, सिद्धान्त मिल्ने दलहरू एक भएर जानुपर्ने आवश्यकता छ। त्यसका लागि हामी एजेन्डा बनाएर छलफल गर्छौं,' उनले भने।

नेसपा अध्यक्ष महिन्द्र राय यादवले समाजवादी मोर्चाका घटकबिच एकताको विषयमा छलफल हुँदै आएको बताउँदै वर्तमान परिस्थितिमा एकताको आवश्यकता झन् बढेर गएको बताए। उनले एकता र सहकार्यको नीतिअनुसार पार्टी अगाडि बढ्ने बताए। 'समाजवादी मोर्चाका घटकबिच एकताको विषयमा पहिलेदेखि नै छलफल हुँदै आएको हो। अहिलेको अवस्थामा एकता र सहकार्यको झन् बढी आवश्यकता भएको छ,' उनले भने।

■ बाबुरामले त्यागे अध्यक्ष



नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले पद त्यागेका छन्। बुधबार बसेको केन्द्रीय समिति बैठकमा उनले नेतृत्व हस्तान्तरण र पुस्तान्तरणका लागि भन्दै पद त्यागेका हुन्। 'देशमा लोकतन्त्र त आयो, तर लोकतन्त्रलाई ड्राइभ गर्ने दलमा लोकतन्त्र आएन। त्यसले गर्दा समस्या आएको हो। राजनीतिक दललाई लोकतान्त्रीकरण गर्ने, रूपान्तरण गर्ने, शुद्धीकरण गर्ने र नेतृत्व पुस्तान्तरण तथा हस्तान्तरण गर्ने तथा जनताप्रति जवाफदेही बनाउन आवश्यक छ,' बैठकमा भट्टराईको भनाइ उद्धृत गर्दै प्रवक्ता कृष्ण शर्माले भने, 'अहिलेको विद्रोह राजनीतिक दलको भ्रष्टीकरणविरुद्ध, राजनीतिक दलका नेतृत्वको सिन्डिकेटविरुद्ध, सत्तादोहनको विरुद्धको हो। पुराना शक्तिलाई विस्थापित गर्न नयाँ शक्तिलाई स्थापित गर्न जरुरी छ। हाम्रो पार्टी पनि सोहीअनुसार अगाडि बढ्नुको विकल्प छैन। त्यसका लागि म पद त्याग्छु।'

शर्माका अनुसार भट्टराईले अध्यक्ष पद त्यागेपछि दुर्गा सोवको संयोजकत्वमा पार्टी पुनर्गठन गरेर केन्द्रीय समितिलाई विशेष महाधिवेशन आयोजक समितिमा रूपान्तरण गरिएको छ। सोव संयोजक, शर्मा प्रवक्ता र सोनामसिंह स्याङ्तानलाई सदस्यसचिवको जिम्मेवारी दिइएको छ। महाधिवेशनको मिति भने तोकिएको छैन। विचार मिल्ने दलहरूसँग एकता गर्ने नीतिसमेत नेसपा नयाँ शक्तिले लिएको छ। त्यसका लागि नेतृ मानुषी यमी भट्टराईको संयोजकत्वमा वार्ता संवाद समिति गठन गरिएको छ। ०८१ फागुनमा भएको महाधिवेशनमा नेत्र चापागाईंलाई पराजित गर्दै बाबुराम अध्यक्षमा निर्वाचित भएका थिए।

■ माओवादी केन्द्रीय समितिका एजेन्डा तय

माओवादीको स्थायी समिति बैठकले केन्द्रीय समिति बैठकको एजेन्डा तय गरेको छ। बुधबार बसेको स्थायी समिति बैठकले केन्द्रीय समिति भंग गरी महाधिवेशनमा जानेसहितका एजेन्डा तय गरेको हो। अध्यक्ष प्रचण्डले राजनीतिक प्रतिवेदन पेस, प्रतिवेदनमाथि छलफल, विशेष महाधिवेशन, प्रतिनिधिसभा निर्वाचन, पार्टी एकता तथा ध्रुवीकरण, राहत तथा पुनर्निर्माण, जनपरिचालन तथा जनसम्बन्धलगायत एजेन्डा तय भएको छ। प्रचण्डकै नेतृत्वमा महाधिवेशनमा जाने प्रस्ताव पनि बैठकमा पेस हुनेछ। आगामी महाधिवेशनमा एकता महाधिवेशन हुने माओवादी स्रोतले जनाएको छ। केन्द्रीय समिति विघटन र महाधिवेशनको प्रस्ताव गरिए पनि मिति भने प्रस्ताव भएको छैन। केन्द्रीय समिति बैठकले मिति तय गर्नेछ।

बैठकमा प्रचण्डले जेन-जी आन्दोलनको माग ठिक भए पनि साम्राज्यवादी र दलालहरूले घुसपैठ गरेको बताएका छन्। 'जेन-जीका माग जायज थिए। उनीहरूले शान्तिपूर्ण आन्दोलन सुरु गरेका थिए। तर, पछि साम्राज्यवादी र दलालहरूको घुसपैठ भयो। जसको कारण यो परिणाम आयो। अब हाम्रो मुख्य लडाइँ राष्ट्रिय स्वाधीनताका लागि हुनेछ,' प्रचण्डको भनाइ उद्धृत गर्दै एक नेताले भने। छलफलका लागि प्रदेशगत रूपमा समूह बनाइनेछ। समूहगत छलफलको निष्कर्ष हलमा प्रस्तुत हुने र अध्यक्षले संश्लेषण गर्दै बैठक समापन गर्ने तयारी छ।

माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव जनार्दन शर्माले केन्द्रीय समिति बैठकको समय र फरक मतबारे प्रश्न उठाएका छन्। केन्द्रीय समिति बैठकको एजेन्डा तय गर्न बुधबार बसेको स्थायी समिति बैठकमा बैठक लम्ब्याउनुपर्ने र फरक मत राख्न पाउनुपर्ने विषय दुवै नेताले उठाएका थिए। बैठकमा अध्यक्ष प्रचण्डले नौवटा एजेन्डा पेस गरेका थिए। तर, बैठक बिहीबार एक दिन मात्रै बस्ने भनेपछि श्रेष्ठ र शर्माले समय नपुग्ने भन्दै प्रश्न उठाएको एक स्थायी समिति सदस्यले बताए। श्रेष्ठले फरक मतमाथि छलफल गरेर जानुपर्ने मत राखेका छन्। 'बैठक बोलाएपछि गहन छलफल हुनुपर्छ। फरक मतलाई पनि स्थान दिनुपर्छ। हतारमा बैठक बोलाउने र सक्ने कुरा ठिक होइन,' श्रेष्ठको भनाइ उद्धृत गर्दै एक स्थायी समिति सदस्यले भने।

शर्माले गत पदाधिकारी बैठकमा वरिष्ठ नेतालाई संयोजक बनाएर विशेष महाधिवेशनमा जानुपर्ने लिखित प्रस्ताव गरेका थिए। स्थायी समिति बैठकमा पनि उनले उक्त विषय उठाएका छन्। र, गहन छलफल गर्न एक दिनको समयले नपुग्ने उनको जिकिर छ। 'एक दिनले भ्याइँदैन। बैठक दुई दिन गरौं। सबै विषयमा गहन छलफल गरौं। कम्तीमा फरक मतमाथि छलफल हुनुपर्छ,' शर्माको भनाइ उद्धृत गर्दै ती नेताले भने। तर, प्रचण्डले समूहगत रूपमै धारणा बनाएर राख्न सकिने बताएका छन्। 'केही छ भने समूहगत रूपमा छलफल गरेर हलमा ल्याउन सकिन्छ। बैठक एक दिनभन्दा बढी लम्ब्याउने अवस्था छैन,' प्रचण्डको भनाइ उद्धृत गर्दै ती नेताले भने। प्रचण्डले प्रस्ताव गरेका एजेन्डा अनुमोदन गर्दै स्थायी समिति बैठक समापन गरिएको छ।

दुई सय रोहिंग्याको नेपाली कागजात छानबिन हुँदै

नयाँ पत्रिका

करिब दुई सयजना म्यान्मारका रोहिंग्याले नेपाली राहदानी लिई साउदी अरबमा काम गर्न गएको विषयमा छानबिन सुरु भएको छ। साउदी अरबस्थित नेपाली दूतावास र साउदी सरकारको समन्वयमा यसबारे सत्य जाँच प्रक्रिया थालिएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

'म्यान्मारका रोहिंग्याहरूले नेपाली राहदानी लिएर साउदी अरब गएको भन्ने विषयमा सत्य जाँच गर्ने प्रक्रिया सुरु भइसकेको छ। यो चाँडै तार्किक निष्कर्षमा पुग्नेछ,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने।

मंगलबार परराष्ट्रसचिव अमृतबहादुर राई, अध्यागमन अधिकारी तथा खाडी मुलुकमा कार्यरत नेपाली राजदूतबिच यसबारे भिडियो छलफल भएको थियो। त्यसक्रममा म्यान्मारका रोहिंग्या समुदायका दुई सयजनाले नेपाली राहदानी लिएर यात्रा गरेको जानकारीमा आएपछि यसबारे छानबिन सुरु भएको हो। 'निजहरूको राहदानी, नागरिकतालगायत अन्य कागजातको सत्यता स्थापित गर्ने प्रक्रियामा रहेको छ,' परराष्ट्र प्रवक्ता क्षेत्रीले भने।

परराष्ट्र मन्त्रालयले गृह मन्त्रालयअन्तर्गत अध्यागमन विभागको अनुरोधसमेतलाई ध्यान दिई खासगरी भिजिट भिसामा अन्य मुलुकमा गई वैदेशिक रोजगारीमा संलग्न हुने नेपालीको विषयमा छलफल गरेको जनाएको छ। भिजिट भिसाको वर्तमान अवस्था, यसरी रोजगारीमा संलग्न हुने प्रवृत्ति, यसबाट आइपर्ने चुनौती तथा जोखिमहरू, अध्यागमन नियमन सम्बन्धमा आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिका विषयमा परराष्ट्रसचिव राईको उपस्थितिमा विदेशस्थित नौवटा नेपाली नियोगसँग छलफल भएको थियो।

'वैदेशिक रोजगारीमा जाने प्रायः सबै नेपालीको उमेर १८-४० वर्षको हुने र हालै मुलुकमा भएको आन्दोलनको मुख्य मागलाई ध्यानमा राखी भिजिट भिसाको प्रक्रियालाई सरलीकृत र व्यवस्थित गर्न श्रम आप्रवासन व्यवस्थापन र अध्यागमन नियमनका क्षेत्रमा गरिनुपर्ने सुधारका विषयमा अन्तर्क्रिया गरिएको थियो,' परराष्ट्रले बुधबार जारी विज्ञप्तिमा भनिएको छ, 'यसका लागि एकीकृत सूचना प्रणालीको उपयोग तथा तथ्यांक आदानप्रदान, अन्तरमन्त्रालय/अन्तरनिकाय समन्वय, द्रुत प्रतिकार्य टोलीको व्यवस्था, आपत्कालीन उद्धार कोषको स्थापना, भिजिट भिसामा जान बिमा गर्न सकिने सम्भावना, सम्बन्धित मुलुकको अध्यागमन निकायसँग पहुँच तथा समन्वयबारे छलफल भएको थियो।'

मानव तस्करी नियन्त्रण र संलग्नलाई कारबाही, नियन्त्रित यात्रा अनुमति लागू गर्न सकिने सम्भावना, उद्धार तथा फिर्ताका लागि विभिन्न मुलुकसँग सम्झौता/समझदारी गर्ने सम्भावना, संस्थागत क्षमता अभिवृद्धि गर्ने, भिजिट भिसामा जानेको तथ्यांक आदानप्रदान प्रणाली लागू गर्नेलगायत विषयमा पनि छलफल भएको थियो। भिजिट भिसामा गई रोजगारीमा संलग्न हुनेमा भाषा तथा कामसम्बन्धी तालिमको अभाव र यसबाट सिर्जित समस्या, नियोगहरूमा विद्यमान कर्मचारी तथा बजेट अभावलाई सम्बोधन गर्नुपर्ने विषयमा गम्भीर छलफल भएको परराष्ट्रले जनाएको छ।

संक्षेप

कांग्रेसले फिर्ता लियो मधेश सरकारलाई दिएको समर्थन

जनकपुरधाम/ कांग्रेसले मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। बुधबार बसेको कांग्रेस मधेश संसदीय दलको बैठकले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिने र आफ्ना मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरेको छ। कांग्रेस प्रमुख सचेतक कुमरकान्त झाले बुधबार नै प्रदेश सभामुख रामचन्द्र मण्डललाई भेटेर समर्थन फिर्ताको पत्र बुझाएका छन्। वर्तमान सरकारमा कांग्रेसले भूमि व्यवस्था, कृषि तथा सहकारी, अर्थ, ऊर्जा, सिँचाइ तथा खानेपानी र श्रम तथा यातायात मन्त्रालय गरी चारवटा मन्त्रालय पाएको थियो। कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले सामाजिक सञ्जालमार्फत राजीनामा दिइसकेको अवस्थामा मुख्यमन्त्री सिंहले लिखित रूपमा राजीनामा नदिनु गलत रहेको बताए। 'मुख्यमन्त्री सिंहको सरकारलाई उहाँको आफ्नै पार्टीले समर्थन फिर्ता लिएको छ। मुख्यमन्त्री र मन्त्रीहरूलाई फिर्ता बोलाएको छ। यस्तो अवस्थामा कांग्रेसले कुनै व्यक्तिलाई समर्थन दिइरहनु औचित्य रहेन। त्यसकारण समर्थन फिर्ता लिने निर्णय गरेका हौं,' उनले भने। जेन-जी आन्दोलनका कारण धेरै विषय परिवर्तन भएकाले अहिलेको अवस्थामा सर्वपक्षीय सरकार बनाउनुपर्ने उनले बताए। जेन-जी आन्दोलनको दोस्रो दिन २४ भदौमा मुख्यमन्त्री सिंहले सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरेका थिए। तर, आन्दोलन रोकिएपछि आफूले राजीनामा नदिएको दाबी गरे।

प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा सुदूरपश्चिम कांग्रेसका २३ नेता

धनगढी/ कांग्रेस सुदूरपश्चिमका २३ जना नेताले संसद् पुनर्स्थापनाको माग गरेका छन्। उनीहरू तत्काल पार्टीको नेतृत्व परिवर्तनको विपक्षमा उभिएका छन्। धनगढीमा बुधबार बसेको बैठकपछि विज्ञप्ति जारी गर्दै कांग्रेस नेताहरूले पार्टीमा भइरहेको विशेष महाधिवेशनको माग, हस्ताक्षर संकलन, अल्पमत, बहुमतजस्ता गतिविधिले पार्टीलाई विभाजनतिर लैजाने चिन्ता व्यक्त गरेका छन्। प्रतिनिधिसभा पुनर्स्थापना गर्नुपर्ने, पुनर्स्थापित प्रतिनिधिसभामार्फत संविधान संशोधन गर्नुपर्ने, पुनर्स्थापित प्रतिनिधिसभामा जेन-जी युवाहरूलाई सहभागी गराउनुपर्ने र संशोधित संविधानमा टेकेर आमनिर्वाचन गर्नुपर्ने माग नेताहरूले गरेका छन्।कांग्रेसभित्र विशेष महाधिवेशनमार्फत नेतृत्व परिवर्तन गर्नुपर्ने आवाज उठिरहेका बेला सुदूरपश्चिमका नेताहरू भने पार्टी सभापति शेरबहादुर देउवाको पक्षमा उभिएका छन्। मुख्यमन्त्री कमलबहादुर शाहको संयोजकत्वमा भएको कांग्रेस केन्द्रीय सदस्य, प्रदेश समिति र जिल्ला समितिका पदाधिकारी, प्रदेश सांसदलगायतको बैठकले विशेष महाधिवेशन माग गर्दै हस्ताक्षर संकलन गर्नु अनुचित रहेको निष्कर्ष निकालेको हो। कांग्रेस सुदूरपश्चिम प्रदेश समितिका प्रवक्ता सुरत रावतले संसद् पुनर्स्थापनाको मागलाई प्रमुख रूपमा उठाउने निर्णय बैठकले गरेको बताए। 'पार्टी सभापति अस्पतालको शय्यामा रहेका बेला उहाँविरुद्ध हस्ताक्षर अभियान सञ्चालन गर्नु अनुचित हो भन्ने निष्कर्ष रह्यो,' उनले भने।

महोत्तरी गाउँपालिकाले पायो हाते अल्ट्रासाउन्ड मेसिन

महोत्तरी/ महोत्तरी गाउँपालिकाले वन हर्ट वर्ल्डवाइड संस्थाको आर्थिक सहयोग र रतौली युवा क्लबको प्राविधिक सहयोगमा हाते ग्रामीण अल्ट्रासाउन्ड मेसिन (आरओयुएसजी) सहयोग पाएको छ। मंगलबार गाउँपालिकामा एक कार्यक्रम आयोजना गरी रतौली युवा क्लबका कार्यकारी निर्देशक वैद्यनाथ चौधरीले गाउँपालिका प्रमुख दिलीप पाण्डेयलाई आरओयुएसजी हस्तान्तरण गरेका छन्। महोत्तरी गाउँपालिकामा ठुला र सुविधासम्पन्न अस्पताल नभएको अवस्थामा यो सानो मेसिनले ग्रामीण भेगका गर्भवती महिलाको गर्भ जाँच गर्न सुविधा हुने र यसलाई सहजै एक ठाउँबाट अर्को ठाउँमा लग्न सक्ने भएकाले उपयोगी हुने अपेक्षासहित गाउँपालिकालाई हस्तान्तरण गरिएको रतौली युवा क्लबका कार्यकारी निर्देशक चौधरीले बताए। आरओयुएसजी हाल महोत्तरी गाउँपालिकाकै मडई स्वास्थ्य चौकीमा राखिने र हरेक महिना पालिकाअन्तर्गतको सबै स्वास्थ्य चौकीमा लगेर गर्भवती महिलाको स्वास्थ्य जाँच गरिने पालिका अध्यक्ष पाण्डेयले बताए। उनले निःशुल्क रूपमा गरिने अल्ट्रासाउन्ड मेसिनले यस भेगमा उच्चतम सेवा दिने अपेक्षा गरे।

विपिन रिहाइको पहल, आमा र बहिनी अमेरिकातर्फ

नयाँ पत्रिका

इजरायलको किबुज आलुमिमबाट २३ असोज ०८० मा हमासको अपहरणमा परेका विपिन जोशीको रिहाइ पहलका लागि परिवारजन अमेरिका प्रस्थान गरेका छन्। हमासको अपहरणमा परेका इजरायलका अन्य व्यक्तिका परिवारजनसँगै उनीहरू न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका पदाधिकारीसँग भेटवार्तालगायत कार्यक्रममा सहभागी हुने भएका छन्।

विपिनकी आमा पद्मा जोशी र बहिनी पुष्पा जोशी बुधबार करिब एक साताका लागि अमेरिका प्रस्थान गरेका हुन्। उनीहरूको हवाई टिकट र बसोबासलगायतको सबै व्यवस्था इजरायलस्थित परिवारहरूसँग समन्वय गर्ने संस्थाले व्यहोरेको छ। न्युयोर्कमा रहँदा उनीहरूलाई आवश्यक सहयोग नेपाली नियोगले पनि गर्नेछ।

'विपिन जोशीको परिवारजन अमेरिका जानुभएको छ। उहाँहरूको भ्रमणका लागि परराष्ट्र मन्त्रालयले समन्वय गरेको



छ। विपिन रिहाइको विषयसँग सम्बन्धित उहाँहरूका हरेक कार्यक्रममा आवश्यक समन्वय र सहयोग गरिदिन नेपाली स्थायी नियोग न्युयोर्कलाई निर्देशन दिएका छौं,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले भने।

विपिनका परिवारजनले सोमबार परराष्ट्रसचिव अमृतबहादुर राईसँग भेट गरेका थिए। राईले उनीहरूलाई आवश्यक सबै सहयोग गर्न निर्देशन दिएको क्षेत्रीले बताए। उनीहरू यसअघि भदौमा इजरायल भ्रमणमा गएर त्यहाँका शीर्ष नेतालगायत सरोकारवाला सबैसँग भेटवार्ता गरेका थिए।

उनीहरू यतिबेला राष्ट्रसंघमार्फत अन्तर्राष्ट्रिय समुदायलाई अपिल गर्ने उद्देश्यले अमेरिका गएका छन्। गैरआवासीय नेपाली संघ (एनआरएनए)ले बुधबार जारी गरेको विज्ञप्तिअनुसार परिवारजनले न्युयोर्कस्थित राष्ट्रसंघका पदाधिकारीसँग भेटवार्ता गर्ने कार्यक्रम छ। 'उहाँहरूको अमेरिका बसाइमा गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् र राष्ट्रिय समन्वय परिषद् अमेरिकाले प्रत्यक्ष सहजीकरण गर्नेछ,' एनआरएनएको विज्ञप्तिमा छ। एनआरएनएका क्षेत्रीय संयोजक वेद बस्नेत, एनसिसी अमेरिका अध्यक्ष विकास उप्रेती, आइसिसी सदस्य विष्णु रानामगर, महेश खड्कालगायतको सक्रियतामा उनीहरूलाई सहयोग हुनेछ।

इजरायलले हमास नियन्त्रित गाजा क्षेत्रमा गरेको भीषण सैन्य अपरेसनसँगै त्यहाँ रहेका विपिनलगायत २० जना जीवित युद्धबन्दीको भविष्य अनिश्चित भएको छ।

कांग्रेस सभापति देउवा डिस्चार्जपछि ललितपुर सर्ने

काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी डा.आरजु राणा देउवा डिस्चार्जपछि ललितपुर सर्ने भएका छन्। जेन-जी आन्दोलनमा आक्रमणकारीबाट सख्त घाइते भएका देउवादम्पतीको सैनिक अस्पताल छाउनीमा उपचार भइरहेको छ। पूर्ण स्वास्थ्य लाभपछि उनीहरू ललितपुर सर्ने योजनामा छन्। तर, ललितपुरमा सानेपा या जावलाखेलमध्ये कहाँ सर्ने अन्तिम टुंगो लागिनसकेको प्रचार विभागका प्रमुख मीन विश्वकर्माले जानकारी दिए। 'उहाँहरू ललितपुरमा सर्नुहुन्छ, तर सानेपा या जावलाखेलमध्ये कहाँ सर्ने टुंगो लागिसकेको छैन,' उनले भने। सानेपा आरजुको माइतीघर हो भने जवलाखेल उनको भाइ भूषण राणाको निवास हो। दुईमध्ये एउटामा सर्ने तयारी भए पनि उनीहरूको परिवारले नै अन्तिम निर्णय लिने विश्वकर्माले बताए।

उनीहरूको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको छ। उनीहरू दुवै बोल्ने, सामान्य हिँड्डुल गर्ने, बाथरुम जाने गर्छन्। तर, देउवाको पछाडिपट्टिको घाउ पूर्ण निको नभइसकेको र ड्रेसिङ गर्नुपर्ने अवस्था रहेकाले अझै एक-दुई दिनपछि मात्र अस्पतालले डिस्चार्ज गर्ने तयारी गरेको छ।सभापति देउवा उपसभापति पूर्णबहादुर खड्कासहित अधिकांश नेताहरूसँग नियमितजस्तै टेलिफोन सम्पर्कमा छन्। अस्पतालमा नेताहरूको भिडभाड हुने सम्भावनाका कारण अहिले कसैलाई भेट गर्न दिइएको छैन। तर, पार्टी सञ्चालनका लागि भने पदाधिकारीसहित अधिकांश नेता सम्पर्क र समन्वयमै रहेको प्रचार विभाग प्रमुख विश्वकर्माले जानकारी दिए। नियमित घटनाक्रमबारे उपसभापति खड्काले नै देउवालाई ब्रिफिङ गर्दै आएका छन्।

भारतबाट फर्कने नेपालीलाई नाकामा सास्ती

पैसा असुल्दै भारतीय सुरक्षाकर्मी, चेकजाँचका नाममा घण्टौं राखिन्छ लाइनमा

धनगढीमा **तेजराज भट्ट**

दसैँ मनाउन भारतबाट स्वदेश फर्किरहेका नेपालीले सीमानाकामा सास्ती खेपिरहेका छन्। भारतीय सीमा सुरक्षा अधिकारीले गौरीफन्टा नाकामा चेकजाँचमा कडाइ गरेपछि घर फर्किने नेपाली नाका पार गर्न घण्टौं लाइनमा बस्न बाध्य छन्। भारतीय भन्सार कर्मचारी र सुरक्षाकर्मीले सामान ल्याएको बहानामा नेपालीसँग पैसासमेत असुलिरहेका छन्।

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका क्रममा नेपालका विभिन्न कारागारबाट ठुलो संख्यामा कैदीबन्दी फरार भएपछि भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले चेकजाँचमा कडाइ गरेको हो। एसएसबीले यो नाका भएर भारत जाने र आउने प्रत्येकको परिचयपत्र हेर्नुका साथै सामान जाँच गर्ने गरेको छ।

नाकामा लाइन लगाएर चेकजाँच गर्न थालिएपछि नाका पार गर्न तीन घण्टाभन्दा बढी समय लाग्ने गरेको गुनासो घर फर्किरहेका नेपालीले गरेका छन्। भारतको बेंग्लोरबाट घर फर्कन लागेका बभ्राडको थलारा गाउँपालिका- २, दंगाजीका प्रकाश खातीले नाका पार गर्न निकै सास्ती खेप्नुपरेको गुनासो गरे। श्रीमती र दुई नाबालक छोरीसँगै चार वर्षपछि दसैं मनाउन घर फर्कन लागेका उनले नाकावारि आइपुग्न तीन घण्टा लाइन लागेको बताए।

'बिहान ८ बजे गौरीफन्टा पुगेका थियौं, लाइन लागेर वारि आउन ११ बज्यो,' उनले भने, 'यस्तो चर्को घाममा घण्टौं लाइन लाग्न निकै सास्ती भयो।' एसएसबीले परिचयपत्र मागेको र सामान चेक गरेको उनले बताए। गौरीफन्टा र नेपालतर्फ त्रिनगर नाका



भारतबाट दसैं मनाउन कैलालीको त्रिनगर नाकाबाट स्वदेश फर्कंदै गरेका नेपाली।

जोडिएकाले सामान्यतया वारपार गर्न समय लाग्दैन।

भारतको दिल्लीबाट फर्किएकी कैलालीको लम्कीचुहा नगरपालिकाकी धिरजा न्यौपानेले नाका पार गर्न दुई वर्षीय छोरा काखी च्यापेर साढे दुई घण्टा लाइन बस्नुपऱ्यो। मंगलबार बिहान नाकावारि उनी आफ्ना श्रीमान्को पर्खाइमा थिइन्। 'लाइनमा सँगसँगै थियौं, उहाँ सामान चेक गराउँदै हुनुहुन्छ,' उनले भनिन्, 'नाका पार गर्न धेरै गाह्रो रहेछ।' न्यौपानेका अनुसार उनका श्रीमान् दिल्लीको एक होटेलमा काम गर्छन्।

कारागारबाट भागेका कैदीबन्दी आउन सक्ने भन्दै आन्दोलनपछि केही दिन यो नाकाबाट नेपालीलाई भारत जान रोक लगाइएको थियो। अहिले आवातजावत खुलाइए पनि एसएसबीले चेकजाँचमा कडाइ गरेको छ। रोजगारीको सिलसिलामा भारतमा रहेका नेपाली दसैं सुरु भएसँगै घर फर्कन थालेका हुन्। नाकामा घर फर्कनेको भिड लागेको छ।

भारतीय प्रहरी र भन्सार कर्मचारीले सामान चेकजाँचका नाममा पैसा असुलिरहेको गुनासो घर फर्किरहेका नेपालीले गरेका छन्। काम गरेर आउनेले केही न केही सामान ल्याएका हुन्छन्। त्यही सामान ल्याएको बहानामा फर्किएका अधिकांशसँग पैसा असुल्ने गरिएको बताइएको छ।

बेंग्लोरबाट फर्किएका कैलालीको मसुरियाका प्रकाश विकले सामान ल्याएबापत भारतीय प्रहरीले तीन सय भारु असुलेको बताए। 'त्यहाँ प्रयोग गरेको टिभी ल्याएको थिएँ। केही लत्ताकपडा र अरू सामान थिए,' उनले भने, 'तीन सय रुपैयाँ मागे। पैसा नदिए सामान राखिदेलान् भन्ने लाग्यो।'

बेंग्लोरबाटै आएका बाजुराको खप्तड छेडेदह गाउँपालिका काँडाका लोकेन्द्र रावतले गौरीफन्टामा भारतीय सुरक्षाकर्मीलाई दुई सय भारु बुझाएको बताए। रावतका अनुसार उनीसँग रहेको दुईवटा सुटकेस हेरेपछि भारतीय सुरक्षाकर्मीले दुई सय मागेका थिए। रोकेर राखिदेलान् भन्ने डरले पैसा दिएर आएको उनले बताए। 'सुटकेस हेरेर पैसा लाग्छ भन्यो। अर्काको देश, पैसा दिँदैन भनेर विवाद गर्न सकिएन,' उनले भने, 'मसँगै लाइनमा रहेका धेरैले पैसा दिए। केही पैसा नदिएर सरासर निस्के पनि।'

त्रिनगर नाकामा खटिएका एक प्रहरीका अनुसार घर फर्किरहेका धेरैजसो नेपालीसँग भारतीय सुरक्षाकर्मीले पैसा असुलिरहेका छन्। एसएसबीले भने चेकजाँच मात्र गर्ने गरेको उनले बताए। 'चाडपर्वका बेला सधैं यस्तै हो, विभिन्न बहानामा पैसा असुल्छन्,' ती प्रहरीले भने, 'हामी पारि गएर पैसा नलिनु भन्न पनि सक्दैनौं।' घर फर्कनेलाई वारि रिक्साचालकले पनि चौराहा, बसपार्कसम्म पुऱ्याएको मनपरी भाडा असुल्ने गरेका छन्।

चाडबाडका बेला घर फर्कने नेपालीको घुइँचो लाग्न थालेपछि नाकामा सशस्त्र र नेपाल प्रहरीको सहायता कक्ष स्थापना गरिएको छ। पैसा असुलेको गुनासो भने सहायता कक्षमा नआएको सशस्त्र प्रहरी ३४ नम्बर गण धनगढीका सशस्त्र प्रहरी नायब उपरीक्षक जनकराज पन्तले बताए। पैसा असुलेको गुनासो आए भारतीय सुरक्षा अधिकारीहरूसँग समन्वय गरिने उनले बताए। 'पारि पैसा असुल्ने गरेको गुनासो अहिले आएको छैन। गुनासो आए समन्वय गर्छौं,' पन्तले भने।

जेन–जी आन्दोलनको सन्देश र दलहरूको कार्यभार

जेन-जीको आन्दोलन केवल सडकमा उठेको आक्रोश होइन, यो मुलुककै भविष्यप्रतिको चेतावनी हो



● डा. वसन्त न्यौपाने

अग्रलेख

हरेक आन्दोलनमा झैँ यो झरीयाममा पनि नेपालको सडकमा फेरि युवा पुस्ताको स्वर गुञ्जियो। झन्डै दुईतिहाइको समर्थन प्राप्त ओली सरकारलाई हातमा प्लेकार्ड, छातीमा साहस र आक्रोश बोकेका लाखौँ युवाको दुईदिने आन्दोलनले भित्तामै पुऱ्याइदियो र संसद्मा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भनेझैँ हेलिकोप्टर लिएर भाग्नुपर्ने अवस्था आयो। जेन-जीको माग थियो, 'भ्रष्टाचार अन्त्य होस्, अवसरको समान वितरण होस् र युवालाई सुनियोस्।' जनतामा रहेको लामो समयदेखिको उकुसमुकुस एकैपटक सडकमा पोखियो। यो आन्दोलन कुनै दल वा गठबन्धनले आयोजना गरेको थिएन। यो स्वतन्त्र रूपमा जन्मिएको, सामाजिक सञ्जालमार्फत फैलिएको अनि देशभर एकैपटक गुञ्जिएको युवाको सामूहिक आक्रोश थियो। जसले एकै क्षणमा समग्र राजनीतिको कोर्स नै परिवर्तन गरिदियो।

नेपाली जनता अलि भावुक छन्, त्यो कमजोर भावनालाई केही निश्चित स्वार्थ समूहले 'म्यानुपुलेट' गरेर समग्र शासन व्यवस्थाविरुद्ध प्रयोग गर्दै आएको छ। नेपालको राजनीति विगत केही दशकदेखि अस्थिर छ। सानो विरोध तथा विद्रोह पनि हिंसामै परिणत भइरहेको छ। संविधानसभाबाट संविधान जारी भए पनि राजनीतिक दलबिचको अकर्मण्यता, असहमति, नेतृत्ववरिपरि रहने समूहको स्वार्थ तथा भ्रष्टाचार, अवसरको असमान वितरण, सीमित व्यक्तिको घेराबन्दी र निर्णय प्रक्रियामा ढिलाइले देशलाई बारम्बार संकटमा पुऱ्याएको छ। आममानिसले आफ्नो सरकार छ भन्ने अनुभूति गर्न नसक्नु, युवालाई क्षमताअनुरूप अवसर दिन नसक्नुले समेत मानिसमा सरकार र दलका नेतृत्वप्रति वितृष्णा जागिरहेको थियो। आन्दोलनमा जेन-जीको व्यापक सहभागिताले यसलाई थप प्रस्ट बनाएको छ। दलको नेतृत्ववरिपरि रहने स्वार्थ समूह, पारदर्शिता र जवाफदेहिताको कमी र नीति-निर्माणमा दीर्घकालीन दृष्टिकोणको अभावले सरकारविरुद्ध सडकमा आउन जेन-जीलाई प्रेरित गऱ्यो। युवा अब परम्परागत राजनीतिक संरचनामा सीमित रहन चाहँदैनन् भन्ने उनीहरूको सहभागिताले प्रस्ट पारेको छ।

आन्दोलनमा युवा सहभागिता : ०४६ को आन्दोलनमा पनि युवा नै नेतृत्वदायी भूमिकामा थिए। जनआन्दोलनपछि नेपालमा पञ्चायती व्यवस्था अन्त्य हुँदै बहुदलीय प्रजातन्त्र आयो। तर, देशले अपेक्षित सफलता प्राप्त गर्न सकेन। राजा र दलबिच समस्या देखिँदै आयो। एउटाले अर्कालाई देखाएर पन्छिए पनि जनताका आधारभूत समस्या ज्युँकात्युँ रहे। नेता परिवर्तन भए, तर तिनको संस्कार परिवर्तन भएन। फलस्वरूप जनताले विद्रोह गरे र २४० वर्षे राजतन्त्र अन्त्य भयो। ०६२/६३ को आन्दोलनपछि देशमा गणतन्त्र आयो, एकात्मक व्यवस्था परिवर्तन भई संघीय शासन व्यवस्था सुरु भयो। तर, यी सबै राजनीतिक परिवर्तनले जनताको जीवनमा अपेक्षित सुधार ल्याउन भने सकेन। लोकतन्त्रको दशकौँको अभ्यासपछि पनि सुशासन र पारदर्शिताको प्रत्याभूति जनताले पाउन सकेनन्। यसकारण मानिसमा असन्तुष्टि बढ्यो। सिंहदरबार मात्र गाउँमा पुगेन, त्यहाँको गलत संस्कार पनि तल्लो तहसम्मै पुगेका कारण पनि मानिसमा अहिलेको प्रादेशिक संरचनाप्रति आक्रोश बढेको देखिन्छ।

दलहरू शक्ति-संघर्ष र स्वार्थमा जकडिँदा जनतामा असन्तुष्टि बढ्दै गयो। यसैलाई पछिल्लो पुस्ता, जेन-जीले खुला रूपमा सडकमा उतारे र सरकारविरुद्ध जेहाद छेडे। भ्रष्टाचार, नातावाद, असमान अवसर र कमजोर सेवा-प्रवाहले जनतालाई निराश बनाएको अवस्थामा तिनको एउटा आह्वानमा हजारौँ मानिस सडकमा आए। शिक्षित युवाले पढाइलेखाइपछि पनि रोजगारी नपाउने, बिदेसिन बाध्य हुने अवस्था लामो समयदेखि रहेका कारण यो पुस्ता चरम निराशामा थियो, त्यही निराशा सडकमा पोखियो।

आन्दोलन र घटनाक्रम : सुरुवाती चरणमा युवा शान्तिपूर्ण प्रदर्शनमै थिए। तिनको आन्दोलन सामान्य थियो। सामाजिक सञ्जालमा 'भ्रष्टाचारविरुद्धको आवाज' भन्ने ह्यासट्याग ट्रेन्ड भयो। विश्वविद्यालयका विद्यार्थीदेखि सडकका साधारण युवासम्म हातमा प्लेकार्ड बोकेर सडकमा निस्किए। सरकारले सुरुमा यसलाई सामान्य असन्तुष्टि ठानेर बेवास्ता गऱ्यो। तर, २३ गतेको अपराह्नपछि आन्दोलन बिस्तारै भड्कियो, उग्रता बढ्दै गयो। हाम्रो राज्य संयन्त्रमा समन्वयको अभाव देखियो। प्रहरीमा भिड तथा दंगालाई कसरी नियन्त्रण गर्ने भन्ने सामान्य ज्ञानको अभाव देखियो। आन्दोलनमा सरकारले कठोरता देखाएर निर्ममतापूर्वक दमन गऱ्यो। यही दमन नै ओली सरकार बहिर्गमनको प्रमुख कारण बन्यो। प्रहरीबलको अत्यधिक प्रयोग, अन्धाधुन्द लाठीचार्ज र गोलीसम्म चलाउँदा परिस्थिति आक्रामक भयो। ६ दर्जनभन्दा बढी युवाको ज्यान गयो, सयौँ घाइते भए। आन्दोलन अत्यन्त विध्वंसक र अराजक भयो।

नेतृत्वहीन आन्दोलन : १३ देखि २७ वर्षका युवाको आह्वानमा भएको आन्दोलन फैलँदो क्रममा थियो। त्यसमा सबै उमेर समूहका मानिसले सहयोग गरेका थिए। आन्दोलन कुनै समूह अथवा व्यक्तिको नेतृत्वमा थिएन। आन्दोलनकारी स्वतःस्फूर्त रूपमा सहभागी थिए। यसलाई कुनै दलका युवा तथा विद्यार्थी संगठनले खुलेर सहयोग नगरे पनि तिनको सहभागिता भने थियो। आन्दोलनको पक्षमा खुलेर कुनै संगठनले आवाज उठाएनन्, समर्थन गरेनन्। बरु उनीहरू आआफ्ना दल र सत्ता-संरक्षणमा व्यस्त रहे। उनीहरूले यो आन्दोलनमा दलगत स्वार्थभन्दा माथि उठेर सहयोग तथा नेतृत्व गरेको भए कथाले अर्कै रूप लिने थियो। आन्दोलनको भावनाले न्याय पाउने थियो साथै परिवर्तनलाई सहज ढंगले संस्थागत गर्न सकिन्थ्यो। दलहरू जनताका प्रतिनिधि भए पनि उनीहरू जनतामै उठेको स्वतन्त्र आवाजसँग टाढा देखिए। यो आन्दोलन नेतृत्वविहीन रहे पनि आमसमर्थन जुटाउन सफल भयो र यो नै यसको शक्ति र कमजोरी दुवै हो। नेतृत्वकर्ता संगठन र व्यक्तिको नेतृत्व नभएका कारण यो अलि बढी आराजक हुन पुगेको भने पक्कै हो।

आन्दोलनले देखाएको मुख्य प्रश्न भनेको राजनीतिक शून्यता र नेतृत्वविहीनताको जगमा उभिएको अराजक भिडतन्त्रले परिवर्तन गरे पनि त्यो संस्थागत हुँदैन भन्ने हो। राजनीतिक दलहरूले युवा आन्दोलनलाई गम्भीरतापूर्वक नलिँदा, उनीहरूको प्रतिनिधित्व गर्ने कोही दल वा नेतृत्व नभएको अवस्थामा आन्दोलनले संस्थागत रूप लिन सकेन। संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले न त युवाको आवाजलाई प्राथमिकतामा राखे, न त वैकल्पिक नेतृत्व नै दिन सके। यतिखेर राज्यको संरचना पुरानै लयमा अड्किएको छ भने समाज नयाँ मार्ग खोजिरहेको छ। यही विरोधाभासले मुलुकलाई असमञ्जस र दिशाहीन अवस्थामा पुऱ्याइदिएको छ।

> अहिलेको परिवर्तनको वेगलाई सही लय दिन छाडेर अझै पुरानै नेतृत्वले बलजफ्ती गर्ने हो भने आउने चुनावले दलहरूको धडधडी नामेट पार्नेछ। तसर्थ 'ड्यामेज कन्ट्रोल' गर्नकै लागि भए पनि पुस्तान्तरणसहित नेतृत्व हस्तान्तरण आजको अपरिहार्य आवश्यकता हो।

युवाको आक्रोश केवल राजनीतिमाथि मात्र होइन, सामाजिक संरचनामाथि पनि हो। 'घुस तिरेपछि मात्र काम हुन्छ', 'नाता-सम्बन्ध भएन भने अवसर पाइँदैन' भन्ने संस्कृतिलाई तोड्नैपर्छ भन्ने चेतनाले आन्दोलनलाई ऊर्जा दियो। सडकमा उत्रिएका युवामध्ये धेरैले आफूलाई भविष्यविहीन महसुस गरेका थिए। रोजगारीको अवसर नपाउनु, पढाइ-लेखाइपछि पनि प्रतिभा मूल्यांकन नहुनु, अनि बिदेसिन बाध्य हुनुजस्ता कारणले उनीहरूले 'अब परिवर्तन हाम्रो हातमै छ' भन्ने सोच बनाए। तर, सरकारको कठोरताले उनीहरूमा घाउ मात्र थप्यो। समाजभरि 'हाम्रो आवाज सुन्ने कोही छैन' भन्ने भावना फैलियो। यही निराशाले भविष्यमा अझ गहिरो राजनीतिक र सामाजिक असन्तोष जन्माउन सक्छ।

समाधानको बाटो : अब प्रश्न उठ्छ, यो आन्दोलनले के दिन सक्छ ? यदि नयाँ बनेको अन्तरिम सरकारले अझै पनि युवाको आवाजलाई बेवास्ता गऱ्यो र आन्दोलनका एजेन्डालाई सही ढंगले बोक्न आनाकानी गऱ्यो भने असन्तोष झन् चर्किन्छ। यसले राजनीतिक अस्थिरता मात्र होइन, सामाजिक द्वन्द्वलाई पनि जन्म दिन सक्छ। जुन हाम्रो कल्पनाभन्दा कैयौँ गुणा भयंकर र कहालीलाग्दो हुन सक्छ। तर, सकारात्मक दृष्टिले हेर्ने हो भने यो आन्दोलनले नेपालको लोकतन्त्रलाई नयाँ मार्ग देखाउन सक्छ। युवालाई निर्णय प्रक्रियामा सहभागी गराउने, शिक्षा र रोजगारीको अवसर सुनिश्चित गर्ने, र शासन प्रणालीलाई पारदर्शी बनाउन सरकारले पहल गरे लोकतन्त्रलाई बलियो बनाउन सकिन्छ।

नेता-कार्यकर्तामुखी भन्दा पनि नागरिकमुखी राजनीतिमा रुपान्तरण गर्ने अवसर यही हो। समाधान युवालाई दमन गरेर सम्भव छैन। समाधान तिनको आवाज सुनेर, तिनलाई निर्णय प्रक्रियामा सहभागी गराएर मात्र सम्भव हुन्छ। यदि सरकारले युवाको मागलाई सम्मानपूर्वक सम्बोधन गऱ्यो भने पारदर्शी शासन, समान अवसर र शिक्षा-रोजगारीमा सुधार ल्यायो भने नेपालको लोकतन्त्र बलियो बन्छ।

जेन-जीको आन्दोलन केवल सडकमा उठेको आक्रोश होइन, यो मुलुककै भविष्यप्रतिको चेतावनी हो। भ्रष्टाचार, अन्याय र असमान अवसरले पीडित पुस्ताले देखाएको आँसु र रगतलाई बेवास्ता गर्ने गल्ती अब हामी गर्न सक्दैनौँ। यो आवाजलाई सुनेर राजनीतिक नेतृत्वले सुधारतर्फ कदम चाल्छ भने नेपालले नयाँ यात्राको सुरुवात गर्नेछ। तर, फेरि पनि पुरानै ढर्रा दोहोरियो भने यो आन्दोलन अझ ठुलो तुफान बन्नेछ।

जेन-जीको आन्दोलनले दिएको सबैभन्दा ठुलो सन्देश हो, अब पुराना दलले पुस्तान्तरण गर्न ढिलाइ गर्न मिल्दैन। पुरानो पुस्ताले देश र जनताका लागि दिएको योगदान सम्मानयोग्य छ। तर, समय, समाज र चेतना बदलिएको हुनाले पुरानै सोच र प्रवृत्तिले नयाँ पुस्ताको सपना पूरा गर्न सक्दैन। दलहरूले युवापुस्तालाई अगाडि ल्याएर जिम्मेवारी दिई नेतृत्व हस्तान्तरण गर्नुपर्छ। यसैमार्फत मात्रै भ्रष्टाचारविरोधी एजेन्डा संस्थागत हुन्छ, शासन पारदर्शी बन्छ र जनताको भरोसा पुनर्स्थापित हुन्छ। अन्तरिम सरकार बने पनि यसमा नयाँ पुस्ताको सहभागिता अनिवार्य छ। यदि फेरि पुरानै 'टेस्टेड' र 'फेलियर' पूर्वकर्मचारीले पालैपालो कुर्सी ओगट्ने चलन दोहोऱ्याए भने यो आन्दोलन अझ उग्र बन्न सक्छ, जसले मुलुकलाई दीर्घकालीन अस्थिरता र अराजकतातर्फ धकेल्नेछ।

निष्कर्ष : नेपाल आज एउटा संवेदनशील मोडमा छ। संसद्भित्रको अंकगणितीय खेलले जनताको अपेक्षा पूरा गर्न सकेन, नेताहरू पालैपालो म्युजिकल चेयरमा फेरिए मात्र। अब सबल र सक्षम युवालाई नेतृत्व हस्तान्तरण अपरिहार्य भइसकेको छ। जेन-जीले उठाएका मागलाई सम्बोधन गर्दै पुरानो राजनीतिक पुस्ताले इमानदारीपूर्वक नेतृत्व हस्तान्तरण गर्न सके मात्र संघीय लोकतान्त्रिक गणतन्त्र जोगिन्छ। यही बाटोले मात्र सहिदको रगतको सम्मान हुन्छ, दशकौँको संघर्षको उपलब्धि सुरक्षित हुन्छ र नेपाल स्थिर र समृद्ध भविष्यतर्फ डोरिन्छ।

अझै पनि पुराना राजनीतिक दलमा यो परिवर्तनलाई हेर्ने र बुझ्ने सन्दर्भमा समस्या देखिँदै छ। समयमै यस परिवर्तनको वेगलाई सही लय दिन नसक्ने र अझै पुरानै नेतृत्वले बलजफ्ती गर्ने हो भने आउने चुनावले उनिहरूको धडधडीलाई नामेट पार्ने निश्चितप्रायः छ। तसर्थ 'ड्यामेज कन्ट्रोल' गर्नकै लागि भए पनि पुस्तान्तरणसहित नेतृत्व हस्तान्तरण आजको अपरिहार्य आवश्यकता हो।

(डा. न्यौपाने समसामयिक विषयमा कलम चलाउने भूगोलविद् हुन्)

geo.bneupane@gmail.com

३ प्रश्न

पूर्वडिआइजी **हेमन्त मल्ल**लाई



प्रहरीले सधैँझैँ पर्वलक्षित विशेष सुरक्षा योजना ल्याएको छ, खासमा दसैँ-तिहारका वेला काठमाडौँमा केले सुरक्षा खतरा बढाउने रहेछ ?

दसैँमा काठमाडौँबाट ठुलो संख्यामा मानिस बाहिरिने गर्छन्। खाली घरमा चोरीको सम्भावना बढ्छ। त्यस्तै चाडपर्वमा रक्सी खाने, लुकेर जुवातास खेल्ने अभ्यास धेरै हुन्छ। यसले झैझगडा र कुटपिटका घटना बढाउने गरेको छ। त्यस्तै पर्वमा खुला देखिने सडकमा गाडी तीव्र गतिमा हुइँक्याउने प्रवृत्ति पनि छ। त्यसले दुर्घटना बढाउँछ। प्रायः सधैँ देखिने सुरक्षा चुनौती यिनै हुन्। यसपटक जेन-जी आन्दोलनका वेला हजारौँ कैदी जेलबाट भागेका छन्। प्रहरीको मनोबल कम भएको छ। पूर्वाधारमा क्षति पुगेको छ। यस्तो वेलामा सुरक्षा थ्रेट स्वतः बढी हुन्छ।

विशेष सुरक्षा योजनाका बाबजुद अपराध भइरहेका हुन्छन्, किन होला ?

जति नै प्रयास गरे पनि अपराध पूर्ण निर्मूल गर्न सकिँदैन। प्रहरीको उद्देश्य अपराधलाई सकेसम्म कम गर्ने हुन्छ। त्यसबाहेक अपराध कम गर्न नागरिकको पनि जिम्मेवारी हुन्छ। सामाजिक सञ्जालमा घर जाँदै छौँ भनेर सपरिवार फोटो हाल्ने प्रवृत्ति छ। त्यस्तै यो समय धनदौलतको तडकभडकपूर्ण प्रदर्शनसमेत गरिन्छ। यो त गलत नियत भएका मानिसलाई चोरी गर्न आऊ भनेजस्तो भयो। त्यसबाहेक मादक पदार्थ सेवन गर्ने र लापरबाहीका साथ सवारी चलाउने कुरामा पनि नागरिकले संयमता अपनाउन आवश्यक छ।

प्रविधिकै कुरा गर्दा प्रहरीले यसपटक ड्रोनको उपयोग बढाउने भनेको छ। प्रहरीलाई प्रविधिको प्रयोगले अपराध नियन्त्रणमा कत्तिको साथ दिने गरेको छ ?

प्रविधिले निश्चित रूपमा प्रहरीलाई धेरै सघाएको छ। ड्रोनको प्रयोग त भर्खरै बढ्न थालेको हो। सिसिटिभीले पहिलेदेखि धेरै सघाइरहेको छ। प्रहरी पुग्न नसकेको ठाउँमा समेत सिसिटिभीले अपराधी पत्ता लगाउन सघाएको छ। सिसिटिभी छ भनेपछि अपराधी हच्कन्छन्। तथापि, प्रहरीलाई प्रविधिले थप सुसज्जित बनाउने कुरामा लगानी कम छ। सरकारले यसमा गानी बढाउनुपर्छ।

प्रेरक प्रसंग

सम्राट् र माकुराको जाल

स्कटल्यान्डका सम्राट् ब्रुस गद्दीमा बसेको धेरै समय भएको थिएन। राजपाटबारे केही बुझ्नसमेत नपाउँदै उनका दुस्मनले आक्रमण गरे। आक्रमणको उनले डटेर सामना गरे र मुस्किलले सम्हालिएका मात्र थिए, दुस्मनले पुनः दोस्रोपटक आक्रमण गरे। यसपटक कैयौँ राजाले एकसाथ चारैतिरबाट उनीमाथि आक्रमण गरे। परिणामतः बहादुरीसाथ लड्दालड्दै पनि सम्राट् ब्रुस पराजित भए। उनको गद्दीमाथि दुस्मनले कब्जा जमाए। उनले १४ पटक प्रयास गर्दा पनि गद्दी जोगाउन सकेनन्।



सम्राट् ब्रुस दुस्मन सेनाको कब्जामा पर्दापर्दै जोगिए। पराजयबाट उनी निराश भए। आफ्नो राज्यबाट भागेर उनी एउटा अग्लो पहाडमा पुगे। पहाडको घना जंगलमा बसेर उनी आफ्नो साम्राज्य, दुस्मनहरूको आक्रमण, आफ्नो प्रत्याक्रमण, सेनाको मनोबल, घमासान युद्ध र आफ्नो पराजयको विषयमा गम्भीर भई मनमनै विश्लेषण गरिरहेका थिए। अचानक आँखा दुइटा रुखको बिचमा एउटा जाल बनाउने प्रयासमा जुटेको माकुरामा पुगेर केन्द्रित भए। माकुरा दुई रुखबिच हावामा जाल बनाउने प्रयास गरिरहेको थियो। तर, जति प्रयास गरे पनि उसको जाल टुटिरहेको थियो। जसले गर्दा ऊ आफ्नो लक्ष्यमा सफल हुन सकिरहेको थिएन। एकपछि अर्को गर्दै माकुरा २० पटक असफल भयो। तैपनि, उसले हिम्मत हारेन, आफ्नो प्रयास छाडेन। अन्ततः २१औँ पटकको प्रयासमा उसले जाल बनाउने कार्यमा सफलता पाइछाड्यो।

यो सब देख्दा पराजित सम्राट् ब्रुस खुसीले उफ्रिए। खुसी हुँदै उनले मनमनै भने- अझै सात अवसर बाँकी नै छन् भने म किन निराश हुने ? त्यसपछि उनले छिन्नभिन्न भएका आफ्ना सेनालाई एकत्रित पार्दै गए र उपयुक्त मौका हेरेर आफ्नो पूरै शक्ति लगाएर आक्रमण गरे। यसपटकको आक्रमणबाट उनले आफ्नो गुमेको राज्य र गद्दी पुनः फिर्ता ल्याउन सफल भए र फेरि सम्राट् बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेसको हस्ताक्षर अभियान सफल होला ?



■ कांग्रेसमा विशेष महाधिवेशनको बहस

शेखर-गगन पक्षले थाल्यो हस्ताक्षर अभियान, संस्थापन पक्ष नियमित महाधिवेशनको पक्षमा

कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनका लागि अगि सारेको हस्ताक्षर अभियान सार्थक होला कि संख्याको हिसाबले यो प्रस्ताव पनि तुहिएला ? जेन-जीको आन्दोलनको भावना बुझेर महाधिवेशन प्रतिनिधिले गगन-विश्वलाई साथ देलान् कि देउवासँग लागेर यथास्थितिलाई निरन्तरता दिन सघाउलान् ? फेरि पनि शेरबहादुर देउवालाई नै देखाएर जनतामाझ जाने कि चुनावअगावै नयाँ योग्य र इमानदार नेतृत्व खोज्ने हो ? यी यक्ष प्रश्नको उत्तर कांग्रेस प्रतिनिधिले दिने वेला आएको छ।

गगन-विश्वले भरसक नियमित अधिवेशनबाटै नेतृत्व परिवर्तन गर्ने, त्यो नसकिए विशेष माहाधिवेशन डाक्न भनेका छन्। तर, देउवा र देउवाको आशीर्वादमा रमाउन चाहने नेता यो दुवै प्रस्ताव मान्न तयार छैनन्। ती डर र दास मानसिकताका कारण जसरी पनि गगन-विश्वको प्रस्ताव सभापतिले मान्नुहुँदैन भनेर कुर्लिरहेका छन्। अहिलेकै अवस्थामा केन्द्रीय कार्य समितिबाट गगन-विश्वको दुवै प्रस्ताव कुनै हालतमा पास हुन भने सक्दैन। यस्तोमा विश्व र गगनलाई निकै कठिन छ। यस्तै विद्रोह एमाले र माओवादी सबैतिर आवश्यक छ। अन्यथा बेथिति विसंगति कुशासनले नेपाललाई कहिल्यै छाड्नेछैन।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौँ

अपराधी छुट्नुहुँदैन

जेन-जी आन्दोलनका क्रममा भएको मानवीय र भौतिक क्षतिको विषयमा छानबिन गर्न गठन जाँचबुझ आयोगले पाँचवटा कार्यदेश पाएको खबर पढेँ। मुख्यतः आयोगलाई प्रदर्शनका क्रममा भएको क्षतिको छानबिन गर्ने, घटनाको कारण पत्ता लगाउने, क्षतिको विश्लेषण गरी कारबाहीका लागि राय दिने, भविष्यमा यस्ता घटना दोहोरिन नदिन उपाय सुझाउने र सुझाव कार्यान्वयनमा स्पष्ट कार्ययोजना दिने विषय रहेको समाचारमा उल्लेख छ। तर, यसमा प्रदर्शनमा गोली चालाउने अधिकारीमाथि कारबाहीको स्पष्ट व्यवस्था नभएकाले भोलिका दिनमा अपराधी छुट्ने डर बढेको छ।

● **विश्वास पोखरेल**, नुवाकोट, थानसिङ

चुनावमा कोही नछुटुन्

राष्ट्रपति रामचन्द्र पौडेलद्वारा बुधबार 'मतदाता नामावली ऐन, २०७३' लाई संशोधन गर्न अध्यादेश जारी भएको छ। ६ महिनापछि निर्वाचन हुँदै छ। अघिल्लो निर्वाचनपछि १८ वर्ष पुगेका धेरैको नाम मतदाता नामावलीमा समावेश नभएकाले तिनलाई समेत अटाउन यो व्यवस्था गरिएको रहेछ। उसो त निर्वाचनको मिति नै घोषणा भइसकेपछि मतदाताको नाम थपिएको इतिहास भेटिँदैन। इतिहासमै पहिलोपटक यस्तो व्यवस्था गरिएको छ, युवाहरूको आवाज नछुटोस् भन्ने सुनिश्चित गर्न यसो गरिएको हो। यसविरुद्ध विभिन्न टीकाटिप्पणी र कानुनी अड्चन खडा गर्नुभन्दा सरकारको सकारात्मक पहलको रूपमा हेर्नुपर्छ।

● **ऋतु चौहान**, बुटवल, रुपन्देही

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नरसंहारको थप प्रमाणका बाबजुद पश्चिमी सरकार किन मौन ?

पहिले नै व्यक्त विषय दोहोऱ्याएको भए पनि संयुक्त राष्ट्रसंघीय अनुसन्धान आयोगको निष्कर्षको बढी प्राधिकार हुन्छ



देश/विदेश

● स्टिभ क्रस

संयुक्त राष्ट्रसंघीय अनुसन्धान आयोगको एक रिपोर्टले गाजामा जारी युद्धमा इजरायलले नरसंहार गरेको निष्कर्ष निकालेको छ। रिपोर्टले प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र अन्य नेताले सेनालाई नरसंहारका लागि उक्साएकाले प्रत्यक्ष संलग्न भएको पाएको छ। उसो त यस निष्कर्षले कानुनी हिसाबमा ठुलो परिवर्तन ल्याउनेछैन। यसअघि पनि गत वर्ष दक्षिण अफ्रिकाले हेगस्थित 'इन्टरनेसनल कोर्ट अफ जस्टिस (आइसिजे)'मा इजरायलविरुद्ध 'नरसंहारको' आरोप लगाउँदै मुद्दा दायर गरेको थियो। सो मुद्दामा आइसिजेले अझै अन्तिम फैसला दिइसकेको छैन।

तथापि, राजनीतिक रूपमा पछिल्लो रिपोर्टले (जुन कानुनी रूपमा 'सम्मेलनमा पेस गरिने पत्र' हो, जसले यस विषमा बहस सिर्जना गर्ने उद्देश्य राखेको छ) नेतन्याहु र उनका सहयोगीले निरन्तर दोहोऱ्याइरहने भाष्यलाई अन्तिम धक्का साबित हुन सक्छ। भाष्यअनुसार इजरायली अपराधमाथि उठ्ने हरेक प्रश्न 'यहुदीविरोधी षड्यन्त्र'को हिस्सा हो। नेतन्याहु भने 'इजरायली रगतको बदनाम' भन्ने वाक्यांश खुब दोहोऱ्याउँछन्।

पछिल्लो निष्कर्षसँगै संयुक्त राष्ट्रसंघीय अनुसन्धान आयोग 'एम्नेस्टी इन्टरनेसनल', 'ह्युमन राइट्स वाच' र सम्मानित इजरायली समूहहरू 'बि'सेलेम' र 'फिजिसियन्स फर ह्युमन राइट्स-इजरायल'सँग उभिएको छ। ती संस्थाले ७ अक्टोबर २०२३ मा हमासले मच्चाएको अत्याचारको दुई वर्षमा इजरायलले नरसंहार गरिरहेको निष्कर्ष निकाल्दै आधिकारिक र विस्तृत रिपोर्टहरू प्रकाशित गरेका थिए। संयुक्त राष्ट्र संघका विज्ञ र नरसंहार विषयका अध्येता एउटै निष्कर्षमा पुगेका छन्।

धेरैले पहिले नै व्यक्त गरिसकेको कुरा नै दोहोऱ्याएको भए पनि संयुक्त राष्ट्रसंघीय अनुसन्धान आयोगको निष्कर्षको अन्तर्राष्ट्रिय जगत्मा बढी प्राधिकार हुन्छ। आयोगको अध्यक्षता रुवान्डाको नरसंहार अध्ययन गर्न गठित 'इन्टरनेसनल क्रिमिनल ट्रिब्युनल फर रुवान्डा'की समेत अध्यक्ष रहेकी नवी पिल्लेले गरेकी थिइन्। मानव अधिकारका लागि सम्मानित संयुक्त राष्ट्रसंघीय उच्चायुक्तसमेत रहिसकेकी नवी संयुक्त राष्ट्र संघका लागि इजरायली राजदूतले आरोप लगाएजस्तो 'हमासकी प्रतिनिधि' होइनन्।

ब्रिटिस प्रधानमन्त्री केयर स्टारमरको सरकारले यसअघि कुनै 'सक्षम अदालत'ले (अर्को शब्दमा भन्ने हो भने आइसिजे) आफ्नो अन्तिम फैसला नदिएसम्म नरसंहारबारे टिप्पणी गर्न नसक्ने बताएको थियो। अहिले संयुक्त राष्ट्रसंघीय आयोगको निष्कर्षले कुनै समय मानव अधिकार विषयका वकिल रहेका स्टारमरलाई अप्ठ्यारो पारेको हुन सक्छ। स्टारमरलाई राम्ररी थाहा हुनुपर्छ कि 'नरसंहारको रोकथाम'लाई सन् १९४८ को नरसंहार महासन्धिको एक प्रमुख तत्त्व हो। नरसंहार विषयका अध्येताहरूको समूह 'इन्टरनेसनल एसोसिएसन अफ जेनेसाइडल स्कोलर्स'का अध्यक्षले अन्तर्राष्ट्रिय जगत् गाजामा नरसंहार रोक्न असफल भइरहेका भनेर औँल्याएका छन्। यस्तो औँल्याउने उनी एक्ला छैनन्।

आयोगको निष्कर्षले सन् १९९८ 'इन्टरनेसनल क्रिमिनल कोर्ट (आइसिसी) गठन गर्दा गर्व गर्ने देशहरूको नैतिक असफलतालाई उजागर गर्छ, जो अहिले सोही अदालतको फैसलालाई कमजोर पार्न लागिपरेका छन्। (आइसिसी र आइसिजेमध्ये पहिलोले आरोपित व्यक्तिमाथि अनुसन्धान गर्दै दोषी ठहर गर्ने काम गर्छ भने आइसिजेले नरसंहारलगायत विषयमा राज्य के-कति जिम्मेवार रहेको निर्क्योल गर्छ)। आइसिसीका न्यायाधीशहरूले सर्वसम्मत रूपमा नेतन्याहुलाई मानवताविरुद्धको अपराधका लागि दोषी ठहर गर्दै गिरफ्तारीको वारेन्ट जारी गरेका छन्।

उता, जर्मन चान्सलर फ्रेडरिक मर्ज अझै सार्वजनिक रूपमा इजरायली प्रधानमन्त्रीलाई हिरासतमा राख्नु 'बेतुका'



हुने बताउँदै हिँडिरहेका छन्। त्यस्तै, फ्रान्सले नेतन्याहु पेरिस आए भने उनलाई गिरफ्तार गर्नु अनुपयुक्त हुने टिप्पणी गऱ्यो। त्यही फ्रान्सले यसअघि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका लागि जारी गरिएको अघिल्लो गिरफ्तारी वारेन्टको प्रशंसा गरेको थियो। नेतन्याहु र उनको सरकारले नरसंहार गरिरहेको विश्वास गर्ने 'बलियो आधार' छन् भन्ने अनुसन्धान आयोगको निष्कर्षलाई ध्यान दिने हो भने आइसिसीद्वारा नेतन्याहुविरुद्ध जारी मानवताविरुद्धको अपराधका लागि गिरफ्तारी वारेन्ट कार्यान्वयन गर्न अस्वीकार गर्नु खतरनाक रहेको संकेत पाइन्छ।

आइसिसीको निर्णयपछि डोनाल्ड ट्रम्प-नेतन्याहुको गठबन्धनले आइसिसीलाई नष्ट हेतु साझा दृढता व्यक्त गरेका छन्। अमेरिकाले त आइसिसी अभियोजक, न्यायाधीश र अन्यमाथि प्रतिबन्ध लगाइसकेको छ। हालसालै अल-हक र अन्य सम्मानित प्यालेस्टिनी मानव अधिकार समूहमाथि समेत प्रतिबन्ध लागेको छ। तिनको एक मात्र अपराध प्यालेस्टिनीहरूमाथि भएको अपराधको दस्ताबेजीकरण गर्नु हो। इजरायली-प्यालेस्टिनीहरूले चलाएको '+९७२ म्यागजिन', द गार्जियन र अन्यको अनुसन्धानले आइसिसीको कामलाई प्रभावित बनाउन नेतन्याहुले फोन ट्याप र ब्ल्याकमेल गर्ने प्रयास गरेको खुलासा गरेको छ।

नेतन्याहुमाथि आइसिसीमा लगाइएको मानवताविरुद्धको अपराधलाई कुनै पनि हालतमा नरसंहारभन्दा कम अपराधको रूपमा हेर्नु हुँदैन। मानवताविरुद्धको अपराधमा रंगभेद, आम-विनाश र जनसंख्याको जबर्जस्ती स्थानान्तरणजस्ता विषय समावेश छन्। यो अपराध नरसंहारभन्दा कम गम्भीर होइन, खाली नरसंहारका लागि आवश्यक 'विशेष अभिप्राय'ले मात्र फरक छ। उसो त भर्खरै बेलायत, फ्रान्स, क्यानडाले प्यालेस्टिनी राज्यलाई मान्यता दिएका १४७ देशसँग उभिएका छन्। यसले र संयुक्त राष्ट्रसंघीय आयोगको पछिल्लो नरसंहारको निष्कर्षले नेतन्याहुमाथि दबाब थपिनेछ। तर, प्यालेस्टाइनलाई राज्यको मान्यता दिनु मात्र पर्याप्त छैन। प्यालेस्टिनीहरूमाथि भएको अपराधहरूका लागि दण्ड सजाय हुनुपर्छ, चाहे अपराध गर्ने अभियुक्त पश्चिमको मित्र होस् या शत्रु। हाल अमेरिका-इजरायले प्रयास गरिरहेको आइसिसीको विनाशले ठुलो क्षति निम्त्याउनेछ। एकपटक दबाइयो भने अदालत पुनः उठ्न सक्दैन।

'इन्डिपेन्डेन्ट'का पूर्वविदेश संवाददाता स्टिभ 'ह्युमन राइट वाच'का पूर्वबेलायती निर्देशक हुन्।

द गार्जियनबाट

लद्दाखमा पनि युवा आन्दोलित

चारको मृत्यु, भाजपा मुख्यालय तोडफोडपछि कर्फ्यु

लद्दाखलाई पूर्ण राज्यको दर्जा प्रदान गर्दै संविधानको छैटौँ अनुसूचीमा समावेश

गर्नुपर्ने, भूमि र रोजगारीको ग्यारेन्टीलगायत माग राखेर १५ दिनदेखि अभियन्ता सोनाम वाङचुक अनशनमा बसेका थिए

बुधबार लद्दाखको राजधानी लेहमा आफ्नो क्षेत्रलाई विशेष संवैधानिक सुरक्षा दिनुपर्ने माग राखेर उठेको प्रदर्शन हिंसात्मक बन्यो । प्रहरी र प्रदर्शनकारीबिच भएको झडपमा कम्तीमा चारजना प्रदर्शनकारीको मृत्यु भएको छ । आक्रोशित प्रदर्शनकारीले लद्दाखको 'भारतीय जनता पार्टी (भाजपा)'को मुख्यालय नै तोडफोड गरिदिएका छन् ।

समाचार एजेन्सी पिटिआईका अनुसार आक्रोशित प्रदर्शनकारीले लेहका प्रहरीमाथि ढुंगा प्रहार गरेका थिए । जवाफमा सुरक्षा बलहरूले अश्रुग्यास प्रहार गरेर भिड नियन्त्रणको प्रयास गरेका थिए । सामाजिक सञ्जालमा भाइरल बनेका भिडियोमा प्रदर्शनकारीले कैयौँ सवारीसाधन जलाएको देखिन्छ । घटनापछि लेहमा कर्फ्यु घोषणा गरिएको छ । भारतीय समाचार एजेन्सी एएनआईका अनुसार लेह जिल्लामा सिआरपिसीको धारा १६३ लागू गरिएको छ । जिल्लामा पाँच वा सोभन्दा बढी व्यक्तिको भेलामा प्रतिबन्ध लगाइएको छ । जिल्ला मजिस्ट्रेटको आदेशअनुसार पूर्वलिखित अनुमतिविना लेहमा कुनै पनि जुलुस, च्याली वा मार्च गर्न सकिँदैन ।

बिहानदेखि नै लेहमा 'लद्दाख स्वायत्त पर्वतीय विकास परिषद्'को सचिवालयबाहिर हजारौँ प्रदर्शनकारी भेला भएर विरोध जनाएका थिए । 'लद्दाख स्वायत्त पर्वतीय विकास परिषद्' सन् २०२० देखि भाजपाको नेतृत्वमा रहेको छ । भाजपाले परिषद्को कुल २६ मध्ये १५ सिट जितेको थियो । समयतालिकाअनुसार परिषद्को निर्वाचन यसै वर्षको अन्त्यमा हुनेछ ।

लद्दाखी नेताहरूले लद्दाखलाई पूर्ण राज्यको दर्जा प्रदान गर्दै संविधानको छैटौँ अनुसूचीमा समावेश गर्नुपर्ने, भूमि र रोजगारीको ग्यारेन्टीलगायत माग राखेर पहिलेदेखि विरोध गर्दै आएका थिए । विरोधकै परिणामस्वरूप केन्द्र सरकारले सन् २०२३ मा मागहरू अध्ययन गर्न 'हाई-पावर्ड कमिटी (एचपिसी) गठन गरेको थियो । तर, लद्दाखी नेताले प्रस्तुत गरेको चारबुँदे माग सम्बन्धमा दुई पक्षबिचको वार्तामा प्रगति नभएपछि लद्दाखका चर्चित भारतीय वातावरणविद् तथा सामाजिक कार्यकर्ता सोनम वाङचुक आमरण अनशनमा बसेका थिए । उनी विगत १५ दिनदेखि लेहको एनडिएस मैदानमा अनशन बसिरहेका थिए । बुधबारको घटनालगत्तै वाङचुकले एक भिडियो सन्देश जारी गर्दै विरोध प्रदर्शनकारीलाई शान्त रहन अपिल गरेका छन् ।

वाङचुकका अनुसार मंगलबार अनशन बसिरहेकामध्ये दुई व्यक्ति गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरिएपछि आमजनतामा आक्रोश बढेको थियो । त्यसैको विरोधमा बुधबार 'लद्दाख बन्द'को घोषणा गरिएको थियो । बुधबार बिहानैदेखि धेरै मानिस अनशनप्रति ऐक्यबद्धता व्यक्त गर्न एनडिए मैदान पुगेका थिए ।

'बुधबार हजारौँ युवा बाहिर निस्किए । केही मानिसले प्रदर्शनकारी हाम्रा समर्थक भएको बताइरहेका छन् । तर, सम्पूर्ण लद्दाखले हाम्रो मुद्दालाई समर्थन गर्छ । यो जेन-जी क्रान्ति थियो, जसले तिनीहरूलाई सडकमा ल्यायो । पाँच वर्षदेखि तिनीहरू बेरोजगार छन् । हाम्रा युवालाई जागिरबाट वञ्चित गर्न एकपछि अर्को बहाना बनाइन्छ । यही नै सामाजिक अशान्तिको कारण बन्यो,' वाङचुकले सामाजिक सञ्जाल एक्समा राखेको भिडियो सन्देशमा भनेका छन् ।



नेपालको जेन-जीको सन्दर्भ जोडेर वाङचुकले उचाले : केन्द्र सरकार

उता केन्द्र सरकारले भने लद्दाखमा बुधबार भएको झडपका लागि सोनम वाङचुकलाई दोषी ठहऱ्याएको छ । 'धेरै नेताले अनशन तोड्न आग्रह गरे पनि वाङचुकले विरोध जारी राखे । त्यस क्रममा उनले अरब स्प्रिंग शैलीको विरोध प्रदर्शन र नेपालमा भएको जेन-जी विरोधको सन्दर्भ जोडेर जनतालाई भ्रमित गरिरहे,' भारतको केन्द्रीय गृह मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै भनेको छ, 'उनको उत्तेजक भाषणबाट प्रेरित भिडले भोक हडताल स्थल छाडेर राजनीतिक दलको कार्यालय साथै 'लद्दाख स्वायत्त पर्वतीय विकास परिषद्' चिफ एक्ज्युकिट काउन्सिलर (सिइसि)को लेहस्थित सरकारी कार्यालयमा आक्रमण गऱ्यो । भिडलाई सोनम वाङचुकले उत्तेजक बयानमार्फत निर्देशित गरेका थिए भन्ने स्पष्ट देखिन्छ ।'

हिंसालगत्तै सोनम वाङचुकले शान्तिका लागि अपिल गर्दै एक्समा भिडियो सन्देश जारी गरे । भिडियोमा उनले भनेका छन्, 'आज, हाम्रो भोक हडतालको १५औँ दिनमा लेह सहरमा व्यापक हिंसा र तोडफोडबाट म दुःखी छु । धेरै कार्यालय र प्रहरी सवारी साधनमा आगजनी गरिएको थियो । यहाँका केही मानिस ३५ दिनदेखि भोक हडतालमा छन् । हिजो, तीमध्ये दुईजना बिरामी परे र धेरै गम्भीर अवस्थामा अस्पताल भर्ना भए । यसले मानिसमा ठुलो आक्रोश पैदा गरिदियो । त्यसैको प्रतक्रियामा आज लेहभरि बन्दको घोषणा गरिएको हो । हजारौँ युवा सडकमा उत्रिए । एक तरिकाले यो 'जेन-जी' क्रान्ति थियो । युवाहरू पाँच वर्षदेखि बेरोजगार छन् । एकपछि अर्को बहानामा उनीहरूलाई जागिरबाट बाहिर राखिएको छ र लद्दाखलाई सुरक्षा दिइँदैन,' वाङचुकले भने ।

बेरोजगारी पनि मुद्दा

पछिल्लो समय लद्दाखलाई पूर्ण प्रदेश बनाउनुपर्ने र सो भागलाई छैटौँ अनुसूचीमा राख्नुपर्ने मागका अतिरिक्त युवामा रोजगारीको मुद्दाले पनि प्रधानता पाएको छ । विगतमा केन्द्र शासित प्रदेश बन्नुअघि लद्दाखका मानिसले जम्मु-कस्मिर लोक सेवा आयोगमार्फत राजपत्राङ्कित पदका लागि आवेदन दिन सक्थे । तर, अहिले यो अभ्यास पूर्णतः बन्द भएको छ । सन् २०१९ भन्दा पहिले जम्मू-कस्मिर सेवा चयन बोर्डले राजपत्र अनंकित जागिरका लागि भर्ती गर्थ्यो । र, लद्दाखका उम्मेदवारलाई पनि भर्ती प्रक्रियामा समावेश गरिएको थियो । तर, यी नियुक्ति अब कर्मचारी चयन आयोगद्वारा भइरहेको छ । यो आयोग केन्द्र सरकारका लागि भर्ती गर्ने संवैधानिक निकाय हो । छुट्टै केन्द्र शासित प्रदेश बनेदेखि लद्दाखमा कुनै ठुलो मात्रामा राजपत्र अनंकित भर्ती अभियान सञ्चालन गरिएको छैन । यसले लद्दाखी युवा आक्रोशित भएका छन् ।

भाजपा आफैँले पनि सन् २०१९ को चुनावी घोषणापत्र र गत वर्ष लद्दाख पहाडी परिषद्को चुनावमा लद्दाखलाई पूर्ण राज्यको दर्जा दिलाउने र छैटौँ अनुसूचीमा समावेश गर्ने वाचा गरेको थियो । भाजपा आफ्नो प्रतिबद्धताबाट पछि हटेकोमा मतदाता असन्तुष्ट थिए । यो असन्तुष्टिले विरोधको रूप लिएको विश्लेषण भइरहेको छ ।

एजेन्सीबाट

इतिहासमा आज



सन् १९३२ : महात्मा गान्धी नेतृत्वको भारतीय राष्ट्रिय कंग्रेस र दलित समूहबिच संसदीय सिटमा दलितका लागि आरक्षित गर्ने विषयमा 'पुना सम्झौता' भयो ।

सन् १२३७ : इंग्ल्यान्डका राजा हेनरी तृतीय र स्कटल्यान्डका राजा अलेक्ज्यान्डर द्वितीयबिच दुई देशबिचको सीमा निर्धारण गर्नेसम्बन्धी 'योर्क सन्धि'मा हस्ताक्षर भयो ।

सन् १५१३ : स्पेनिस अन्वेषक भास्को नुनेज डे बालबोआले 'पनामा इस्थुमस' पार गरेर प्रशान्त महासागर पुग्ने पहिलो युरोपेली बने ।

सन् १७८९ : अमेरिकी कंग्रेसले संविधान बनेको डेढ वर्षपछि नागरिकको स्वतन्त्रता ग्यारेन्टी गर्ने पहिलो दश संशोधन अर्थात् 'विल अफ राइट्स'को प्रस्तावमाथि सहमति जनाएर राज्यहरूमा छलफलका लागि पठायो ।

सन् १८०४ : राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन प्रक्रिया तोकेको अमेरिकी संविधानको १२औँ संशोधन कार्यान्वयनमा आयो ।

सन् १८७८ : ब्रिटिस चिकित्सक चार्ल्स ड्राइडेलले द टाइम्स पत्रिकाका लागि लेखेको पत्रमा सुर्तीजन्य पदार्थको प्रयोगले हानि गर्ने चेतावनी दिइएको थियो । यसलाई सुर्तीको हानिबारे पहिलो सार्वजनिक घोषणा मानिन्छ ।

सन् १९३३ : चियान काइ सेक नेतृत्वको चिनियाँ सरकारले यसै दिन कम्युनिस्टहरूको आधार क्षेत्र जियाङ्सीमाथि 'पाँचौँ घेराबन्दी अभियान' सुरु गऱ्यो ।

सन् २०१७ : इराकको एक प्रदेश रहेको कुर्दिस्थानमा भएको 'विवादित' जनमतसंग्रहमा ९२ प्रतिशत कुर्दहरूले इराकबाट अलग हुने पक्षमा मत हाले ।

सन् २०१९ : हज्जा अल मनसरी रुसी अन्तरिक्षयान सोयुज-एमएस १५ अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा पुग्ने पहिलो अरब अन्तरिक्षयात्री बने ।

सन् २०२० : सिंगापुरले विश्वमा पहिलोपटक राष्ट्रिय परिचयपत्र योजनाअन्तर्गत अनुहारमार्फत पहिचान प्रविधि प्रयोग गर्ने घोषणा गऱ्यो ।

बंगलादेशमा डेंगुबाट १७९ जनाको मृत्यु

ढाका / बंगलादेशमा यस वर्षको सुरुदेखि हालसम्म डेंगुबाट १७९ जना मानिसको मृत्यु भएको सरकारी तथ्यांकले देखाएको छ । बंगलादेशभरि डेंगुको संक्रमण तीव्र गतिमा बढिरहेको छ । स्वास्थ्य अधिकारीहरूले यस वर्ष मृत्यु र अस्पताल भर्ना दुवैमा एकै दिन सबैभन्दा ठुलो वृद्धिको रिपोर्ट गरेका छन् । पछिल्लो २४ घण्टामा डेंगुबाट बाह्रजनाको मृत्यु भएको र ७४० नयाँ बिरामी अस्पताल भर्ना भएका स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ । यस वर्ष हालसम्म डेंगुबाट लगभग ४२ हजार संक्रमित भएका छन् ।

लामखुट्टेबाट हुने यो रोगलाई मुलुकको सबैभन्दा खराब प्रकोप मानिएको छ । डेंगुबाट उच्च ज्वरो आउने, टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, मांसपेशी दुख्ने र सबैभन्दा गम्भीर रूपमा रक्तस्राव हुन्छ । अत्यधिक रक्तस्रावका कारण मानिसको मृत्युसमेत हुन सक्छ । विश्व स्वास्थ्य संगठनले लामखुट्टेबाट सर्ने डेंगुसहित चिकुंगुन्या, पहेँलो ज्वर र जिकाजस्ता रोग जलवायु परिवर्तनका कारण छिटो र थप फैलिरहेको चेतावनी दिएको छ । बंगलादेशको स्वास्थ्य सेवा महानिर्देशनालयले आइतबार राति प्रकाशित गरेको तथ्यांकअनुसार डेंगुबाट दुई लाखभन्दा बढी संक्रमित हुँदा एक हजार ६ जनाको मृत्यु भइसकेको छ ।

सातवटा 'रोक्न नसकिने खालको' युद्ध रोकेको ट्रम्पको दाबी

न्युयोर्क / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्र संघको महासभामा सम्बोधन गर्ने क्रममा सत्ता सम्हालेयता सातवटा युद्ध रोकेको दाबी गरेका छन् । मंगलबारको सम्बोधन दोस्रो कार्यकाल सम्हालेपछि ट्रम्पको पहिलो सम्बोधन हो ।

ट्रम्पले संयुक्त राष्ट्र संघमा भेला भएका विश्व नेतालाई सम्बोधन गर्दै पछिल्लो सात महिनाको अवधिमा 'सात रोक्न नसकिने खाले' युद्धहरू समाप्त गरेको बताएका थिए । 'सात महिनामा मैले सात रोक्न नसकिने खालका युद्ध अन्त्य गरेँ । केही ३१ वर्षदेखि चलिरहेका थिए । अर्को एउटा युद्ध ३६ वर्षदेखि जारी थियो । र, ती युद्ध अनगिन्ती मानिसको हत्यापछि पनि रोकिने अवस्था थिएन, ती थिए, कम्बोडिया-थाइल्यान्ड, कोसोभो-सर्बिया, कंगो-रुवान्डा, पाकिस्तान-भारत, इजरायल-इरान, इजिप्ट-इथियोपिया, आर्मेनिया-अजरबैजान,' ट्रम्पले भने ।

भारतको पहलगाममा आतंकवादी हमलामा २६ जना सर्वसाधारणको मृत्यु भएपछि इस्लामाबाद र दिल्लीबिच तनाव उत्पन्न भएको थियो । भारतले 'अप्रेसन सिन्दूर'मार्फत पाकिस्तानभित्र रहेका आतंकवादी आधारमा प्रतिशोधात्मक हमला गरेपछि तनाव निक्कै चुलियो । दुई आणविक अस्त्र भएका देश एक-अर्कामाथि मिसाइल हान्ने अवस्थामा पुगे ।

चार दिनको द्वन्द्व अचानक युद्धविरामपछि रोकिएको थियो । भारतले युद्धविराममा कुनै तेस्रो पक्षले सहयोग रहेको अस्वीकार गर्दै आएको छ ।

सम्बोधनमा ट्रम्पले संयुक्त राष्ट्र संघले युद्ध रोक्न खासै भूमिका ननिभाएको पनि बताए । 'संयुक्त राष्ट्र संघको उद्देश्य के हो ? तिनीहरूले गर्ने भनेको कठोर शब्दमा पत्र लेख्नु र पत्रमा लेखिएको कुरा कहिल्यै नपछ्याउनु मात्र देखिन्छ । यस्ता खोक्रा शब्दले युद्ध रोक्दैनन्,' ट्रम्पले भने । ट्रम्पले आफ्नो नाम केहीले नोबेल शान्ति पुरस्कारका लागि सिफारिस गरेको भए पनि 'वास्तविक पुरस्कार लाखौँको जीवन बचाउनु' रहेको बताए ।

त्यस्तै उनले भारत र चीनलाई रुसी तेल खरिद जारी राखेर युक्रेन युद्धमा रुसलाई सघाएको आरोप लगाए ।

सनी सेक्यूरिटिज कम्पनी लि.

बार्षिक साधारण सभा वस्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/०६/०९

श्री सम्पूर्ण शेयरधनी महानुभावज्यू

सनी सेक्यूरिटिज कम्पनी लि.को मिति २०८२ साल आश्विन ७ गते बसेको संचालक समितिको वैठकको निर्णयानुसार कम्पनीको अठारौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा वस्ने भएकोले उपस्थितिको लागी हार्दिक अनुरोध गर्दछु ।

मिति : २०८२ साल आश्विन २९ गते बुधबार (१५ अक्टोवर २०२५)
समय : अपरान्ह ३:०० वजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, नक्साल, काठमाडौं

छलफलका विषयहरू :

क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व.२०८१/०८२ को अठारौं वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको २०८२ साल आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०८१/८२ को आयव्यय हिसाव र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लेखा परिक्षण कार्यको लागी लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे वमोजिम २५ प्रतिसतका दरले नगद लाभांश प्रदान गर्ने निर्णय पारित गर्ने ।

ख) विविध ।

संचालक समितिको निर्णयानुसार

Madi Rural Municipality
Office of The Rural Municipal Executive

Thumakodada, Kaski
Gandaki Province, Nepal

Invitation for Electronic Bids

Date of Publication : 2082/06/09 (25th Sept 2025)

1. **MadiRural Municipality,Office of the rural municipal executive, Thumakodada, Kaski** invites the Online bids from Nepalese eligible and qualified bidders under e-procurment system for the Procurement of projects mentioned below;

SN	Contract No. (IFB No.)	Name of Project	Estimated Amount NRS (with VAT & PS but Excluding contingence)	Bid Security Amount (NRS).	Bid Security Validity Period	Cost of Bidding Document (NRs.)
1	MRM/NCB/ W06/082-083	Construction Of Yangjakot Khel Maidan at Madi-3	Nrs.19,47,639.80/-	Nrs. 50,000.00/-	120 days	3000
2	MRM/NCB/ W07/082-083	*Maintenance and Renovation of Nagarik Aarogya Kendra at Sikles ,Madi -01 kaski*	Nrs.58,49,736.27/-	Nrs. 1,45,000.00/-	120 days	3000
3	MRM/SQ/ G01/082-083	Procurement and Supply of Free Medicine	Nrs. 24,66,789.72	Nrs 55,000.00/-	75 days	1000

SN	Contract No. (IFB No.)	Name of Project (1S2E)	Minimum AACT, NRS.	Similar Nature work Experience (1Nos), NRs.	Bid Security Amount (NRS).	Bid Security Validity Period	Cost of Bidding Document (NRs.)
4	MRM/NCB/ W05/082-083 **(Re-Tender) 2nd time Published**	Construction and Upgrading Of Bhagwati-Khimaje warchowk (bhagwati-Lamtari) Road at Madi RM 11	32.3 Million	8.7 Million	5,40,000.00/-	120 days	5000

2. **Purchase, Submission and Opening:**

Contract No.	Pre-Bid Meeting		Submission of Bid		Opening of Bid	
	Date	Time	Date	Time	Date	Time
MRM/NCB/W6/082-083 & MRM/ NCB/W6/082-083	2082/06/27	13:00	2082/07/12 **(2025-10-29)**	12:00	2082/07/12	13:00
MRM/NCB/W05/082-083 & MRM/ SQ/G01/082-083			2082/06/27 **(2025-10-13)**	12:00	2082/06/27	13:00
Bank Name	**Name of Office**		**Revenue Account No**		**Deposit Account No.**	
Machhapuchhre Bank ltd, Thumakodada Kaski.	Madi Rural Municipality, Office of the Municipal Executive, Thumakodada, Kaski		GA.1.1 0790051472900083		GA.3.1 0790051472900011	

3. Tender Procurment shall follow Public Procurment Act (1st Amendment 2073) and public Proucrment Regulation (14th Amendment. 2082).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurment section of PPMO'S Website http://bolpatra.gov.np/egp, as specified in the bidding data sheet for provision of E-Bidding.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार ९ असोज ०८२

दमक भ्यु टावरमा साढे २५ करोडको क्षति



डेढ अर्बभन्दा बढी खर्चेर निर्माण सम्पन्न भएको भ्यु टावर सञ्चालनमा आएको दुई महिनालगत्तै जेन-जी आन्दोलनमा तोडफोड भएपछि बन्द, बिजुलीको बिल र कर्मचारीको तलबबापत करिब आठ लाख भुक्तानी बाँकी

झापामा **चिरञ्जीवी घिमिरे**

जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोड हुँदा झापाको दमक- ३ स्थित भ्यु टावरमा साढे २५ करोडको क्षति भएको छ। २४ भदौमा आन्दोलित युवाको समूहले भ्यु टावरमा आगजनी र तोडफोड गरेका थिए। जसकारण साढे २५ करोडबराबरको भौतिक क्षति भएको सघन सहरी तथा भवन निर्माण कार्यालय, झापाका प्रमुख रमेश थिङले जानकारी दिए।

२३ भदौसम्म दृश्यावलोकनका लागि सञ्चालन गरिएको भ्युटावरमा २४ भदौमा तोडफोड र आगजनी भएको थियो। आगजनी र तोडफोडले भ्यु टावर क्षतविक्षत भएको थिङले बताए। 'भ्यु टावरमा साढे २५ करोड क्षति भएको तथ्यांक संकलन गरेका छौं,' उनले भने, 'राज्यले अर्बौं खर्च गरेर बनाएको संरचना तहसनहस भयो।' एक अर्ब ६४ करोड खर्चेर बनाएको भ्यु टावर सञ्चालनमा आएको करिब दुई महिनामा नै तोडफोड भएपछि अहिले बन्द गरिएको छ।

२३ मंसिर ०८१ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले उद्घाटन गरेको यो भ्यु टावर गत १ साउनदेखि मात्र सञ्चालनमा आएको थियो। व्यापारिक कम्प्लेक्सको अवधारणामा निर्मित टावर प्रयोगका लागि मन्त्रिपरिषद्ले कुनै निर्णय नगरेको अवस्थामा सर्वसाधारणलाई दृश्यावलोकनका लागि खुला गरिएको थियो।

आन्दोलनकारीले १८ तले भ्यु टावरको सबै सिसा फुटाएको थिङले जानकारी दिए। त्यस्तै, भ्यु टावरको गेट, टिकट काउन्टर, सुरक्षा पोस्ट, कर्मचारी भवनलगायतमा आगजनी गरिएको उनले बताए। '१८ तेल भवनमा लगाइएको सबै सिसा फुटाइएको छ। अब त्यहाँ केही बाँकी छैन। जान सक्ने अवस्था पनि छैन,' उनले भने, 'भ्यु टावरको भित्र पनि आगो लगाइएको थियो। तर, त्यहाँ आगो लाग्दा अटोमेटिक पानी झर्ने प्रणाली रहेकाले भित्रचाहिँ आगो लाग्न पाएन।'

बन्द गरिएको भ्यू टावर तत्काल सञ्चालन गर्न सक्ने अवस्था नरहेको उनले बताए। 'अहिले त भित्र जान सक्ने अवस्था नै छैन। दृश्यावलोकनका लागि खुला गरिएको भ्यु टावर अहिले फेरि बन्द छ,' उनले भने, 'तत्काल सञ्चालन गर्न सक्ने अवस्था पनि छैन। यो मर्मतका लागि हामीसँग बजेट पनि छैन। सरकारले के गर्छ, त्यसमै निर्भर रहन्छ।'

■ डेढ अर्बको संरचनाबाट न्यून कमाइ

दृश्यावलोकनका लागि खुला गरिएको भ्यु टावर सञ्चालनको पहिलो महिना साउनमा अवलोकन शुल्क र पार्किङ गरी ६ लाख ७९ हजार आम्दानी भएको कार्यालयले जनाएको छ। पहिलो एक महिनामा ६ हजार ७ सय १३ जनाले भ्यु टावर चढेर दृश्यावलोकन गरेका थिए। त्यस्तै, २३ भदौसम्म पार्किङ र अवलोकन शुल्कसहित दुई लाख ५ हजार ५ सय ३० रुपैयाँ संकलन भएको कार्यालयले जनाएको छ। सो अवधिमा एक हजार ९ सय ५५ ले भ्यु टावरको दृश्यावलोकन गरेका थिए।

३१ वैशाखको मन्त्रिपरिषद् बैठकले दमक भ्यु टावरलाई शुल्क लिएर अवलोकन गर्न पाइने स्वीकृति दिएको थियो। त्यसपछि प्रतिव्यक्ति सय रुपैयाँ शुल्क निर्धारण गरेर दृश्यावलोकनका लागि खुला गरिएको थियो।

■ कर्मचारीले पाएनन् तलब

सरकारले भ्यु टावर सञ्चालनको जिम्मा विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन समितिलाई दिने निर्णय गरिसकेको छ। यद्यपि, हस्तान्तरण नहुँदा अहिले सघन सहरी तथा भवन निर्माण कार्यालय, झापाले सञ्चालन गरिरहेको छ। भ्यु टावरबाट दुई महिनामा संकलन भएको राजस्व सरकारको खातामा जम्मा भएको छ। तर, भ्यु टावर सञ्चालनका लागि सघन सहरीमा बजेट छैन। तसर्थ, त्यहाँ काम गरेका कर्मचारीले दुई महिनादेखि तलब पाएका छैनन्। भ्यु टावर सञ्चालनका लागि १२ जना कर्मचारी खटाइएको छ।

उनीहरूले २३ भदौसम्म काम गरे। तर, अहिले रेखदेखका लागि केही कर्मचारीबाहेक अन्यलाई राखिएको छैन। काम गरे पनि उनीहरूले हालसम्म तलब पाउन सकेका छैनन्। उनीहरूका लागि करिब चार लाख तलब दिन बाँकी रहेको सघन सहरी तथा भवन निर्माण कार्यालय, झापाका प्रमुख रमेश थिङले जानकारी दिए।

जेन–जी आन्दोलनमा क्षतिग्रस्त सरकारी संरचना पुनर्निर्माणमा जुट्यो सरकार

भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा योगदान गरेको रकमबराबर करयोग्य आयमा खर्च कट्टी गर्ने सुविधा

पवन तिमिल्सिना/नयाँ पत्रिका

२३ र २४ भदौको जेन-जी आन्दोलनबाट क्षति भएका सार्वजनिक तथा सरकारी संरचनाको पुनर्निर्माणलाई स्रोत जुटाउन 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष' स्थापना गरिएको छ।

अर्थ मन्त्रालयले कोषमा रकम जुटाउनका लागि सरकारी भवन पुनर्निर्माणका लागि योगदान गर्ने संस्थालाई करछुटको आकर्षक सुविधासमेत दिएको छ। मन्त्रालयका अनुसार कोषमा जति रकम योगदान हुन्छ, त्यति नै रकम करयोग्य आयमा खर्च कटौती गर्न सुविधा दिइनेछ। व्यावसायिक प्रतिष्ठानले चालू आर्थिक वर्ष ०८२-८३ मै कोषमा योगदान गरेबापतको रकम करयोग्य आयबाट कटौती गर्न पाउने सुविधा पाउने मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए। 'कोषमा योगदान गर्ने संस्था वा निकायले चालू आर्थिक वर्षको करयोग्य आयमा खर्च कट्टी गर्न पाउने सुविधा पनि दिइएको छ,' उनले भने।

यस्तो सुविधापछि कुनै पनि संस्था वा निकायले चालू आर्थिक वर्षमा गरेको आम्दानीबाट कोषलाई योगदान गरिएको रकम कट्टा गरी आयकर छुटको लाभ लिन पाउनेछन्। यसले कोषमा योगदान गर्ने संस्थालाई करमा प्रोत्साहन गर्न खोजिएको पाण्डेयले जानकारी दिए।

मन्त्रालयका अनुसार आन्दोलनबाट क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माणका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गरी पुनर्निर्माण तथा मर्मत, आर्थिक पुनरुत्थान, राहत र पुनर्स्थापनासम्बन्धी कार्यलाई तत्काल व्यवस्थित र प्रभावकारी बनाउन कोष स्थापना गरिएको हो।

मन्त्रालयका प्रवक्ता पाण्डेयले कोषको कार्यविधि जारी गरेर बुधबार साँझ नै राष्ट्रिय वाणिज्य बैंकमा खातासमेत खोलेको जानकारी दिए। सोही खातामा कोषका लागि रकम जम्मा गर्न मिल्ने बनाइसकेको उनले जानकारी दिए। 'आज (बुधबार साँझ) त अबेर भइसक्यो। बिहीबारदेखि पैसा जम्मा गर्ने कामको सुरुवात हुन सक्छ,' उनले भने। कोषमा रहने रकम राष्ट्र बैंक वा राष्ट्र बैंकबाट स्वीकृति प्राप्त 'क' वर्गको बैंकमा छुट्टै खाता खोली जम्मा गरिने कार्यविधिमा उल्लेख भएअनुसार राष्ट्रिय वाणिज्य बैंकमा खाता खोलेको उनले बताए।

बुधबार मन्त्रालयले कोषमा योगदानका लागि सार्वजनिक रूपमा आह्वान गरेको छ। सार्वजनिक सूचनामा भनिएको छ, 'भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरुत्थान र राहतलगायतका कार्यका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोष स्थापना गरिएको छ। नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय तह, निजी क्षेत्र, स्वदेशी तथा विदेशी नागरिक, गैरआवासीय नेपाली समुदाय, मित्रराष्ट्रहरू, विकास साझेदार तथा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट अमूल्य योगदान गरी राष्ट्र पुनर्निर्माणको महान् अभियानमा सहभागी हुन नेपाल सरकार सबैमा हार्दिक आह्वान गर्दछ।'



■ अर्थमन्त्रीको संयोजकत्वमा कोष सञ्चालन समिति

कोष सञ्चालनका लागि सरकारले छुट्टै भौतिक पूर्वाधार पुनर्निर्माण समिति पनि गठन गरेको छ। गठन आदेशमार्फत यस्तो व्यवस्था गरिएको हो। समितिले आन्दोलनको क्रममा भएको आगलागी वा तोडफोडबाट क्षति भएको सार्वजनिक वा सरकारी भौतिक संरचनाको निर्माण वा मर्मत-सम्भारसम्बन्धी काम गर्नेछ।

समितिको अध्यक्षमा अर्थमन्त्री रहने व्यवस्था छ। गृहमन्त्री, सहरी विकासमन्त्री र मुख्यसचिव सदस्य रहने व्यवस्था छ। सहरी विकास मन्त्रालयको सचिवलाई सदस्यसचिवको जिम्मेवारी दिइएको छ।

समितिको कार्यसञ्चालनका लागि सहरी विकास मन्त्रालयमा एक सचिवालय रहने व्यवस्था छ। कोषमा संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायको योगदान, स्वदेशी वा विदेशी व्यक्तिले प्रदान गरेको रकम, गैरआवासीय नेपालीले प्रदान गरेको रकम, दातृ राष्ट्र वा संस्था, अन्तर्राष्ट्रिय संघसंस्था वा दातृ निकायबाट प्राप्त नगद वा वस्तुगत सहायता वा कार्यक्रमबापत प्राप्त रकम, विभिन्न व्यावसायिक प्रतिष्ठानले प्रदान गरेको सामाजिक उत्तरदायित्वबापतको रकमसहित अन्य कुनै स्रोतबाट प्राप्त रकम जम्मा हुने उल्लेख छ।

मन्त्रालयको स्वीकृति लिएर समितिले कोषका लागि रकम प्राप्त गर्ने व्यवस्था राखिएको छ। यसरी जम्मा भएको रकम आन्दोलनबाट क्षति भएका सार्वजनिक वा सरकारी भौतिक संरचनाको पुनर्निर्माण वा मर्मत-सम्भार गर्न, ध्वस्त सार्वजनिक वा सरकारी संरचनाका लागि आवश्यक फर्निचर, फिक्सचर्स तथा मेसिनरी औजार वा उपकरण खरिद गर्न, आर्थिक पुनरुत्थान कार्यक्रम सञ्चालन गर्न, राहत र पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न खर्च गर्नुपर्ने उल्लेख छ।



■ यसरी परिचालन हुन्छ कोषको रकम

सहरी विकास मन्त्रालयले समितिको निर्णयबमोजिम कार्यक्रम सञ्चालन गर्ने निकायलाई सम्बन्धित कोष तथा लेखानियन्त्रक कार्यालयमा रहेको विविध खातामा रकम निकासा गर्नेछ। रकम निकासा भएपछि कार्यक्रम सञ्चालन गर्ने निकायले कार्यक्रम सञ्चालन गर्नेछ। कार्यक्रम सञ्चालन गर्ने निकायले निकासा भएको रकम जुन प्रयोजनका लागि निकासा भएको हो सोही प्रयोजनका लागि मात्र खर्च गर्नुपर्ने कार्यविधिमा उल्लेख छ।

प्राप्त भएको रकममध्ये सोही आर्थिक वर्षभित्र खर्च हुन नसकेको रकम कार्यक्रम सञ्चालन गर्ने निकायले कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ। कार्यक्रम सञ्चालन गर्ने निकायले आर्थिक वर्ष समाप्त भएपछि खर्चको विवरण समितिको सचिवालयमा पेस गर्नुपर्ने हुन्छ। रकम फिर्ता भएकोमा कुनै कार्यक्रम कार्यान्वयनको चरणमा रहेको अवस्थामा त्यस्तो कार्यक्रम सञ्चालन गर्ने निकायले कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम समितिको सचिवालयसँग माग गर्न सक्ने व्यवस्था गरिएको छ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेय भन्छन्



कोषमा योगदान गर्ने संस्था वा निकायले चालू आर्थिक वर्षको करयोग्य आयमा खर्च कट्टी गर्न पाउने सुविधा पनि दिइएको छ। बिहीबारदेखि पैसा जम्मा गर्ने कामको सुरुवात हुन सक्छ,' उनले भने। कोषमा रहने रकम राष्ट्र बैंक वा राष्ट्र बैंकबाट स्वीकृति प्राप्त 'क' वर्गको बैंकमा छुट्टै खाता खोली जम्मा गरिने कार्यविधिमा उल्लेख भएअनुसार राष्ट्रिय वाणिज्य बैंकमा खाता खोलिएको छ।

नेप्सेसँगै कारोबार रकममा गिरावट

काठमाडौं/ बुधबार नेप्से परिसूचकसँगै कारोबार रकममा पनि गिरावट आएको छ। मंगलबार ५८ अंकले बढेको नेप्से बुधबार २७.८९ अंकले घटेर दुई हजार ६५४.३५ विन्दुमा कायम भएको हो। 'क' वर्गका कम्पनीको कारोबार मापक सेन्सेटिभ इन्डेक्स पनि १.०७ प्रतिशतले गिरावट भएको छ। तीन सय १७ कम्पनीका ९४ लाख आठ हजार ६ सय ६३ कित्ता सेयर चार अर्ब १२ करोड ४८ लाख २१ हजार रुपैयाँबराबरमा कारोबार भएको छ।

नेप्सेका १३ मध्ये ११ समूहको सूचकमा गिरावट देखिएको छ। होटेल तथा पर्यटन र म्युचल फन्ड एक प्रतिशतभन्दा थोरैले उकालो लाग्दा बाँकी समूह घटेका हुन्। अन्य समूह सर्वाधिक २.१६ प्रतिशतले घट्दा विकास बैंक, वित्त, लगानी, निर्जीवन बिमा र व्यापार समूह एक प्रतिशतभन्दा धेरैले घटेका छन्। नेप्से घटे पनि बुधबार माथिल्लो मैलुङ खोला जलविद्युत् र सिटी होटेलको सेयरमा सकारात्मक सर्किट लागेको छ। हिमस्टार ऊर्जा कम्पनीका लगानीकर्ताले पनि ९.९९ प्रतिशतको वृद्धि देखेका छन्।

१८ फर्मको अनुगमन, एक स्टोरलाई जरिवाना

काठमाडौं/ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बुधबार उपत्यकाका विभिन्न उद्योग तथा फर्मको अनुगमन गरेको छ। विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली, २०७६ बमोजिम आवश्यक निर्देशन र कारबाही गरेको जनाएको छ।

विभागले अनुगमनका क्रममा काठमाडौं महानगरपालिका-१४ मा रहेको बार टी स्टोरलाई पाँच हजार रुपैयाँ जरिवाना गरेको छ। उक्त स्टोरमा उपभोक्ता संरक्षण ऐनको दफा २९ को १(क) बमोजिमको कसुर भेटिएको विभागले जनाएको छ। यस्तै, १७ वटा फर्म र पसललाई सामान्य निर्देशन दिइएको छ। निर्देशन पाउनेमा मध्यपुर थिमि- १५ को पुनिक ब्रदर्स फेसन, भक्तपुर नगरपालिका- ३ का लिखु एग्रिकल्चर डिपार्टमेन्ट स्टोर, भक्तपुर जुत्ता भण्डार, माँ लक्ष्मी फुड सेन्टर, जेविन चस्वालय एन्ड बुटिक, काठमाडौं महानगरपालिका- २४ को निरु ट्रेडर्स छन्।

काठमाडौं- ३ का श्रेष्ठ खाद्यान्न खुद्रा पसल, एन्ड ए खाद्य भण्डार, टोखा नगरपालिका-७ को लिब्जु कलेक्सन, काठमाडौं- १४ का उज्ज्वल इन्टरप्राइजेज, मनकामना स्टोर, बार एस ट्रेड कन्सर्न, काठमाडौं- १३ को बनाया ट्रेडर्स, ललितपुर महानगरपालिका- १३ को सगरमाथा एग्रो ट्रेडिङ प्रालि, ललितपुर- ४ को दुर्गा ट्रेड कन्सर्न, ललितपुर- १० को होराइजन मार्ट प्रालि र ललितपुर- ३ को अल्टिमेट फाइन आउटफिटर प्रालि छन्।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाण्डौं, फोनं. ४-५८५२५७

शिलबन्दी वोलपत्र आह्वानको सूचना नं.- ०२/०८२/८३

प्रकाशित मिति : २०८२/०६/०५

यस श्री बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने का.म.पा.वडा नं. ६ स्थित विभिन्न स्थानहरूमा निर्माण कार्यहरू गर्न नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आह्वान गरिन्छ।

शर्तहरू

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ। (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only) (छ) Bid security(Bank Gurantee)

२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने तीनचर्‍ली देविथान गर्‍ठीको भवनको तल्ला थप तथा फिनिसिङ गर्ने कार्य,संगमटोल सुधार समाजको सामुदायिक भवन निर्माण गर्ने कार्य र सिमलटार ऐतिहासिक ठूल धारा पुनःनिर्माण तथा फिनिसिङ गर्ने कार्य गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले ३५ औ दिनभित्र वोलपत्र खरिद गरी ३६ औ दिन दिनको १२:०० वजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० वजे समितिको कार्यालयको मातहत भित्र वोलपत्र खोलिनेछ। वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ।

३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा **"क"** वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। बैंक ग्यारेण्टी(विल्ड बोण्ड) वोलपत्र पेश गरेको दिनदेखी १२० दिन अवधिको पेश गर्नु पर्नेछ। नगद जमानतको लागि कुल ठेक्का लागत अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश :सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ।

७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन।

८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।

९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ।

१०. जुन फर्मको नाममा वोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ।

११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण वोलपत्र दस्तावेजमा खुलाईनेछ। साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१२ वोलपत्र फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ अन्यथा समिति जिम्मेवारी हुने छैन।

तपशिल

ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का लागत अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
BNADC/BLD-03-82/83	तीनचर्‍ली देविथान गर्‍ठीको भवनको तल्ला थप तथा फिनिसिङ गर्ने कार्य	२.५ प्रतिशत	९४,९२,५७५.११	१,५००
BNADC/BLD-04-82/83	संगमटोल सुधार समाजको सामुदायिक भवन निर्माण गर्ने कार्य	२.५ प्रतिशत	३४,९६,२१५.२१	१,५००
BNADC/STD-05-82/83	सिमलटार ऐतिहासिक ठूल धारा पुनःनिर्माण तथा फिनिसिङ गर्ने कार्य	२.५ प्रतिशत	२६,७४,७५६.९३	१,५००

व्यवसायीको गोदामबाट सरकारी अनुदानको मल बरामद



लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको गोलबजार पानीट्यांकीनजिक व्यवसायीले गोदाममा लुकाएर राखेको एक सय ५४ बोरा सरकारी अनुदानको मल बरामद भएको छ। कृषि सहकारी संस्थाबाहेक अन्यले बिक्री गर्ने अनुमतिसमेत नरहेको सरकारी अनुदानको मल बिज भण्डारले महँगो मूल्यमा बेचिरहेको गुनासोका आधारमा जिल्ला प्रशासन कार्यालय सिराहाको संयुक्त अनुगमन टोलीले बुधबार फेला पारेको हो।

व्यवसायीले गोदाममा लुकाएको कृषि सामग्री कम्पनीबाट वितरित ९६ बोरा डिएपी, ३६ बोरा युरिया र ६ बोरा पोटास बरामद गरेको जिल्ला प्रशासन कार्यालय सिराहाका शाखा अधिकृत अनिलकुमार यादवले जानकारी दिए। 'मल बरामद भएको घरमा महिला मात्र भेटिएकाले कसको भन्ने बताउन सकिनन्,' उनले भने। उनका अनुसार बरामद भएको मल कृषि सामग्रीको लहान शाखामा ल्याएर गोदाम सिल गरिएको छ।

मल बरामद भएको गोदाम घरधनी सम्पर्कमा नआए पनि कौशल महतोले लुकाएर राखेको स्थानीयले बताए। धमिनीस्थाननजिक सिल गरिएको गोदाम भने उनकै दाजु विनोद महतोको रहेको एक स्थानीयले बताए।

तेह्रो मुलुकबाट आयात गरिएको डिएपी प्रतिबोरा (५० किलो) औसत खरिद मूल्य पाँच हजार नौ सय ४८ रुपैयाँमा सरकारले तीन हजार सात सय ४८ रुपैयाँ अनुदान दिई औसत दुई हजार दुई सय ७२ रुपैयाँ ५० पैसामा स्थानीय सहकारी, कृषि सहकारीलाई बिक्री गरिनुपर्ने व्यवस्था छ। तर, स्थानीय जनप्रतिनिधिको मिलेमतोमा एग्रोभेटमार्फत कालाबजारी भएको किसानहरूको गुनासो छ।

बागमतीमा पौने तीन अर्ब राजस्व संकलन, खर्च सवा अर्ब



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले चालू आर्थिक वर्षको दुई-तीन महिनामा दुई अर्ब ७६ करोड राजस्व संकलन गरेको छ। प्रदेश सरकारले चालू आवमा ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार आम्दानीको लक्ष्य राखेको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालू आवको राजस्व संकलन गत आवको पहिलो दुई महिनाको तुलनामा १० करोड ६९ लाख रुपैयाँले बढी हो। चालू आवमा बागमतीले बाँडफाँडअन्तर्गत दुई अर्ब आठ करोड ३१ लाख १४ हजार ५७० रुपैयाँ, प्रदेश सरकारको आफ्नै स्रोतअन्तर्गत ६४ करोड ९० लाख राजस्व संकलन गरेको छ।

यस्तै, प्रदेश सरकारले बेरुजु फर्स्योट र अनुदान फिर्ताबापत दुई करोड ९१ लाख आम्दानी गरेको छ। मन्त्रालयका अनुसार सवारीकरबाट एक अर्ब २० करोड ९२ लाख संकलन गरेको छ। यता प्रदेश सरकारले संघीय सरकारबाट वित्तीय हस्तान्तरणअन्तर्गत प्राप्त गर्ने कुनै पनि शीर्षकको रकम अहिलेसम्म प्राप्त गर्न सकेको छैन। प्रदेश सरकारले चालू आवमा चालू र पुँजीगततर्फको समानीकरण, ससर्त, विशेष र समपूरक कुनै पनि शीर्षकमा रकम प्राप्त गरेको छैन।

एक अर्ब २२ करोड खर्च

बागमती प्रदेश सरकारले चालू आर्थिक वर्षको पहिलो दुई महिनामा एक अर्ब २२ करोड २९ लाख रुपैयाँ बढी खर्च गरेको छ। मन्त्रालयका अनुसार चालू आवमा ६७ अर्ब ४७ करोड ७३ लाख खर्चका लागि छुट्याइएको छ। त्यसमध्ये पहिलो दुई महिनामा एक अर्ब २२ करोड २९ लाख २८ हजार रुपैयाँ खर्च भएको छ। यो कुल विनियोजन भएको बजेटको १.८१ प्रतिशत मात्रै हो।

मन्त्रालयका अनुसार चालूतर्फ एक अर्ब सात करोड ६६ लाख र १४ करोड ६२ लाख पुँजीगततर्फ खर्च गरिएको छ। सो अवधिमा प्रदेश सभाले एक करोड ६५ लाख रुपैयाँ, प्रदेश लोकसेवा आयोगले एक करोड ४८ लाख रुपैयाँ, प्रमुख न्यायाधिवक्ताको कार्यालयले एक करोड ६६ लाख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक करोड ५२ लाख, आर्थिक मामिला तथा योजना मन्त्रालयले एक करोड १३ लाख, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले दुई करोड ७३ लाख र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सात करोड ५७ लाख खर्च गरेको छ।

मन्त्रालयका प्रवक्ता श्रीकृष्ण आचार्यका अनुसार आर्थिक वर्षको सुरुको दुई महिनामा खर्चको अवस्था विगतका वर्षहरूको जस्तै रहेको छ। उनले अब दुई महिनाबाट चालूसँगै पुँजीगत खर्चमा पनि वृद्धि हुने दाबी गरे।

साओमीको दसैँ स्किमः मोबाइल किन्दा ५० लाखसम्मको उपहार



काठमाडौं/ टेक्नोलोजी कम्पनीले साओमीले नेपाली उपभोक्तालाई लक्षित गर्दै निकै आकर्षक दसैं स्किम घोषणा गरेको छ। यस योजनामार्फत ग्राहकले ५० लाख रुपैयाँसम्मको आकर्षक उपहार जित्ने अवसर पाउनेछन्। ५ असोजदेखि सुरु भएको यो योजनामा दैनिक र साप्ताहिक 'लक्की ड्र'मार्फत प्रिमियम साओमी उत्पादन उपहारस्वरूप पाउने व्यवस्था गरिएको कम्पनीले जनाएको छ। योजना ५ कात्तिकसम्म चालू रहनेछ।

साओमीका मोबाइल खरिद गर्दा साप्ताहिक रूपमा एकजनाले साओमी १५ अल्ट्रा मोबाइल, साओमी प्याड-७ जित्न सक्नेछन्। त्यस्तै, दैनिक लक्की ड्रमा दैनिक एकजनाले रेडमी प्याड-२, दैनिक ३० जनाले रेडमी बड्स ५-ए र दैनिक १० जना विजेताले वाच ५ एक्टिभ प्राप्त गर्नेछन्। योजनामा सहभागी हुन ग्राहकले साओमी मोबाइल खरिद गरी त्यहाँ भएको युनिक क्युआर कोड स्क्यान गरी आफ्नो डिभाइसको आइएमइआई नम्बर प्रमाणीकरण गरेर व्यक्तिगत विवरण भर्नुपर्नेछ। त्यसपछि 'स्पिन दी व्हिल' गरेर उपहार जित्न सकिने बताइएको छ।

■ सिजीको चाडपर्व विशेष योजना

सिजीका घरायसी सामान किन्दा भियतनाम ट्रिप र हिरो स्प्लेन्डर बाइक

काठमाडौं/ नेपाली उपभोक्ताको मन जित्दै आएको नेपालकै अग्रणी ब्रान्ड सिजीले यस वर्षको चाडपर्वलाई अझ विशेष र उत्साहपूर्ण बनाउन विशेष योजना सार्वजनिक गरेको छ। सिजी र सिजी मेरिडिया सिम्नेचर सिरिजअन्तर्गत साना घरायसी उपकरणको खरिदमा विशेष उपभोक्ता योजना सार्वजनिक गरिएको हो। जसमा ग्राहकले भियतनाम ट्रिपदेखि हिरो स्प्लेन्डर बाइकसम्म जित्ने मौका पाउनेछन्।



विशेष योजनामा सहभागी हुन ग्राहकले सिजी मेरिडिया सिम्नेचर सिरिजअन्तर्गतका साना घरायसी उपकरण खरिद गर्नुपर्नेछ। त्यसपछि त्यहाँ रहेको क्युआर कोड स्क्यान गरी आवश्यक विवरण भरेपछि स्वतः लक्की ड्रमा सहभागी भइनेछ। लक्की ड्राबाट छानिने भाग्यशाली विजेताले बम्पर पुरस्कारमा भियतनाम ट्रिप, हिरो स्प्लेन्डर प्लस मोटरसाइकल प्राप्त गर्नेछन्। त्यस्तै, योजना अवधिभर प्रत्येक १५ दिनमा ग्राहकले अन्य थुप्रै आकर्षक पुरस्कारसमेत जित्न सक्ने कम्पनीले जनाएको छ। यो योजना भदौ २० गतेदेखि देशभरिका सिजी डिजिटल आउटलेट र आधिकारिक च्यानल पार्टनरमार्फत सञ्चालनमा आइसकेको छ।

यस योजनाले गुणस्तरीय उत्पादन खरिद गर्ने ग्राहकलाई आधुनिक जीवनशैलीका साथसाथै आकर्षक पुरस्कार जित्ने अवसरसमेत दिनेछ। 'भित्र्याऔं खुसी र समृद्धि : लेभल-अप विथ सिजी' भन्ने मूल सन्देशका साथ यो योजना सुरु गरिएको बताइएको छ। सिजीले लामो समयदेखि नेपाली उपभोक्ताका लागि विश्वसनीय र प्रगतिशील इलेक्ट्रोनिक्स उत्पादन ल्याउँदै आएको छ। चाडपर्वको मौकामा ग्राहकको उत्साह र सन्तुष्टिलाई अझ प्रगाढ बनाउन, यसपटक उपभोक्तालाई जीवनमा खुसी र समृद्धि भित्र्याउने उद्देश्यले यो अभियान ल्याइएको हो। यस योजनाले ग्राहकलाई गुणस्तर, नवप्रवर्तन र पुरस्कारको समिश्रण प्रदान गरी उनीहरूको जीवनलाई अझ सहज र रोचक बनाउने कम्पनीको विश्वास छ।

दसैँमा सामसङका दुई मोडेलमा ५० हजारसम्म क्यासब्याक

काठमाडौं/ सामसङ नेपालले फोल्डेबल फोनहरूको मूल्य घटाएको छ। कम्पनीले दसैँलाई लक्षित गर्दै ग्यालेक्सी जेड फोल्ड ६ र ग्यालेक्सी जेड फ्लिप ६ फोनको खरिदमा ५० हजारसम्मको क्यासब्याक अफर ल्याएको छ।



सामसङ नेपालका निर्देशक प्रणयरत्न स्थापितले रूपान्तरणकारी प्रविधि सबैका लागि सुलभ हुनुपर्ने बताउँदै भने, 'यस दसैँमा हामी केवल विशेष मूल्य मात्र प्रदान गर्दैनौं। हामी सबैलाई हाम्रो अभूतपूर्व ग्यालेक्सी शृंखलाको अनुभव गर्न आग्रह गर्छौं।'

साथै, नेपालभरिका आधिकारिक सामसङ स्टोरमा उपलब्ध सामसङ इन्स्टा फाइनान्स सेवामार्फत पनि यी स्मार्ट फोन शून्य प्रतिशत ब्याजमा सजिलो किस्ताबन्दीमा पाउन सकिनेछ। जसमा अब पूर्ण मन शान्तिका लागि १८ महिनाको यन्त्र बिमा पनि समावेश छ। यस प्रक्रियाका लागि केवल नागरिकताको प्रमाणपत्र भए पुग्नेछ।

एनआइसी एसियाका ग्राहकलाई लन्डन ब्रिज गार्डेन रिसोर्टमा १० प्रतिशत छुट

काठमाडौं/ एनआइसी एसिया बैंकका ग्राहकलाई नवलपरासीमा रहेको लन्डन ब्रिज गार्डेन रिसोर्टमा विशेष छुट हुने भएको छ। ग्राहकलाई छुट प्रदान गर्न बैंक र रिसोर्टबिच द्विपक्षीय सम्झौतासमेत भएको छ। यस सम्झौतासँगै बैंकका ग्राहकले उक्त रिसोर्टमा सेवा लिई डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त गर्न सक्ने बैंकले जनाएको छ।



यस सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरूले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक एपमार्फत भुक्तानी गर्नुपर्नेछ। उक्त रिसोर्टसँगको यस सहकार्यले ग्राहक महानुभावहरूलाई छुट सुविधा उपलब्ध हुनुको साथै, मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

लक्ष्मी सनराइजको अगुवाइमा दुधकोशी-२ मा जुट्यो लगानी



काठमाडौं/ लक्ष्मी सनराइज बैंकको अगुवाइमा ७० मेगावाट क्षमताको अर्धजलाशययुक्त दुधकोशी-२ (जलेश्वर) जलविद्युत् आयोजना निर्माणका लागि साढे १० अर्ब लगानी जुटेको छ। लक्ष्मी सनराइजको अगुवाइमा अन्य बैंक तथा वित्तीय संस्था र दुधकोशी हाइड्रोपावर नेपाल प्रालिबिच लगानी सम्झौता भएको हो। आयोजनाका लागि साढे १० अर्ब लगानी जुटेको हो। यसको कुल लागत भने १५ अर्ब अनुमान गरिएको छ। सहवित्तीयकरणमा एभरेष्ट बैंक सहअगुवा र सानिमा बैंक सदस्यका रूपमा रहेका छन्। सहवित्तीयकरणमा सहभागी बैंकहरूले परियोजना लागतको ७० प्रतिशत लगानी गर्ने प्रतिबद्धता जनाएका छन् भने बाँकी ३० प्रतिशत रकम सो कम्पनीका संस्थापकबाट लगानी हुनेछ।

आयोजनाले ०७७ असोजमा विद्युत् विकास विभागबाट विद्युत् उत्पादनको अनुमतिका साथै नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद-बिक्री सम्झौतासमेत गरिसकेको छ। सो कम्पनीको मुख्य प्रवर्द्धकका रूपमा आयु मलुन हाइड्रोपावर, कदम केसी, किरण मल्ल, अभिज्ञा मल्ल, विक्रम गौतम, विकास गौतम, अरुण अग्रवाल, नरेन्द्र गुप्ता, डा. हिमाल भट्टराई तथा विभिन्न प्राइभेट इक्विटी भेन्चर क्यापिटल रहेका छन्। आयोजना जुलाई २०२९ भित्र निर्माण सम्पन्न भई विद्युत् उत्पादन भएपश्चात् वार्षिक करिब ४१७ गिगावाट आवर इनर्जी विद्युत् राष्ट्रिय प्रसारणलाइनमा जडान हुने बताइएको छ।

सरकारले ल्याएको राहत प्याकेजको नाडाद्वारा स्वागत



काठमाडौं/ नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा)ले सरकारले आन्दोलनबाट प्रभावित निजी क्षेत्रका लागि ल्याएको राहत प्याकेजको स्वागत गरेको छ। सरकारले हालै जेन-जी आन्दोलनका क्रममा उद्योग, व्यापार तथा व्यावसायिक प्रतिष्ठानका लागि सरकारले राहत प्याकेज घोषणा गरेको थियो। सोही प्याकेजको नाडाले स्वागत गरेको हो।

सरकारले आगजनी वा तोडफोडबाट क्षति भएका मालसामान पुनर्स्थापनाका लागि आयात गर्दा भन्सार महसुल तथा अन्तःशुल्कमा ५० प्रतिशत छुट दिने घोषणा छ। त्यस्तै, उपकरण आदिमा भएको क्षतिको ५० प्रतिशत रकम अग्रिम रूपमा छिट्टै भुक्तानी गनुपर्ने, पुनर्बिमा प्रक्रियामा ढिलाइ भएमा बिमा कम्पनीले ५० प्रतिशतसम्म अग्रिम भुक्तानी उपलब्ध गराउने प्रतिबद्धता पनि सरकारले गरेको छ।

त्यसैगरी, आन्दोलनमा क्षति भएका व्यावसायिक सवारी वा ढुवानीसाधन नयाँ खरिद गर्दा बैंक कर्जामा लोन टु-भ्यालु न्यूनतम ८० प्रतिशत हुने, राष्ट्रिय पुनर्निर्माण कोषमा योगदान गरेको रकमलाई करकटौतीमा गणना गर्ने, बिमा नभएका मौज्दातमा मूल्यांकनका आधारमा लागत खर्च कट्टी तथा करकट्टी गर्न सक्ने व्यवस्था पनि सरकारले गरेको छ। आन्दोलन प्रभावित ऋणी उद्योग-व्यवसायका लागि साँवा तथा ब्याज भुक्तानी अवधि थप गर्नुका साथै प्रभावित उद्योग तथा व्यवसायलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउनेलगायतका सुविधासमेत घोषणा गरेको छ। यस किसिमका निर्णायक कदमले सरकार निजी क्षेत्रसँग सहकार्य गर्दै देशको अर्थतन्त्रलाई पुनर्जीवित गर्न प्रतिबद्ध रहेको स्पष्ट सन्देश दिएको नाडाको भनाइ छ।

पोखरामा प्रहरीको पेट्रोलपम्प सञ्चालनमा

कास्की/ नेपाल प्रहरीले पोखरामा आफनो पेट्रोलपम्प सञ्चालनमा ल्याएको छ। नेपाल प्रहरीअन्तर्गतको प्रहरी कल्याण कोष नक्सालबाट निर्माण एवं सञ्चालित पेट्रोलपम्प सञ्चालनमा आएको गण्डकी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए।

प्रदेश प्रहरी कार्यालयको हाताभित्र निर्माण गरिएको पम्मबाट डिजल र पेट्रोलको बिक्री-वितरण सुरु भएको सापकोटाले जानकारी दिए। भ्याटसहित नौ करोड ९६ लाख ६५ हजार ७२९ रुपैयाँमा पम्प निर्माण सम्पन्न गरिएको हो। साबिकको गण्डकी अञ्चल प्रहरी कार्यालयको भवन भत्काएर पम्प निर्माण गरिएको हो। निमार्णका क्रममा विवाद घनाबस्तीसँगै विभिन्न सरकारी कार्यालयको बिचमा पम्प निर्माण गर्न लागेको भनी निर्माण सुरु गर्दादेखि नै विवाद सुरु भएको थियो। निर्माणको विवाद अदालतसम्म पुगेको थियो। सुरुमा उच्च अदालत पोखराले कार्यालयको बिचमा सँगै सुविधा र सन्तुलनको हिसाबले मुद्दाको अन्तिम टुंगो नलाग्दासम्म निर्माण कार्य यथास्थितिमा राख्न आदेश दिए पनि पछि भने निर्माणका लागि बाटो खोलिदिएको थियो।

सिलबन्दी दरभाउँपत्र आव्हानको सुचना

प्रकाशित मिति : २०८२/०६/०९ गते।

यस रिपूमर्दिनी सैनिक महाविद्यालय काठमाण्डौ बांसबारी क्यान्टिन संचालन गर्नको लागि नेपाल सरकारबाट ईजाजत प्राप्त फर्महरुले दरभाउँ पत्र पेश गर्न सम्बन्धित सबैमा यो सुचना प्रकाशन गरीन्छ।

सि.नं.	दरभाउँपत्र विवरण	दरभाउँपत्र दस्तुर	बैंक खाता नं
१.	खाजा, खाना, नास्ता आईटमहरु	१०००।००	धरौटी खाता नं १३४१०६६७७६५२४००२ रिपुमर्दिनी सैनिक महाबिधालय विद्यार्थी धरौंटी खाता एन.आई.सि.एसिया बैंक लि.

दरभाउँपत्र पेश गर्ने अन्तिम मिति २०८२/०६/२४ गते को १२०० बजे सम्म खोलुवा मिति सो दिनको १३०० यसै महाविधालयमा हुनेछ।
थप जानकारीको लागि यस विधालयको फोन नं ०१४३७४३३५ मा सम्पर्क गर्न सकिनेछ।

Request for Proposal

First Published Date: 25/09/2025

Nabil Bank Ltd. invites Request for Proposal (RFP) from highly qualified and experienced firms/companies for supply, implementation and maintenance of Environmental Social and Governance (ESG) and Sustainability Software for Carbon accounting and ESG scorecard implementation.

RFP documents with detailed Scope of works, Terms & Conditions can be received from the **Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal** upon submission of a written request letter in the official letter head of the interested firm/vendor.

The hard copy of RFP/Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 P.M** on **17th October 2025 (31st Ashwin 2082).** RFP documents received after this deadline will not be accepted.

The received proposal shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11:00 A.M.** on **19th October 2025 (2nd Kartik 2082).** Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the proposal.

In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for proposal opening date as well.

The Bank reserves the ultimate rights to accept/ reject any proposal and shall not be required to disclose any reason whatsoever and will not be compelled to accept the lowest proposal.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu Contact No: - 01-5971871

ऋण चुक्ता गर्ने सम्बन्धमा प्रकाशित ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०९

तपसिलमा उल्लेखित ऋणीले यस पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि.बाट व्यापार व्यवसाय गर्न भनी विभिन्न मितिमा ऋण लिनु भएकोमा संस्थासँग भएको सम्झौता बमोजिम नियमानुसार तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज तथा अन्य दै-दस्तुर नबुझाउनु भएकोले यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाको लेना रकम तिर्नु बुझाउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थामा सम्पर्क राखी आफूले लिएको ऋणको साँवा, ब्याज, तथा अन्य दै-दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा सहकारी ऐन तथा यस संस्थासँग भए गरेको लिखत अनुसार कारबाही गरि संस्थाको लेना असुल उपर गरिने व्यवहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगाना	मञ्जुरीनामा/जमानी दिनेको नाम र ठेगाना
ऋणी : रोशन सापकोटा बुवा : गुण नाथ सापकोटा बाजे : खडानन्द सापकोटा ना.प्र.नं. : ३०१०७३/१६९६५९ ठेगाना : का.म.पा–३२, पेप्सीकोला फोन नं. : ९८५१०६९९५९	जमानीकर्ता : मिना घिमिरे सापकोटा बुवा : गंगा प्रसाद घिमिरे बाजे : दुर्गा दत्त घिमिरे पति : रोशन सापकोटा ना.प्र.नं. : १५/३२९१४, ठेगाना : का.म.पा–३२, पेप्सीकोला जमानीकर्ता : सुवास सापकोटा बुवा : गुण नाथ सापकोटा बाजे : खडानन्द सापकोटा ना.प्र.नं. : ३०/०१/७६/०२३३ ठेगाना : का.म.पा–३२, पेप्सीकोला

पाँच तारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
काठमाडौं जिल्ला, का.म.पा.-३२, पुरानो सिनामंगल
फोन नं.: ०१-४९९०७०६, Email : 5starsahakari@gmail.com

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित
झापा इनर्जी लिमिटेड
JHAPA ENERGY LIMITED
रजिष्टर्ड कार्यालय : विर्तामोड नगरपालिका वडा नं. ४ झापा, नेपाल, फोन नं. : ०२३-५२०६४२
इमेल: solarpower@jhapaenergy.com.np वेबसाइट:www.jhapaenergy.com.np

सर्वसाधारणहरुमा निष्काशन गरिएको साधारण शेयरहरुको बाँडफाँड सम्बन्धी सूचना

यस झापा इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.३८,०१,९०,०००/- बराबरको रु.१००/- अंकित दरको ३८,०१,९०० कित्ता मध्ये १०% अर्थात् रु.३,८०,१९,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ३,८०,१९० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरिएको र जारी पूँजीको १५% अर्थात् रु.५,७०,२८,५००/- रकम बराबरको रु.१००/- अंकित दरको ५,७०,२८५ कित्ता साधारण शेयरको १०% अर्थात् ५७,०२९ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, ५% अर्थात् २८,५१४ कित्ता साधारण शेयर सामुहिक लगानी कोषहरु र २% अर्थात् ११,४०६ कित्ता साधारण शेयर निष्काशनकर्ता कम्पनीका कर्मचारीहरुका लागि बाँडफाँड गरे पश्चात् बाँकी रहेको ४,७३,३३६ कित्ता साधारण शेयरहरु मिति २०८२/०५/२० गतेदेखि मिति २०८२/०५/२४ गतेसम्म र देशमा सृजना भएको विषम परिस्थितीको कारणले थप गरिएको १ दिन अर्थात मिति २०८२/०५/३० गतेसम्म सर्वसाधारणमा खरिद बिक्री खुल्ला गरिएकोमा सो अवधि भित्र रितिपूर्वक आवेदन दिनु हुने आवेदकहरु मध्ये ४७,३३३ जना आवेदकहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम मिति २०८२/०६/०८ गते बुधबार उक्त साधारण शेयरहरु बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

बाँडफाँडमा परेका शेयरहरुको विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको website: www.himalayancapital.com, निष्काशन कम्पनीको website: www.jhapaenergy.com.np अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित website: iporesult.cdsc.com.np/meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

साथै, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु मार्फत आवेदन दिनुहुने आवेदकहरुको हकमा बाँडफाँडमा नपरेको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत रोक्का रहेको रकम फुकुवा गरिदिनु हुन सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई जानकारी गराईन्छ।

निष्काशन तथा बिक्री प्रबन्धकः
Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited
हिमालयन क्यापिटल लिमिटेड
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोन: ०१-५९७०६७५
इमेल: info@himalayancapital.com
वेवसाइट: www.himalayancapital.com

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०६/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०६/२३ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बेंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नामने पाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुने सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुने कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१. ऋणी: राजेश गर्तौला बाबुको नाम : राजु गर्तौला बाजेको नाम : रिसी राम गर्तौला ठेगानाः भिमढुंगा-०३, काठमाण्डौ हालको ठेगानाः नार्गजुन-०८, काठमाण्डौ ना.प्र.नं. : २७१०३९/१२१४२४ जारी गर्ने कार्यालय : जि.प्र.का., काठमाण्डौ जारी मिति : २०७०/०७/१० **कर्जा लिएको शाखाः कालिमाटी, काठमाण्डौ**	क) नाम: सरला थापा मगर बाबुको नामः जित बहादुर मगर पतिको नामः राजेश गर्तौला ससुराको नामः राजु गर्तौला ठेगानाः जीवनपुर-०२, धादिङ् हालको ठेगाना : नागर्जुन-०८, काठमाण्डौ ना.प्र.नं. : २६-०१-७२-११३९३ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ् जारी मिति : २०७२/१२/२२
सुरक्षणमा रहेको धितोको विवरणः यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी श्री राजेश गर्तौला कायम रहेको निम्नानुसारको सवारी साधन-१ थान। १) **सवारी दर्ता नं.: बा ५ ख ७२८५** कम्पनीको नामः VE CV LTD India मोडेलः PRO 1080XPCD8D सवारीको रङ्गः BLUE	सि.सि./हर्ष पावरः ३२९८ ईन्जिन नम्बरः E413CDJD207868 च्यासिस नम्बरः MC2C1CRC0JD403121 बनेको सालः २०१८ सवारीको प्रयोगः भाडा

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुने पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१" को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुने पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुने हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुने ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुने पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुने ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
बिहीबार ९ असोज ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

साफ यू-१७ च्याम्पियनसिपको सेमिफाइनल आज

नेपालले भारतको सामना गर्दै

रमेश सुवेदी / नयाँ पत्रिका

नेपालले साफ यू-१७ च्याम्पियनसिपको सेमिफाइनलमा बिहीबार बलियो प्रतिद्वन्द्वी भारतसँग प्रतिस्पर्धा गर्दै छ। श्रीलंकाको कोलम्बोमा आयोजना भइरहेको च्याम्पियनसिपमा नेपालको रणनीति भारतलाई स्तब्ध पार्दै पाँचौँपटक फाइनल स्थान बनाउने हुनेछ। भारत भने सातौँपटक उपाधि जित्ने लक्ष्यका साथ नेपालको सबै प्रयास विफल पार्ने तयारीमा देखिन्छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)को आयोजना भइरहेको प्रतियोगितामा भारत सर्वाधिक ६ पटकको विजेता हो।

यसअघि भारत र नेपालबिच चारपटक फाइनल भएको थियो। जसमा भारतले नेपाललाई सबैमा निराश बनाएको थियो। सन् २०११ बाट सुरु भएको प्रतियोगिता नौपटक आयोजना भइसक्दा नेपाल सर्वाधिक चारपटकको उपविजेता टोली हो। नेपाल २०१३, २०१७, २०१९ र २०२२ मा भएका सबै फाइनलमा भारतसँगै पराजित भएको थियो।

नेपालको तुलनामा भारत बलियो टोली हो। नेपालले प्रतियोगिताका लागि डेढ महिना प्रशिक्षण गरेको थियो। भारतले भने उमेर समूहमा राम्रो लगानी गर्दै खेलाडीलाई नियमित प्रशिक्षणमा राखेको छ। यद्यपि, नेपाली खेलाडी भारतविरुद्ध अप्रत्याशित नतिजा निकाल्ने दाउमा छन्। नेपालका मुख्य प्रशिक्षक सञ्जित सिंहले भारतसँगको सेमिफाइनल प्रतिस्पर्धाका लागि आफूहरू तयार रहेको बताए। यू-१६ टोलीबाट खेलिसकेका गोलरक्षकद्वय पेम्बा नुर्बु भोटे, विशेष बानियाँ, डिफेन्डर प्रशान्त मोक्तान र भुवन कामीसँगै मिडफिल्डर राम थामी र सुजन स्याङ्तान अनुभवी खेलाडी हुन्। यू-१६ लिगमा उत्कृष्ट प्रदर्शन गरेका समीर कुमारको लयले टोलीलाई हौसला बढेको छ।

> कीर्तिमानी ६ पटकको उपाधि विजेता भारतलाई रोक्दै पाँचौँपटक फाइनलमा पुग्ने नेपालको योजना

यता, भारतीय खेलाडी लगातार एकै सेट टोलीमा छ। उनीहरूको उमेर समूहमा कुनै पनि खेलाडी परिवर्तन छैनन्। नियमित एकैसाथ प्रशिक्षणमा रहँदा भारतका खेलाडीले एकआपसका कमीकमजोरी औँल्याउँदै प्रतिस्पर्धा गर्छन्। उनीहरू मैदानमा प्रशिक्षकको खेल योजनाअनुसार विपक्षीविरुद्ध खेल्छन्। यसकारण चालू प्रतियोगितामा भारतीय टोलीबिचको तालमेल राम्रो छ। भारतीय खेलाडी शारीरिक तथा प्राविधिक र रणनीतिक रूपमा पनि निकै सफल छ।

उपविजेताका रूपमा नेपाल सेमिफाइनलमा

समूह 'ए'मा नेपाल उपविजेता र भारत समूह 'बी'को विजेता हो। समूह 'ए'मा दुवै खेल जितेको बंगलादेश विजेता बन्यो। समूह 'बी'मा पाकिस्तान उपविजेता हो। समूह 'ए'को अन्तिम खेलमा बंगलादेशले श्रीलंकामाथि जित निकालेका कारण नेपालले अन्तिम चारको स्थान पक्का गरेको थियो। साफले आयोजना गरेको प्रतियोगितामा दक्षिण एसियाका सातै देश पहिलोपटक सहभागिता भएका हुन्।

यसअघि साफले आयोजना गर्ने उमेर समूहमा पाकिस्तान, माल्दिभ्स, श्रीलंका र भुटानले नियमित सहभागिता जनाएका थिएनन्। समूह 'ए'मा श्रीलंकालाई पहिलो खेलमा २-० ले हराएको नेपाल दोस्रो खेलमा बंगलादेशसँग ४-० ले पराजित भएको थियो। यो हारपछि नेपालको सेमिफाइनल सम्भावना संकटमा पऱ्यो। बंगलादेशले अन्तिम खेलमा जित निकालेपछि नेपालको भाग्य खुलेको हो। सोमबार आफ्नो निर्णायक खेलमा भारतले पाकिस्तानलाई ३-२ ले हराउँदै समूह 'बी'को विजेता बनेको हो। पाकिस्तानका स्ट्राइकर अब्दुल्लाहले सर्वाधिक ६ गोल गरेका छन्।

पाकिस्तानले पहिलो खेलमा भुटानलाई ४-० ले हराउँदा माल्दिभ्सविरुद्ध ५-२ को फराकिलो जित निकालेको थियो। भारतले आफ्नो पहिलो खेलमा माल्दिभ्समाथि ६-०, दोस्रो खेलमा भुटानलाई १-० ले पराजित गरेको हो।



नेपाली युवा टोलीको प्रदर्शन

मिति	फर्म्याट	नेपालको प्रदर्शन	च्याम्पियन
सन् २०११	यू-१६	तेस्रो स्थान	पाकिस्तान
सन् २०१३	यू-१६	उपविजेता	भारत
सन् २०१५	यू-१६	सेमिफाइनल	बंगलादेश
सन् २०१७	यू-१५	उपविजेता	भारत
सन् २०१८	यू-१५	चौथो स्थान	बंलादेश
सन् २०१९	यू-१५	उपविजेता	भारत
सन् २०२२	यू-१७	उपविजेता	भारत
सन् २०२३	यू-१६	समूह चरण	भारत
सन् २०२४	यू-१७	सेमिफाइनल	भारत

भारतविरुद्ध बल पोसेसन बलियो राख्छौं

● **सञ्जित सिंह**, प्रशिक्षक, नेपाल



भारतसँगको सेमिफाइनलमा दुई खेलाडी परिवर्तन हुने सम्भावना छ। टोलीमा केही खेलाडी चोटग्रस्त छन्। अवस्था हेरेर खेलाडी परिवर्तन हुनेछ। अवश्य पनि भारत बलियो प्रतिद्वन्द्वी हो, तर उनीहरूविरुद्ध उत्कृष्ट प्रदर्शन गर्छौं। भुटानले जसरी भारतसँगको प्रतिस्पर्धामा रणनीति अपनाएको थियो। हामी पनि त्यही योजनाअनुसार खेल्छौं। नेपालको पहिलो योजना भनेको धेरै बल पोसेसन बनाउने हो। त्यसपछि बिस्तारै भारतमाथि दबाब राखेर एट्याकिङ खेल्छौं। सुरुमा टिम सेट हुनुपर्छ। त्यसमा पनि ध्यान दिनुपर्छ। हामीले बंगलादेशसँगको कमजोरी औँल्याएका छौं। जुन भारतसँगको खेलमा हुँदैन। फुटबल हो, यसमा जसले गोल गर्छ, जित उसैको हुन्छ। यसकारण जितप्रति आशावादी छौं। सेमिफाइनलमा टिकेर खेल्ने हो।

हाम्रो रणनीति एट्याकिङ हुनेछ

● **प्रशान्त मोक्तान**, कप्तान, नेपाल



भारतसँगको सेमिफाइनल खेल टफ हुन्छ जस्तो लाग्छ। यद्यपि, हामीभन्दा भारत बलियो टोली हो। मानसिक रूपमा फाइनलमा जसरी पनि पुग्छौं भन्ने उद्देश्यका साथ प्रतिस्पर्धा गर्छौं। हाम्रा केही खेलाडी घाइते छन्। तर, सोचेजस्तो त्यति गम्भीर छैन। भारतसँगको खेलमा घाइते खेलाडी पनि मैदानमा उत्रन सक्छन्। उनीहरू भारतसँग खेल्न आतुर छन्। अहिले सुरुवात ११ खेलाडीमा त्यस्तो खासै समस्या छैन। मैदानमा शतप्रतिशत दिने हो। भारत भन्दैमा दबाब लिएर खेल्नुहुँदैन। सबै खेलाडी फिटजस्तै छन्। एट्याकिङ र आत्मविश्वासका साथ खेल्ने हो। प्रशिक्षकको योजनामा खेल्छौं।

भारत एसिया कपको फाइनलमा

एजेन्सी

भारतले एसिया कप टी-२० क्रिकेट प्रतियोगितामा बुधबार सुपर फोरमा बंगलादेशमाथि ४१ रनको जित निकालेको छ। जितसँगै भारतले सुपर फोरमा दुई खेलबाट ४ अंक जोडेर फाइनलमा स्थान पक्का गरेको छ। भारतले अब श्रीलंकासँग प्रतिस्पर्धा गर्नेछ। बंगलादेशमाथि भारतको जितले श्रीलंका प्रतियोगिताबाट बाहिरिएको छ। अब सुपर फोरमा बंगलादेश र पाकिस्तानबिचको विजेताले फाइनलमा स्थान बनाउनेछ। यसै विजेता टोलीविरुद्ध भारत उपाधिका लागि भिड्नेछ। दुबईको डिआइसिएस रंगशालामा पहिलो ब्याटिङ गरेको भारतले २० ओभरमा ६ विकेट गुमाएर १६८ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा बंगलादेश १९.३ ओभरमा १२७ रनमा समेटिँदा भारत ४१ रनले विजयी भएको हो। पाकिस्तान र बंगलादेशले समान दुई खेलबाट २ अंक हात पारेका छन्। श्रीलंका अंकविहीन छ।



यसअघि पहिलो ब्याटिङ गरेको भारतले उत्कृष्ट सुरुवात गरेको थियो। अभिषेक शर्मा र शुभमन गिलले पहिलो विकेटका लागि ६.२ ओभरमा ७७ रनको साझेदारी गरेका थिए। गिलले १९ बलमा दुई चौका र एक छक्का प्रहार गरी २९ रनको योगदान दिए। कप्तान सूर्यकुमार यादवले ५ रन मात्र बटुले। इनिङ्सको ११.१ ओभरमा अभिषेकले आफ्नो विकेट गुमाएपछि भारतको रनरेट कमजोर भयो।

रनआउटको सिकार हुनुअघि अभिषेकले ३७ बलमा ६ चौका र पाँच चौका प्रहार गरी सर्वाधिक ७५ रनको योगदान दिए। हार्दिक पान्ड्याले अक्षर पटेलसँग छैटौँ विकेटका लागि ३९ रनको साझेदारी गरे। उनीहरूले भारतलाई १२९-५ बाट १६८-६ को स्थितिमा राखे।

पान्ड्याले २९ बलमा चार चौका र एक छक्का प्रहार गर्दै ३८ रन बटुले। अक्षरले १५ बलमा १० रनको योगदान दिए। बंगलादेशको बलिङमा रिसद हुसेनले २७ रन खर्चेर दुई विकेट हात पारे। तान्जिम हसन, नसुम अहमेद तथा मोहमद सैफुद्दिनले समान एक विकेट हात पारे।

भारतको कसिलो बलिङ

बंगलादेशले लक्ष्य पछ्याएको इनिङ्समा भारतको बलियो बलिङ आक्रमण भेल्न सकेन।

भारतका लागि कुलदीप यादवले ४ ओभरमा १८ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। यसैगरी वरुणले २९ रन खर्चेर बंगलादेशका दुई विकेट हात पारे। बंगलादेशको फितलो ब्याटिङमा ओपनर हसनले मात्र भारतीय बलरको डटेर सामना गरेका थिए। उनले ५१ बलमा तीन चौका र पाँच छक्का प्रहार गरी सर्वाधिक ६९ रनको योगदान दिए। उनी इनिङ्सको १७.२ ओभरमा आउट भए।

खेल संक्षेप

अन्तर्राष्ट्रिय पदक विजेता सम्मानित

काठमाडौं/ दक्षिणकाली नगरपालिका- ८ छैमलेस्थित भत्तेचौर सितोरियो करौंते डोजोले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेका करौंते खेलाडीको सम्मान गरेको छ। विजयादशमीका अवसरमा आयोजित शुभकामना आदानप्रदानमा भत्तेचौर सितोरियोले खेलाडी सम्मानित गरेको हो। सम्मानित खेलाडीमा एरिका गुरुङ, सन्तोष श्रेष्ठ, सविना श्रेष्ठ, वर्षा बुढामगर, स्वनिम मानन्धर, सानुमाया थिङ र मनीष कार्की छन्। यसैगरी, सञ्जु देसार, निरूपमा दोङ तामाङ, अञ्जली महर्जन, एलोन श्रेष्ठ, मीनबहादुर तामाङ, मोहम्मद शेखु आलम, तेन्जिङ शेर्पा, प्रदीप बैजाली मगर, लिजन साउद र एलिशा रास्कोटी मगर पनि सम्मानित भए।

सुजन स्मृति कप फुटबल हुने

काठमाडौं/ सहिद स्मारक 'बी' डिभिजन लिग समाज कल्याण खेलकुद केन्द्रको आयोजनामा सुजन स्मृति सिक्स 'ए' साइड फुटबल प्रतियोगिता आयोजना हुने भएको छ। आयोजकले १६औँ संस्करणको प्रतियोगिता २७ असोजदेखि २ कात्तिकसम्म गरिने जानकारी दिएको छ। प्रतियोगिताको विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगितामा सहभागिताका लागि दर्ता शुल्क आठ हजार रुपैयाँ रहेको आयोजक कमिटीका कवीन्द्र मल्लले बताए। नयाँ बजार टाउन प्लानिङस्थित क्लबको मैदानमा हुने सिक्स 'ए' साइडका उत्कृष्ट खेलाडी, उच्च गोलकर्ता र अनुशासित टोलीलाई पनि पुरस्कारको व्यवस्था रहेको छ।

विश्व पारा एथलेटिक्समा प्रभा र हिमालले खेल्ने

काठमाडौं/ विश्व पारा एथलेटिक्स च्याम्पियनसिपमा नेपालबाट दुई खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। २५ सेप्टेम्बरदेखि ५ अक्टोबरसम्म भारतको नयाँदिल्लीमा हुने प्रतियोगितामा समान एक पुरुष र महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। पुरुषमा हिमाल अर्यालले एफ-५५ क्याटगोरीको सटपुटमा प्रतिस्पर्धा गर्नेछन्। महिलामा प्रभा आङदेम्बेले टी-४७ क्याटगोरीको लङजम्पमा खेल्नेछिन्। दुवै खेलाडी विपरटाइटबाट सोझै विश्व च्याम्पियनसिपका लागि छनोट भएका हुन्। प्रभाले सन् २०२५ मै नयाँदिल्लीमा भएको विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा एतिहासिक रजत पदक जितेकी थिइन्।

आइसिसीले गऱ्यो अमेरिकालाई निलम्बन

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बुधबार अमेरिकाको राष्ट्रिय क्रिकेट संघलाई निलम्बन गरेको छ। अमेरिकाले बारम्बार विधान र नियम उल्लंघन गरेका कारण निलम्बन गरिएको आइसिसीले जनाएको छ। निलम्बनमा परे पनि अमेरिकाले आगामी फेब्रुअरीमा भारत र श्रीलंकामा हुने आइसिसी टी-२० विश्वकप र लस एन्जलस २०२८ ओलम्पिक प्रतियोगितामा सहभागिता जनाउनेछ। आइसिसीले अमेरिकाको राष्ट्रिय क्रिकेट टोलीले दुवै महत्त्वपूर्ण प्रतियोगितामा सहभागिता जनाउन पाउने बताएको छ। आइसिसीले गत जुलाईमा आफ्नो वार्षिक साधारणसभामा अमेरिकाको क्रिकेट संघलाई निष्पक्ष चुनाव र प्रशासनिक सुधार गर्न भनेको थियो। तर, कुनै पनि काम नगरेपछि संघ निलम्बनमा परेको आइसिसीको भनाइ छ। आइसिसीले अमेरिकी राष्ट्रिय क्रिकेट टोलीको सबै व्यवस्थापन र प्रशासन आफ्नो हातमा लिएको छ। 'बैठकमा आइसिसी बोर्डले गरेको निर्णयमा अमेरिकाले आइसिसीको विधानअन्तर्गत आइसिसी सदस्यका रूपमा आफ्नो दायित्वहरूको बारम्बार र निरन्तर उल्लंघन गरेको आधारमा लिएको हो,' आइसिसीले जनाएको छ।

आइसिसीले अमेरिकाको क्रिकेट संघले विश्व क्रिकेटकै प्रतिष्ठामाथि आँच आउने काम गरेको दाबी गरेको छ। 'पछिल्लो समयमा अमेरिकाको क्रिकेट संघ प्रशासनिक संरचना लागू गर्न असफल भयो। महत्त्वपूर्ण प्रतियोगिता ओलम्पिक र पारा ओलम्पिकमा समेत संघले खासै काम गरेको देखिँदैन। जसकारण विश्वकै क्रिकेटको प्रतिष्ठामा क्षति पुऱ्याउने महत्त्वपूर्ण कार्य गरिएको छ,' आइसिसीको विज्ञप्तिमा भनिएको छ।

अमेरिकाले आफ्नो निलम्बन हटाउन आइसिसी व्यवस्थापनसँगको समन्वयनमा प्रक्रियाको पालना गर्नुपर्नेछ। जसमा क्रिकेटको प्रशासनिक संरचना, कार्यप्रणाली र क्रिकेट इकोसिस्टममा समग्र स्थितिमा प्रदर्शनयोग्य र विशिष्ट परिवर्तन समावेश छन्।

ला लिगामा रियलको लगातार छैटौँ जित



एजेन्सी

केलियन एम्बाप्पेले गरेको दुई गोलको सहयोगमा मंगलबार राति रियल म्याड्रिडले स्पेनिस लिगमा लेभान्टेमाथि ४-१ को सानदार जित निकालेको छ। ला लिगामा म्याड्रिडको यो लगातार छैटौँ जित हो। म्याड्रिडले अहिलेसम्म शतप्रतिशत जित निकालेको छ। म्याड्रिड १८ अंकका साथ शीर्ष स्थानमा रहेको छ। साबिक विजेता बार्सिलोनाविरुद्ध म्याड्रिडले ५ अंकको अग्रता लिएको छ। बार्सिलोनाले एक खेल कम खेलेको छ।

म्याड्रिडको जितमा एम्बाप्पेले दोस्रो हाफमा दुई मिनेटको अन्तरमा दुई गोल गरेका हुन्। खेलको २८औँ मिनेटमा भिनियस जुनियरले म्याड्रिडलाई १-० को अग्रता दिलाएका थिए। खेलको ३८औँ मिनेटमा फ्रान्को मास्टानले २-० का लागि गोल गरे। खेलको ५४औँ मिनेटमा इयोडले लाभान्टेलाई २-१ को गोलअन्तरमा झारे। त्यसपछि एम्बाप्पेले दुई मिनेटभित्र दुई गोल गर्दा म्याड्रिड ४-१ ले अघि रह्यो। उनले चालू सिजनमा सात गोल गरेका छन्।

खेलको ६४औँ मिनेटमा उनले पहिलो गोल गरे। त्यसपछि खेलको ६६औँ मिनेटमा उनले व्यक्तिगत दोस्रो गोल गर्दा म्याड्रिड ४-१ ले विजयी भयो। म्याड्रिडका प्रशिक्षक जाबी अलोन्सो ला लिगामा सुरुवाती ६ खेल जित्ने दोस्रो प्रशिक्षक बनेका छन्। यसअघि भान्डेरेलइ लक्जेम्बर्गोले सन् २००५ मा लगातार सात खेलमा जित दिलाएका थिए। अब शनिबार म्याड्रिडले एट्लेटिकोसँग खेल्नेछ। अलोन्सोलाई त्यो कीर्तिमान बराबरी गर्ने अवसर हुनेछ।

'हामीले सम्पूर्ण खेल खेलेका छौं,' म्याड्रिडका प्रशिक्षक अलोन्सोले भने, 'यो जितलाई निरन्तरता दिनुपर्छ। यो मात्र सुरुवात हो। हामी अझै राम्रोसँग प्रतिस्पर्धा गर्न चाहन्छौं।' लेभान्टे यसै सिजन शीर्ष डिभिजनमा उक्लेको क्लब हो। लेभान्टेले सुरुका चार खेलमा जित निकाल्न सकेको थिएन। अघिल्लो चरणमा उसले गिरोनामाथि ४-० को जित दर्ता गरेको थियो।

स्पेनिस ला लिगामा मंगलबार राति भएको अर्को खेलमा भिल्लारियलले सेभिल्लालाई २-१ ले हरायो। इस्पानुयल र भ्यालेन्सियाबिच २-२ को बराबरी भयो।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com